# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १५ अंक २२२ मंगलबार, १३ असोज २०८३ | SOURYA NATIONAL DAILY | Tuesday, 29 September 2026 | पृष्ठ : ८ मूल्य रु. ५


### नारायणी नदीमा सिग्नेचर पुलको प्रतीक्षा

# तर, शिलान्यासको २ वर्षमा पनि भौतिक प्रगति शून्य



■ दीपेन्द्र सापकोटा

काठमाडौँ । चितवनको नारायणघाटस्थित नारायणी नदीमाथि बनेको ४२० मिटर लामो पुल ८ असोजदेखि सुरु भएको ४ दिने वर्षाका क्रममा चर्चाको केन्द्रमा रह्यो । पूर्वपश्चिम राजमार्गमा निर्मित यो पुल सिंगो नेपालको लाइफलाइन पनि हो । नारायणी पूर्व र पश्चिमको नेपाल जोड्ने एकमात्र भरपर्दो संरचना हो ।

तर, ४५ वर्ष पुरानो यो पुलको अहिलेसम्म विकल्प तयार हुन सकेको छैन । बारम्बार विपद्को सामना गरिरहेको नेपालमा कदाचित यो पुललाई केही भयो भने मुलुक २ भागमा बाँडिने चिन्ताले ४ दिने वर्षाका क्रममा सिंगो देशलाई सताइरह्यो । नारायणी नदी सितिमिति तर्न सकिने वा तत्काल अन्य विकल्पले दुई किनारा जोड्न सकिने नदी पनि होइन । उसो त यही पुल रहेनजिक नारायणी नदीमा यो बुढो पुलको विकल्पका रूपमा 'सिग्नेचर ब्रिज' बनाउने योजना पनि छ । तर, त्यो योजना कागजमै सीमित छ ।

वर्षा कम भएसँगै नारायणगढ र गैँडाकोट जोड्ने नारायणी पुल सामान्य अवस्थामा फर्किएको छ । पुलमा सवारीसाधन सुचारु भएको जिल्ला प्रहरी कार्यालय चितवनका सूचना अधिकारी प्रहरी उपरीक्षक (डिएसपी) यदुभूषण यादवले जानकारी दिए । नारायणीको जलसतह आइतबार इतिहासकै उच्च विन्दु ११.९४ मिटर पुगेको थियो । यो समाचार तयार पार्दासम्म घटेर ७.४५६ मिटरमा झरेको छ । 'पानी घट्दै गएको छ । नारायणी पुल सामान्य अवस्थामा फर्किएको छ । पुलमा निर्धक्कसँग सवारीसाधन सुचारु भएका छन्,' उनले भने ।

यसैबीच, बाढी पूर्वानुमान महाशाखाले देशभरका प्रमुख नदीहरूको जलसतह सामान्य अवस्थामा फर्किंदै गरेको जनाएको छ । देवघाटस्थित नारायणी नदीको मापन केन्द्रमा सतर्कता अपनाउनुपर्ने पहेँलो संकेत भने सोमबारसम्म राखिएको छ । १ दिनका लागि पानीको बहावमा सामान्य घटबढ हुनुले पूरै खतरा टरेको मान्न नसकिने महाशाखाको भनाइ छ । आजदेखि भने त्यहाँको अवस्था पूर्ण रूपमा सामान्य हुने पूर्वानुमान छ ।

शुक्रबारदेखि लगातार आएको बाढीले नारायणी नदी पश्चिम चितवनका विभिन्न ३ स्थानबाट बस्ती पसेको थियो । नारायणी नदीमा पानीको बहाव बढेसँगै भरतपुर महानगरपालिका-१७ मझुवामा तटबन्ध भत्काएर बाढी बस्तीमा पसेको थियो । सोमबारसम्म आइपुग्दा यी ठाउँहरूको अवस्था सामान्य बन्दै आएको छ ।

### विपद्मा सिग्नेचर पुलको खोजी

नारायणगढ-गैँडाकोट जोड्ने पुरानो पुलको अवस्था दिनानुदिन जीर्ण बन्दै गएपछि विपद्मा सिग्नेचर पुलको खोजी हुन थालेको छ । सोही क्षेत्रको करिब ५०-१०० मिटर आसपास बनिरहेको सिग्नेचर पुलले भने गति लिन सकेको छैन । पुलको डिजाइनसम्बन्धी काम बाँकी नै रहेको अवस्थामा तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले साढे २ वर्षअघि (वैशाख २०८१) मा मन्त्रीसमेत ल्याएर पुलको शिलान्यास गरेका थिए । तर, हालसम्म पनि पुलको भौतिक प्रगति १ प्रतिशत पनि पुग्न नसकेको बताइएको छ ।

सडक विभागका उपमहानिर्देशक तथा प्रवक्ता इन्जिनियर शुभराज न्यौपानेले नयाँ पुलको काम भइरहे पनि साह्रै ढिलो भइरहेको बताए । 'पुल निर्माणको काम त भइरहेको छ, तर साह्रै स्लो भइरहेछ,' उनले भने । २०८० जेठमा तुँदी कन्स्ट्रक्सनसँग करिब १ अर्ब ६८ करोडमा पुलको ठेक्का सम्झौता भएको थियो । सम्झौताअनुसार ४८ महिना (४ वर्ष) मा काम सक्नुपर्ने भए पनि डिजाइन स्वीकृत हुन करिब १६ महिना ढिला भएकाले निर्माण प्रभावित भएको सडक विभाग स्पष्टोक्ति छ ।

सडक विभागका भरतपुर डिभिजन प्रमुख इन्जिनियर नारायणप्रसाद लामिछानेले डिजाइन स्वीकृतिमा ढिलाइ हुँदा निर्धारित समयभन्दा १ वर्षपछि मात्र पुल निर्माण सम्पन्न हुने अवस्था आएको बताए । 'डिजाइन अप्रुभ नहुँदा १ वर्ष ढिला हुने निश्चित छ । फाउन्डेसनको काम भइरहेको छ । अबको २ वर्ष अर्थात् २०८५ मा मात्रै निर्माण सम्पन्न हुन्छ,' उनले भने । ▸▸▸ **बाँकी पृष्ठ २**

# चोलेन्द्रशम्शेर पक्राउ प्रकरणमा नयाँ मोड

### ■ जबराका छोराद्वारा सुरक्षा माग्दै प्रहरीमा निवेदन, संसद्मा चर्चा, सर्वोच्चको गम्भीर ध्यानाकर्षण

■ सौर्य समाचार

काठमाडौँ । आइतबार पूर्वप्रधानन्यायाधीश चोलेन्द्रशम्शेर जबरालाई मध्यरातमा निवासबाट नियन्त्रणमा लिएर करिब १२ घन्टापछि रिहा गरिएको घटनाले सोमबार नयाँ मोड लिएको छ । रिहाइपछि जबराले आफू र परिवारको सुरक्षाका लागि प्रहरीसँग थप सुरक्षा मागेका छन् भने घटनाबारे संसद् र राष्ट्रिय मानवअधिकार आयोगमा प्रश्न उठेको छ ।

जबराको सुरक्षा माग गर्दै सोमबार प्रहरीमा निवेदन दर्ता गरिएको छ । काठमाडौँ उपत्यका प्रहरी कार्यालयीमा जबराका छोरा सचिन्द्रले निवेदन दर्ता गराएका हुन् । निवेदनमा आफ्नो पूर्वसंवैधानिक भूमिकासँग सम्बन्धित विषयका कारण आफू र परिवार असुरक्षित महसुस गरिरहेको उल्लेख गरिएको छ । प्रहरीका अनुसार जबराको निवासमा अहिले सुरक्षा निगरानीको व्यवस्था गरिएको छ ।

जबरालाई आइतबार बिहान करिब २ बजे महाराजगन्जस्थित निवासबाट काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय टेकु लगिएको थियो । प्रहरीले सुरुमा उनलाई नियन्त्रणमा लिएको पुष्टि गरे पनि पछि कुनै आपराधिक मुद्दामा पक्राउ नगरिएको र सुरक्षा खतराका कारण सुरक्षित स्थानमा लगिएको स्पष्टीकरण दिएको थियो । करिब १२ घन्टापछि उनलाई परिवारको जिम्मा लगाइएको थियो ।

प्रहरीले अहिलेसम्म सुरक्षा खतरा के थियो, त्यसको स्रोत को थियो र जबरालाई निवासमै सुरक्षा थप गर्नुको सट्टा अपराध अनुसन्धान कार्यालयमा किन लगियो भन्ने प्रश्नको स्पष्ट सार्वजनिक जबाफ दिएको छैन ।

आइतबार प्रहरीले जबरालाई सुरक्षाका लागि नियन्त्रणमा लिइएको भन्दै बयान दिएको थियो । रिहा गरेपछि पनि सुरक्षाकै लागि रिहा गरिएको प्रहरी भनाइले सबैलाई आश्चर्यमा पारेको थियो ।

सोमबार प्रतिनिधिसभामा सांसदहरूले



पक्राउ पुर्जीबिना र स्पष्ट अभियोग पनि नभई पूर्वप्रधानन्यायाधीशलाई राति नियन्त्रणमा लिने निर्णयको कानुनी आधारबारे प्रश्न गरेका छन् । केही सांसदले सुरक्षा खतरा वास्तविक थियो भने निवासमै सुरक्षा व्यवस्था बलियो बनाउनुपर्ने तर्क गरेका छन् ।

यस विषयमा राष्ट्रिय मानवअधिकार आयोगले काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयका प्रमुख एसएसपी सन्तोष खड्कालाई स्पष्टीकरणका लागि बोलाएको छ । आयोगले आफ्नो संवैधानिक तथा कानुनी अधिकारअनुसार हिरासतको अनुगमन गर्न खोज्दा किन रोकियो भन्ने प्रश्न पनि उठाएको छ । जबराले रिहाइपछि स्वयं थप सुरक्षा माग्नुले घटनालाई झन् पेचिलो बनाएको छ ।

यसैबीच, पूर्वप्रधानन्यायाधीश जबरा पक्राउको विषयमा सर्वोच्च अदालतको पूर्ण बैठकले गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । सर्वोच्चका प्रवक्ता तथा सहरजिस्ट्रार अर्जुनप्रसाद कोइरालाद्वारा जारी प्रेस विज्ञप्तिमा मध्यरातमा पूर्वप्रधानन्यायाधीश जबरालाई प्रहरी अधिकारीहरूले मध्यरातमा घरमा सुतिरहेको अवस्थामा उठाई अपराध अनुसन्धान कार्यालय लगेर करिब १० घन्टा राखी पुनः परिवारको जिम्मा लगाइएको उल्लेख छ । ▸▸▸ **बाँकी पृष्ठ २**

# बाढीपहिरोले शिक्षा क्षेत्र अस्तव्यस्त

### भोटेकोसी बाढीले मात्रै १८ विद्यालयमा क्षति, ३७७ विद्यार्थी र ३३ शिक्षक अझै बेपत्ता

■ कृष्ण उप्रेती



● बाढीले क्षतिग्रस्त विदुर-७ स्थित चण्डेश्वरी मावि ।

काठमाडौँ । १० भदौको भोटेकोसी बाढी र ८ असोजयताको वर्षापछिको बाढी र पहिरोका कारण देशको शिक्षा क्षेत्रलाई निकै प्रभावित बनाएको छ । भोटेकोसी-त्रिशूली बाढीमा परी अहिलेसम्म करिब ४०० भन्दा बढी विद्यार्थी र शिक्षक बेपत्ता छन् भने अर्बौंको क्षति पुऱ्याएको प्रम्भिक विवरण सार्वजनिक भइसकेको छ ।

८ असोजपछिको भारी वर्षाका कारण भने हालसम्म मानवीय क्षतिको कुनै विवरण नआए पनि नदी किनारमा रहेका धेरैजसो विद्यालय बाढी र पहिरोको चपेटामा परेको शिक्षा तथा खेलकुद मन्त्रालयले जनाएको छ । मनाङको चामे, नवलपरासी, चितवन र हुम्लाका केही विद्यालयमा बाढी पसेको विवरण मन्त्रालयमा प्राप्त भए पनि ठुलै भौतिक क्षति पुगेको विवरण नआएको मन्त्रालयका सूचना अधिकारी वीरबहादुर धामीले बताए ।

८ गतेपछिको बाढीले विद्यालयमा मानवीय क्षति भएको विवरण आएको छैन । तर, केही विद्यालयमा लेदो पसेको र केहीमा पहिरोले संरचनामा असर पुऱ्याएको भन्ने छ,' धामीले भने, 'तर, सबै विद्यालय १-२ साताभित्रै रिभाइभ हुन्छन् भन्ने रिपोर्ट छ ।'

### रसुवा, नुवाकोट र धादिङ सबैभन्दा बढी प्रभावित

रसुवा-भोटेकोसी क्षेत्रमा आएको बाढीले भने शिक्षा क्षेत्रतर्फ मानवीयसँगै भैतिक तथा पूर्वाधारमा ठुलो क्षति पुऱ्याएको छ । राष्ट्रिय योजना आयोग र राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले तयार पारेको द्रुत क्षति तथा आवश्यकता आकलन (आरडिएनए) प्रतिवेदनअनुसार रसुवा, नुवाकोट र धादिङका ६ स्थानीय तहमा १८ विद्यालय प्रभावित भएका छन् ।

प्रतिवेदनअनुसार विद्यालयका ५६ भवनअन्तर्गत ३०८ कक्षाकोठा प्रभावित भएका छन् । तीमध्ये १५६ कोठा पूर्ण र १५२ कोठा आंशिक रूपमा क्षतिग्रस्त छन् । विद्यालय संरचना र शैक्षिक सम्पत्तिसहित शिक्षा क्षेत्रमा कुल ९३ करोड ७३ लाख रुपैयाँ बराबरको क्षति भएको आकलन गरिएको छ ।

कुल क्षतिमध्ये ६८ करोड ८० लाख भवन जस्ता संरचनाको हो भने बाँकी २४ करोड ९३ लाख रुपैयाँ शैक्षिक सामग्रीको क्षति रहेको प्रतिवेदनमा उल्लेख छ । प्रतिवेदनअनुसार प्रभावित १८ विद्यालयमध्ये ११ पूर्ण र ७ आंशिक रूपमा क्षतिग्रस्त छन् । ती विद्यालयका ५६ भवन र ३०८ कोठा बिग्रिएका छन् । कोठामध्ये १५६ वटा पूर्ण र १५२ वटा आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । अर्थात्, कुल कोठामध्ये आधाभन्दा बढी (५०.६ प्रतिशत) पूर्ण रूपमा बिग्रिएका हुन् ।

प्रतिवेदनले शिक्षा क्षेत्रको पुनर्स्थापनामा कुल २ अर्ब ३४ करोड ३२ लाख (१.५४७ करोड युएस डलर) चाहिने अनुमान गरेको छ । जुन क्षतिको करिब अढाई गुणा हो । यसमध्ये ६ महिनाभित्रको प्रारम्भिक पुनर्स्थापनामा १० करोड ५० लाख र दीर्घकालीन काममा २ अर्ब २३ करोड ८२ लाख रुपैयाँ आवश्यक पर्ने भनिएको छ । प्रारम्भिक पुनर्स्थापनाको योजनामा द्रुत मूल्यांकन र अस्थायी सिकाइ केन्द्रका लागि ५ करोड, सिकाइ सामग्रीका लागि ५ करोड र विद्यार्थीको मनोसामाजिक परामर्शका लागि ५० लाख छुट्याइएको छ ।

### ३ जिल्लाका ३७७ विद्यार्थी र ३३ शिक्षक अझै बेपत्ता

बाढीका कारण धादिङका २ वटा विद्यालय नामोनिसानसमेत नरहने गरी बगेका छन् भने गोसाइँगुण्ड यात्रामा हिँडेका ५ जना शिक्षक अझैसम्म बेपत्ता छन् । शिक्षा विकास तथा समन्वय एकाइ, धादिङका प्रवक्ता विजय तामाङका अनुसार यस जिल्लामा कुनै पनि विद्यार्थी बेपत्ता भएको विवरण हालसम्म आएको छैन । तर, सोमबारसम्मको लगत संकलनका आधारमा ३६ जना विद्यार्थीले भने बाढीमा आफ्ना अभिभावक गुमाएको तामाङले बताए ।

रसुवातर्फ भने शिक्षातर्फ भौतिक र मानवीय दुवै क्षति निकै धेरै देखिन्छ । सुरुआती चरणमा यस जिल्लाबाट मात्रै २८० विद्यार्थी बाढीपछि बेपत्ता भएको विवरण सार्वजनिक भए पनि बेपत्ताको खोजतलासपछि हाल जिल्लाबाट १५० विद्यार्थी बेपत्ता रहेको शिक्षा विकास तथा समन्वय एकाइ, रसुवाका प्रवक्ता जीवन दाहालले बताए । त्यस्तै, निजी विद्यालयतर्फका २ र समामुदायिक तर्फका १५ गरी १७ शिक्षक पनि बेपत्ता छन् ।

यहाँको कहालीलाग्दो कुरा भनेको करिब ३०० विद्यार्थीले आफ्ना अभिभावक गुमाएका छन् । त्यसमा पनि १५६ जनाले त आफ्ना बुबाआमा दुवै गुमाएका छन् भने १४४ विद्यार्थीले एकल अभिभावक गुमाएका छन् । जसमा कतिपयका बुबा छैनन् भने कतिपयका आमा छैनन् ।

नुवाकोट जिल्लामा भने सबैभन्दा बढी क्षति भएको देखिन्छ । यहाँका २ निजी र एउटा प्राविधिकसहित ११ वटा विद्यालयमा क्षति पुगेको छ । जसमा विदुर नगरपालिकाको त्रिभुवन त्रिशूली मावि, रामचन्द्र आधाभूत विद्यालय, चेतना आधारभूत विद्यालय, त्रिशूली सामुदायिक बोर्डिङ स्कुल, उत्तरगया बोर्डिङ स्कुल, पोस्टबहादुर बोगटी प्राविधिक शिक्षालय र तारकेश्वर नगरपालिकाको गणेशमान सिंह स्मृति आधारभूत विद्यालय पूर्ण रूपमा क्षतिग्रस्त भएका छन् ।

### वर्षा र बाढीको कहर विद्युत् उत्पादनमा

# गत वर्षभन्दा २५० मेगावाट बढी बिजुली आयात गर्नुपर्ने

■ केशव भट्ट

काठमाडौँ । यस वर्ष वर्षा र बाढीका कारण नेपालले गत वर्षको भन्दा झन्डै २५० मेगावाट बढी विद्युत् आयात गर्नुपर्ने भएको छ । नेपाल विद्युत् प्राधिकरणले गत वर्ष सुक्खायाममा अधिकतम् ९५० मेगावाट विद्युत् भारतबाट आयात गरेको थियो भने यस वर्ष त्यो परिमाण १ हजार १५४ मेगावाट पुग्ने प्रक्षेपण गरिएको छ ।

नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता राजन ढकालका अनुसार यस वर्षको प्रक्षेपण मनसुन सिजनमा भएको क्षतिका कारण बढाइएको हो । यस वर्ष नेपालको ऊर्जा क्षेत्रले ठुलो क्षति बेहोरेको छ । १० भदौमा रसुवाको भोटेकोसी नदीमा आएको हिमबाढी र ८ असोजपछि लगातार ४ दिनको वर्षाले १ हजार २९२ मेगावाट विद्युत् उत्पादन



प्रभावित भएको छ ।

नेपाल विद्युत् प्राधिकरणका अनुसार विभिन्न नदी करिडोरमा रहेका विद्युत्गृह र प्रसारण लाइनमा बाढीले पुऱ्याएको क्षतिका कारण राष्ट्रिय प्रसारण प्रणालीमा विद्युत् आपूर्ति प्रभावित हुन पुगेको हो । सबैभन्दा धेरै त्रिशूली करिडोरमा ४३०.८ मेगावाट विद्युत् प्रभावित भएको छ । भोटेकोसी र त्रिशूली नदीमा आएको हिमबाढीबाट नेपाल विद्युत् प्राधिकरण र प्राधिकरणका सहायक कम्पनीतर्फ प्रारम्भिक रूपमा करिब ७४ अर्ब रुपैयाँ बराबरको क्षति भएको अनुमान प्राधिकरणको छ ।

पछिल्लो समय भएको ४ दिने वर्षाका कारण कालीगण्डकी करिडोर र मर्स्याङ्दी बेसिन आयोजनामा क्षति पुगेको छ । बाढीपहिरोका कारण म्याग्दी, बागलुङ, तनहुँको झापुटार सबस्टेसन, मनाङ, मुस्ताङ, रुकुमपूर्व, प्युठान र रोल्पामा विद्युत् सेवा प्रभावित भएको थियो । म्याग्दी, बागलुङ, तनहुँको झापुटार र रुकुमपूर्वमा सेवा पुनः सञ्चालन भइसकेको छ । ▸▸▸ **बाँकी पृष्ठ ६**

# विस्थापितमध्ये अधिकांश घर फर्के

### ■ ४ दिने वर्षाका कारण २७ जनाको मृत्यु, २ हजारको उद्धार, ३५३ घरमा क्षति

■ चमिना भट्टराई

काठमाडौँ । पछिल्लो वर्षाका कारण देशभरका धेरै स्थानमा जनजीवन प्रभावित बन्यो । बंगालको खाडीमा बनेको न्यूनचापीय प्रणालीका कारण बिहीबारदेखि नेपालका धेरैजसो भूभागमा वर्षा भयो । वर्षाका कारण विस्थापित हुनेको संख्या उल्लेख छ ।

पूर्वी नेपालबाट प्रवेश गरेको मनसुनका कारण भएको वर्षाले देशको धेरै भागमा असर पुऱ्यायो । सोमबार साँझसम्म पनि कैयौँ मानिस हराएको र हजारौँ विस्थापित भएको अवस्था छ । बाढी प्रभावित जिल्ला र स्थानीय तहमा क्षतिको विवरण संकलन कार्य भइरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

वर्षाका कारण पहाडदेखि तराईका जिल्लासमेत प्रभावित भएका छन् । अहिले पनि धेरै ठाउँमा मानिस हराएको अवस्था छ भने उद्धार पनि जारी छ । अहिले पनि दर्जनौँ मानिस बेपत्ता रहेकाले मृतकको संख्या बढ्न सक्ने देखिन्छ । विस्थापितको संख्या समेत अहिले भनिएभन्दा फरक हुन सक्ने प्राधिकरणको अनुमान छ ।

प्राधिकरणका प्रवक्ता शान्ति महतका अनुसार वर्षाका कारण देशभरको क्षति र विस्थापितको विवरण संकलन हुँदै छ । 'असोज ८ गतेदेखि भएको वर्षाका कारण देशभर करिब २ हजार जनाको उद्धार गरिएको छ,' उनले भनिन्, 'देशका विभिन्न जिल्लामा मृत्यु हुनेको संख्या सोमबार साँझसम्म २७ जना छन् ।' विस्थापित भएर सेल्टरमा बसेकामध्ये धेरै आफ्नो घर गइसकेको उनले बताइन् । विभिन्न समयमा



विभिन्न सेल्टरमा बस्नेको संख्या २ हजार रहेको उनले जानकारी दिइन् ।

उनका अनुसार सोमबार दिउँसो मनाङमा केहीको उद्धार गरिएको छ । यद्यपि, सोमबार घाम लागेर मौसम सुधार भएपछि उद्धार गरिएका र विस्थापित आफ्नो घर गएको उनले बताइन् । 'पछिल्लो वर्षाका कारण देशभर प्रभावित परिवारको संख्या ९६६ छ,' उनले भनिन्, '२२३ पूर्ण र १३० घरमा आंशिक क्षति पुगेको छ ।' उनका अनुसार विभिन्न ठाउँमा २७ वटा गोठमा क्षति भएको छ । यस्तै ११४ वटा पशुचौपायाको क्षति भएको उनले बताइन् । ▸▸▸ **बाँकी पृष्ठ २**

## तर शिलान्यासको...

आर्थिक वा अन्य समस्या नभएकाले पुल निर्माण अब निर्धारित समयमा पूरा हुने डिभिजन प्रमुख लामिछानेले व्यक्त गरे ।

सिग्नेचर पुलमा जम्मा ४ वटा पिलर रहनेछन् । पुलको तलबाट ठुला डुंगा आवतजावत गर्न मिल्ने गरी डिजाइन गरिएको लामिछानेले जानकारी दिए । ४२० मिटर लामो पुल आकर्षक र आधुनिक बन्ने सडक विभागको दाबी छ ।

### ३८ सालमै बनेको हो अहिलेको पुल

महेन्द्र राजमार्ग (पूर्व-पश्चिम राजमार्ग) मा पर्ने नारायणी नदीको पुरानो पुल लामो इतिहास बोकेको पुल हो । हाल चालु अवस्थामा रहेको यो पुल २०३८ सालमा निर्माण भएको हो । नारायणीमा पुल बन्नुअघि फेरी वा डुंगाको सहायताले नदी पार गराउने अवस्था थियो । यो पुल बनेसँगै जनजीवन सहज बनेको थियो । यो पुल बनेसँगै पूर्व र पश्चिम नेपालबीच यातायतामा सहजता आयो ।

अहिले यो मार्ग हुँदै दैनिक ठुलो संख्यामा यात्रु तथा मालवाहक सवारीसाधन ओहोरदोहोर गर्छन् । नारायणगढदेखि बुटवलसम्म ४ लेनको सडक विस्तार भएपछि यो पुल साँघुरो बन्दै गएको छ । खासमा यो पुलको आयु ७० वर्ष तोकिएको थियो । तर, दैनिकजसो ठुलो संख्यामा यात्रु तथा मालवाहक सवारीसाधन ओहोरदोहोर गर्दा यो पुल जीर्ण हुँदै गएको सडक विभागकै भनाइ छ ।

## चोलेन्द्रशम्शेर पक्राउ...

विज्ञप्तिमा नेपालको संविधानले स्वतन्त्र, निष्पक्ष र सक्षम न्यायपालिकालाई लोकतान्त्रिक शासन प्रणालीको आधारभूत मूल्यका रूपमा आत्मसात् गरेको स्मरण गराउँदै पूर्वप्रधानन्यायाधीश, पूर्वन्यायाधीश तथा बहालवाला न्यायाधीश र न्यायिक जनशक्तिप्रति राज्यका निकायले गर्ने व्यवहार संवेदनशील र गम्भीर विषय भएको उल्लेख छ ।

सर्वोच्चले प्रत्येक नेपाली नागरिकको व्यक्तिगत स्वतन्त्रता र सम्मानपूर्वक बाँच्न पाउने मौलिक हकको संरक्षणका लागि प्रचलित कानुनले निर्धारण गरेको उचित प्रक्रिया अपनाएर मात्र नियन्त्रणमा लिन सकिने जनाएको छ। कानुनी प्रक्रिया पूरा नगरी गरिने कारबाहीमा स्वेच्छाचारिताको प्रवृत्ति देखिन सक्ने भन्दै त्यस्तो कार्यलाई लोकतान्त्रिक शासन प्रणालीले स्वीकार गर्न नसक्ने विज्ञप्तिमा उल्लेख छ ।

त्यस्तै, सर्वोच्च अदालतले पूर्वपदाधिकारीसँग जोडेर न्याय सम्पादनका क्रममा भएका वा हुने कुनै पनि कामकारबाहीलाई चिढ्याउने वा सम्प्रेषण नगर्न सम्बन्धित सबै सरोकारवालालाई अनुरोध गरेको छ । न्यायपालिकाबाट सम्पादन हुने न्यायसम्पादनलगायत हरेक कामकारबाहीमा बाह्य वा आन्तरिक कुनै पनि प्रकारको प्रभावलाई किञ्चित् स्थान नदिइने भन्दै आमनागरिकसमक्ष विश्वास दिलाउन पूर्ण बैठकबाट निर्णय भएको पनि विज्ञप्तिमा उल्लेख छ ।

## विस्थापितमध्ये अधिकांश...

'यो समयमा घरगोठ गरेर भएको क्षतिको अनुमानित मूल्य ५१ लाख ७८ हजार रुपैयाँ बराबरको अनुमान गरिएको छ,' उनले भनिन् ।

बुधबारदेखिको अविरल वर्षाका कारण देशका विभिन्न जिल्लाका नागरिक प्रभावित भएका छन् । उनका अनुसार आइतबार मात्रै पनि मनाङ, म्याग्दी, नवलपरासी, बागलुङ, पूर्वमा संखुवासभा, मकवानपुर, हुम्ला, ललितपुरलगायत जिल्लामा असर पुग्यो । वर्षापछि आएको बाढी र डुबानका कारण चितवनमा पनि क्षति भएको उनले बताइन् । बागलुङ, म्याग्दी र मनाङका केही स्थानमा अहिले पनि सेल्टरमा मानिस बसेको उनले बताइन् ।

धेरै स्थानमा अहिले पनि वर्षाका कारण पहिरो जाने र डुबानको समस्या भएकाले क्षति र प्रभावितको संख्या थप हुन सक्ने प्रवक्ता महतको भनाइ छ । 'प्रभावितहरू आउने, सेल्टरमा बस्ने र मौसम हेरेर फर्किने क्रम जारी रहेकाले संख्या यताउता हुन सक्छ,' उनले भनिन्, 'अहिले पनि कैयौँ ठाउँमा खोज र उद्धार जारी रहेकाले त्यसमा घटबढ हुन सक्छ ।'

वर्षाका कारण देशभरका १८ सडकखण्ड अवरुद्ध भए । त्यसले पनि धेरैको जनजीवन प्रभावित भएको उनको भनाइ छ । अहिले पनि देशका कैयौँ राजमार्ग अवरुद्ध छन् । सडक अवरुद्ध हुँदा पनि मानिसको दैनिकीमा ठुलो असर पुग्ने देखिन्छ । मनाङमा अहिले पनि दर्जनौँ मानिस हराएकाले खोजी जारी छ । वर्षा रोकिए पनि केही स्थानमा पहिरो र डुबानको समस्या भने पूर्ण रूपमा हटिसकेको छैन । अहिले पनि वर्षाको असर बाँकी नै रहेकाले त्यसबाट हुने क्षति देखिन सक्ने प्राधिकरणको अनुमान छ । तर, सोमबार दिउँसोबाट मौसम भने सफा भइसकेको छ ।

---

**प्रदेश सरकार**

## आन्तरिक मामिला तथा कानुन मन्त्रालय

**कोशी प्रदेश, विराटनगर**

### शिलबन्दी दर्ता आव्हानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मिति : २०८३/०६/१३ गते**

आन्तरिक मामिला तथा कानून मन्त्रालयमा सेवा लिन आउने सेवाग्राहीहरु, मन्त्रालयका कर्मचारीहरु तथा आगन्तुकहरुका लागि आ.ब.२०८३/०८४ का लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयको स्टाफ क्यान्टिन सञ्चालनका लागि यो सूचना प्रकाशित भएको मितिले ७ औं दिनको कार्यालय समयभित्र यस मन्त्रालयमा रीतपूर्वक शिलबन्दी प्रस्ताव दर्ता गराउन दोस्रो पटक यो सूचना आव्हान गरिएको छ । यस सम्बन्धी विस्तृत सूचना यस मन्त्रालयको सूचना पाटी तथा वेवसाइट https://moial.koshi.gov.np/ मा हेर्न सकिनेछ ।

---

## CAREER OPPORTUNITY

DS Pvt. Ltd., is a foreign investment company established by Chinese Investors under Nepalese Law with the objective of repair and maintenance service of electronic devices and equipments such as mobile, computer/laptop, medical devices etc. This company requires highly motivated, and result oriented candidates as below:

**Position: Senior Technical Service Officer -1**
**Duration: 1 Year**

**Desired Candidate Profile:**
- Minimum Bachelor's Degree(Diploma) in Electronic Technology
- Speaking/Writing/Reporting Skills in Chinese and English Languages
- Energetic Candidate having age below 40 years

**Job Responsibility:**

a) Diagnosing equipment malfunction and performing repair and maintenance service of mobile sets and related devices.

b) Technical Support to the technician staff of the company and supervise the maintenance team.

c) Keeping an inventory of maintenances tools, materials and parts.

d) Coordination with foreign investor in relation to maintenance tools, materials and parts.

**Note:** The position is based in Kathmandu Nepal. **Nepali National shall be given priority for the given job.**

**How to apply:** Interested candidates should send their application, along with educational certificates, experience letters and updated resume at **opponepalhr@gmail.com** & **https://shramsansar.gov.np** Portal **within 10 (TEN) days** of the publication of this notice. Salary will not be a constraint for the qualified and experienced candidate. Only shortlisted candidates will be called for the interview and no phone enquiries/reference will be entertained.

---

**सूर्योदय नगरपालिका**

## फिक्कल अस्पताल

**फिक्कल, इलाम**
**कोशी प्रदेश, नेपाल**

### आधिकारिक आपूर्तिकर्ता (बिक्रेता) मा सूचीकृत हुन र दररेट पेश गर्ने बारे सूचना

**(प्रथम पटक प्रकाशित मिति- २०८३/०६/१३)**

यस फिक्कल अस्पताल इलाममा तपसिल बमोजिमका मेडिकल औजार तथा मेशिनरी उपकरणहरुमा प्रयोग हुने किट्स, केमिकल्स, फिल्म, एसेसोरिज तथा पाटपुर्जाहरु र मर्मत संभार सम्बन्धी परामर्श सेवाहरु प्रोपाइटरी मालसामानहरु (Closed Items) को रुपमा आ.व. २०८३/०८४ मा खरिद गर्नका लागि सम्बन्धित उत्पादक कम्पनीको आधिकारिक बिक्रेताहरु (प्रोपाइटरहरु) ले सार्वजनिक खरिद ऐन २०६३ को दफा ४१ को उपदफा १(ग) तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५ को उपनियम ३ र ६ बमोजिम सूचीकृत हुन इच्छुक कम्पनी/फर्महरुले नविकरण सहितको फर्म दर्ता प्रमाणपत्र, मू.अ. कर दर्ता प्रमाणपत्र, खरिद कारबाहीमा भाग लिन अयोग्य नभएको स्व-घोषणपत्र, व्यवसाय दर्ता इजाजत-पत्र, आ.व. २०८१/०८२ को करचुक्ता प्रमाणपत्र र सम्बन्धित कम्पनीको आधिकारिक बिक्रेताको प्रमाणपत्र (उत्पादक कम्पनी सहित सप्लायर्स कम्पनी सम्मको Authorization Letter) को प्रतिलिपीहरु सहित तपसिलमा उल्लिखित मेशिनहरुमा लाग्ने किट्स, केमिकल्स, फिल्म एवं मुख्य-मुख्य पार्ट्सहरु (System Pack Reagent and Disposal) को प्राविधिक र आर्थिक प्रस्ताव छुट्टा-छुट्टै खाममा शिलबन्दी गरी पुन अर्को खाममा बन्द गरी खाम बाहिर फिक्कल अस्पताल इलामलाई सम्बोधन गरी आर्थिक/प्राविधिक प्रस्ताव उल्लेख गरी सूचीकृत हुने कम्पनी/फर्मको उल्लेख गरी यस सूचना प्रकाशित भएको मितिले पन्ध्र दिन (मिति २०८३।०६।२७ गते दिनको २:०० बजे) भित्रमा सूचीकृत हुन प्रस्ताव पेश गर्न यो सूचना प्रकाशित गरिएको छ । उल्लिखित किट्स, केमिकल्स, फिल्म एवं मुख्य-मुख्य पार्ट्सहरु आपूर्ति गर्न एकभन्दा बढी सोही कम्पनीका आधिकारिक बिक्रेताहरुको प्रस्ताव/दररेट पेश हुन आएमा कम दररेट कबोल गर्ने आपूर्तिकर्तासँग सम्झौता गरी सामान आपूर्तिको व्यवस्था गरिनेछ । सूचनामा माग भएका आधिकारिक कागजात पेश नगरेका, रित नपुगेका र म्याद नाघी आएका निवेदन उपर कुनैपनि किसिमको कारबाही गरिने छैन । पेश भएका प्रस्तावहरु मिति २०८३।०६।२७ गते दिनको २:०० पछि खोलिनेछ । विस्तृत जानकारीका लागि फिक्कल अस्पताल इलाममा सम्पर्क राख्न सकिनेछ ।

**तपसिल**

| S.N. | Equipment Name | Company Name | Model No. | Remarks |
|---|---|---|---|---|
| 1. | Fully Bio-Chemistry Analyzer | Tokyo Boeki Medisys Inc. | BIOLIS 30i | |
| 2. | Haematology Analyzer (5 Part) | AGAPPE | Mispa Count Plus | |
| 3. | Semi-Chemiluminescence Immunoassay analyzer (CLIA) | Tosoh India Pvt. Ltd. | Classic Radiance | |
| 4. | Semi-Auto Biochemistry Analyzer | AGAPPE | Mispa Viva | |
| 5. | Semi-Automated Specific Protein Nephelometry Analyzer (HbA1c) | AGAPPE | Mispa-i2 | |
| 6. | Electrolyte Analyzer | Bioline Medical System | BD LYTE Pro | |
| 7. | Haematology Coulter Counter (5 Part) | HORIBA Medical (ABX) | ABX PENTRA XL80 | |

**अस्पताल प्रमुख**

---

## Shivasatakshi Municipality

**Office Of The Municipal Executive**
**Jhapa**
**Koshi Province, Nepal**

### Invitation for Bids

**Date of 1st Publication : 2083/06/13(29-Sep-2026)**

1. Shivasatakshi Municipality invites (Hardcopy) bids from eligible bidders for the following procurement work under National Competitive bidding (NCB)-Single Stage Two Envelope(1S2E) Procedure.

| Contract No. | Description of Works | Min Average Annual Construction Turn Over of the Best Three Years within the last 10 years ( Nrs.) | Min Experience in Similar Size & Nature (Nrs.) | Bid Validity Period | Minimun Bid Security Amount | Bid Security Validity Period | Bid Doc Fee |
|---|---|---|---|---|---|---|---|
| SSM/NCB/WORKS/2083/084-03 | Construction of Blacktop at Nagar Ring Road, Phase XI, Shivasatakshi 01,02 & 04 | Nrs 8,70,00,000.00 | Nrs 3,32,00,000.00 | 90 Days After Bid opening | Nrs 14,34,000.00 | 30 Days beyond the Validity of Bid | Nrs 5,000 |

| Pre-bid Meeting | Deadline for Purchase of Bid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|
| 09-Oct-2026<br>13: 00 Hours | 27-Oct-2026<br>17: 00 Hours | 28-Oct-2026<br>12: 00 Hours | 28-Oct-2026<br>13: 00 Hours |

2. Eligible bidder can Purchase the bidding document from the office of shivasatakshi municipality, Byangdada,Jhapa and may obtain further information from Tel 023-470323 or visit website www.shivasatakshimun.gov.np.

| 3. Information to deposit the cost of Bidding document in Bank | | Information to deposit the cost of Bid Security in Bank | |
|---|---|---|---|
| Name of Bank | Nepal Investment Mega Bank Nepal LTD | Name of Bank | Nepal Investment Mega Bank Nepal LTD |
| Acconut Name | Antarik Rajaswa Khata | Account Name | Dhaurati Khata |
| Account no. | 29601400000017 | Account no. | 29601400000048 |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..
5. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever.

**Chief Administrative Officer**

---

## ऋणीलाई भाखा नाघेको कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धमा प्रकाशित ३५ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८३/०६/१३ गते**

यस माछापुच्छ्रे बैंक लि. लाहान शाखा कार्यालयबाट तपाई तपसिलमा उल्लेखित ऋणीले प्राप्त गर्नु भएको कर्जाको साँवा, व्याज तोकिएको म्यादमा चुक्ता नगर्नु भएको र यस अघि पनि मौखिक तथा लिखित रुपमा कर्जा चुक्ता गर्नको लागि पटक पटक अनुरोध गर्दा पनि कर्जाको साँवा व्याज, थप व्याज अन्य दस्तुर आदि चुक्ता भुक्तान नगरी शर्त कबुलियतको उल्लंघन गर्नु भएकोले तपसिलमा उल्लेखित ऋणीको नाउँमा बक्यौता ऋणकर्जा चुक्ता भुक्तान गर्न यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले पैंतिस (३५) दिनभित्र यस बैंकमा सम्पर्क राखी सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता गर्नुहुन अनुरोध गरिन्छ । उल्लेखित समयावधिभित्र सम्पूर्ण कर्जाको साँवा, व्याज चुक्ता नगरेमा तपाई ऋणीले कर्जा लिंदा उपलब्ध गराएको धितो लिलाम गर्ने ऋणी, संचालक/प्रोप्राइटरको नाम कर्जा सूचनाकेन्द्रको कालोसूचीमा समावेश गर्ने तथा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गर्ने लगायत कर्जा असुल उपर गरी लिनको लागि अन्य कानुनी कारवाहीहरु समेत अवलम्बन गरिने ब्यहोरा यसै सूचनाबाट जानकारी गराउदै यथाशिघ्र कर्जा भुक्तानी गर्न विशेष अनुरोध गरिन्छ ।

**तपसिल**

| ऋणीको नाम, ठेगाना | |
|---|---|
| **१. दिलीप मण्डल**<br>ना.प्र.नं. १५३०३७/४०८, जि.प्र.का. सिरहा, जारी मिति : २०६३/१२/३०<br>बाबु : जोगेन्द्र मण्डल, बाजे : गुदर मण्डल<br>ठेगाना : सिराहा जिल्ला, मझौरा गा.वि.स वडा नं. ५, हाल : सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. ३ | |
| **व्यक्तिगत जमानतकर्ताहरू** | |
| **१. दिलीप मण्डल**<br>ना.प्र.नं. १५३०३७/४०८, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/३०<br>बाबु : जोगेन्द्र मण्डल, बाजे : गुदर मण्डल<br>ठेगाना : सिराहा जिल्ला, मझौरा गा.वि.स वडा नं. ५<br>हाल : सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. ३ | **२. लालझारी मण्डल**<br>ना.प्र.नं. १५-०१-७६-०२५६३, जि.प्र.का. सिरहा<br>जारी मिति : २०७६/०२/१५<br>पति : दिलीप मण्डल<br>ससुरा : जोगेन्द्र मण्डल<br>ठेगाना : सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. ३ |
| **धितोमा रहेको सम्पत्तिको विवरण** | |
| गुदर मण्डलको नाति, जोगेन्द्र मण्डलको छोरा, सिरहा जिल्ला, मझौरा गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भइ हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. ३ बस्ने दिलीप मण्डलको नाममा भूमि प्रशासन कार्यालय लाहान, सिराहामा दर्ता कायम भएको सिराहा जिल्ला, मझौरा गा.वि.स. वडा नं. ६ स्थित कि.नं. ८८० को क्षेत्रफल ०-०-११ १/२-० (बि.क.धु.क.) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत । | |
| **ऋणीको नाम, ठेगाना** | |
| **२. मिन तुल्लाह**<br>ना.प्र.नं. ४१३४०/४/१५५६, जि.प्र.का. सिरहा, जारी मिति : २०५८/०८/१४<br>बाबु : फकिर मियाँ, बाजे : मनसिफ<br>ठेगाना : सिराहा जिल्ला, भगवतिपुर ता.सु. गा.वि.स. वडा नं. ४, हाल : सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ | |
| **व्यक्तिगत जमानतकर्ताहरू** | |
| **१. मिन तुल्लाह**<br>ना.प्र.नं. ४१३४०/४/१५५६, जि.प्र.का. सिरहा<br>जारी मिति : २०५८/०८/१४<br>बाबु : फकिर मियाँ, बाजे : मनसिफ<br>ठेगाना : सिराहा जिल्ला, भगवतिपुर ता.सु. गा.वि.स. वडा नं. ४<br>हाल : सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ | **२. मदिना खातुन**<br>ना.प्र.नं. १५३०१८/२१९, जि.प्र.का. सिरहा<br>जारी मिति : २०६३/१२/२४<br>पति : मिन तुल्लाह, ससुरा : फकिर मियाँ<br>ठेगाना : सिराहा जिल्ला, भगवतिपुर ता.सु. गा.वि.स. वडा नं. ४<br>हाल : सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ |
| **धितोमा रहेको सम्पत्तिको विवरण** | |
| मनसिफको नाति, फकिर मियाँको छोरा, सिरहा जिल्ला, भगवतिपुर ता.सु. गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल सिराहा जिल्ला, नवराजपुर गा.पा. वडा नं. १ बस्ने मिन तुल्लाहको नाममा भूमि प्रशासन कार्यालय लाहान, सिराहामा दर्ता कायम भएको सिराहा जिल्ला, भगवतिपुर ता.सु. गा.वि.स. वडा नं. ४ स्थित कि.नं. ८१४ को क्षेत्रफल ०-१-५-० (बिघा) बमोजिमको जग्गा तथा उक्त जग्गामा निर्मित सम्पूर्ण लिगलगापात समेत । | |

**माछापुच्छ्रे बैंक**
सबल, उत्कृष्ट एवं विस्तारित
शाखा कार्यालय, लाहान

# अध्यादेशमार्फत आउँदै छ निजामती ऐन

## ■ असोज १६ पछि अधिवेशन अन्त्य हुँदै, तत्काल नियमित प्रक्रियाबाट ल्याउन असम्भव

**विमल कोइराला, पूर्वमुख्यसचिव**



सरकारले बृहत् छलफल र साझा धारणा नबनाईकन अध्यादेशबाट निजामती सेवा ऐन ल्याउनुहुँदैन। जसरी भए पनि यो विधेयक संसद्बाटै आउनुपर्छ।

**गोपीनाथ मैनाली, पूर्वसचिव**



कुनै पनि हालतमा निजामती ऐन अध्यादेशबाट ल्याउनुहुँदैन र ३०-५५ को व्यवस्था हटाएर मात्रै विधेयक टुंग्याउनुपर्छ।




■ सौर्य समाचार

काठमाडौँ। संघीय निजामती सेवा विधेयक संसद्को चालु अधिवेशनबाट पारित गराउन समय नपुग्ने भएपछि सरकारले अध्यादेशमार्फत निजामती सेवा ऐन ल्याउने तयारी गरेको छ। असोज १६ गतेपछि संघीय संसद्को चालु अधिवेशन अन्त्य गर्ने तयारी भइरहेका बेला तत्काल विधेयक संसदीय प्रक्रिया पूरा गरी आउने कुनै पनि सम्भावना छैन।

सरकारले संघीय निजामती सेवा विधेयकलाई लामो समयदेखि मन्त्रालयगत सहमति र कानुनी परीक्षणपछि लोक सेवा आयोगमा रायसुझावका लागि पठाएको थियो। भदौ २४ गते आयोग पुगेको विधेयकका १४८ वटै दफा अध्ययन गरी आयोगले राय तथा परामर्शसहित सरकारलाई फिर्ता पठाएको छ।

अब मन्त्रिपरिषद्ले विधेयक स्वीकृत गरी संसद्मा दर्ता गराउने बाटो रोजे पनि चालु अधिवेशनमा त्यसलाई समितिमा पठाएर दफावार छलफलसहित पारित गराउन सम्भव नहुने देखिएपछि सरकार अध्यादेशतर्फ अग्रसर भएको हो। असोज १६ पछि अधिवेशन अन्त्य हुने अवस्थामा यी सबै प्रक्रिया पूरा गर्न समय अपुग हुने देखिएपछि सरकारले अध्यादेशको विकल्पमा गृहकार्य थालेको स्रोतले जनाएको छ।

हिउँदे अधिवेशनसम्म पर्खिंदा संघीय निजामती सेवा ऐन ल्याउन थप समय लाग्ने भएकाले अध्यादेशको विकल्प अघि सारिएको हो। हिउँदे अधिवेशन मंसिर तेस्रो साताअघि आह्वान हुने सम्भावना नरहेकाले यहीबीच विधेयकलाई सदनमा टेबुल गरी समितिगत छलफलपछि पारित गराउने बाटो व्यावहारिक रूपमा बन्द भइसकेको छ।

अधिवेशन अन्त्यको यो समयसीमाले सरकार निजामती विधेयकलाई संसदीय प्रक्रियाभन्दा अध्यादेशमार्फत ल्याउने तयारीमा रहेको प्रशासन वृत्तमा चर्चा छ। केही पूर्वप्रशासक पनि सरकारले अध्यादेशको बाटो रोज्न लागेको भन्दै यसको विरोधमा उत्रिएका छन्।

पूर्वअर्थमन्त्रीसमेत रहेका पूर्वसचिव रामेश्वर खनालले सामाजिक सञ्जालबाटै भनेका छन्, 'निजामती सेवासम्बन्धी ऐन अध्यादेशबाट जारी गर्नुहुँदैन।' त्यस्तै पूर्वमुख्यसचिव विमल कोइरालाले तथा पूर्वसचिव गोपीनाथ मैनाली पनि अध्यादेशको गाइँगुइँ सुनिएकाले सरकारलाई सचेत गराएका छन्।

### ■ ३०–५५ को प्रावधान लागू भए ७ हजार कर्मचारी प्रभावित हुने

सरकारले अघि बढाएको विधेयकको सबैभन्दा महत्वपूर्ण र विवादास्पद पक्ष कर्मचारीको अवकाश व्यवस्था हो। प्रस्तावअनुसार १ पटकका लागि ३० वर्ष सेवा अवधि पूरा गरेका वा ५५ वर्ष उमेर पुगेका कर्मचारीलाई अवकाश दिने र त्यसपछि नियमित अनिवार्य अवकाशको उमेर ६० वर्ष कायम गर्ने व्यवस्था छ।

यो व्यवस्था कार्यान्वयनमा आए एकै पटक ठुलो संख्यामा कर्मचारी सेवाबाट बाहिरिने अवस्था बन्न सक्छ। तर, कति कर्मचारी यसबाट प्रभावित हुन्छन् भन्ने विषयमा सरकारले नै अध्ययन नगरेको पूर्वसचिव गोपीनाथ मैनाली बताउँछन्। 'सरकारले कुनै अध्ययन गरेको छैन। तर, कम्तीमा पनि ५ देखि ७ हजार कर्मचारी प्रभावित हुने हाम्रो आकलन छ,' मैनालीले भने।

त्यस्तै, हाल रहेका सचिवहरूमध्ये ८० प्रतिशत र सहसचिवमा ६० प्रतिशत कर्मचारी ३०-५५ को प्रावधानबाट प्रभावित हुने र प्रशासनको नेतृत्व तह एकै पटक भत्किने उनले बताए।

सरकारको जोडबलमा विधेयकमा ३०-५५ को व्यवस्था राखिएकाले जसरी पनि कार्यान्वयनमा आउनेमा कर्मचारीहरू पनि ढुक्क देखिन्छन्। यही कारण कतिपय उच्च तहका कर्मचारीले ऐनमा सेवासुविधाबारे ढुक्क बन्न नसक्दा समयावधि बाँकी हुँदै राजीनामा दिइसकेका छन्। केही कर्मचारी भने ऐनको कार्यान्वयन पर्खेर बसेका छन्।

यसैबीच ३०-५५ को प्रावधानसहितको निजामती विधेयक कार्यान्वयनमा आए केही कर्मचारी कानुनी परीक्षणका लागि सर्वोच्च अदालत जाने तयारीमा आन्तरिक रूपमा जुटिसकेका छन्।

सरकारले अध्यादेश ल्याएमा तत्काल निजामती सेवा सञ्चालनको कानुनी आधार बन्नेछ। तर, त्यसको राजनीतिक र संसदीय स्वीकार्यता भने आगामी अधिवेशनमा परीक्षण हुनेछ। अध्यादेशलाई स्थायी कानुन बनाउन प्रतिस्थापन विधेयक संसद्मा पेस गर्नुपर्ने भएकाले त्यसबेला विधेयकका विवादित प्रावधानमाथि फेरि छलफल हुनेछ।

सरकारले अध्यादेशमार्फत निजामती ऐन ल्याएमा तत्काल कानुनी रिक्तता सम्बोधन भए पनि संसद्को आगामी अधिवेशनमा त्यसलाई प्रतिस्थापन विधेयकका रूपमा पेस गरी संसदीय प्रक्रियाबाट अनुमोदन गराउनुपर्ने बाध्यता भने बाँकी नै रहन्छ।

### ■ ३०–५५ मा लोक सेवाको असहमति

प्रस्तावित निजामती सेवा विधेयकमा व्यवस्थित निजामती सेवामा १ पटकका लागि ३० बर्से सेवापछिको पेन्सन कटौती र ५५ बर्से उमेर हदको प्रस्तावमा संवैधानिक निकाय लोक सेवा आयोगले असहमति जनाउँदै परामर्श दिएको छ। आयोगले विधेयकबारे सरकारलाई परामर्श दिँदै १ पटकका लागि मात्र सो प्रावधान लागू नगर्न र अध्यादेशबाट पनि त्यस प्रकृतिको प्रावधान नल्याउन सरकारलाई सुझाव दिएको छ।

१४८ वटा दफाको विधेयक करिब २ सातासम्म अध्ययन गरेपछि आयोगले सरकारलाई परामर्श दिँदै १ पटकका लागि मात्र सो प्रावधान लागू नगर्न र अध्यादेशबाट पनि त्यस प्रकृतिको प्रावधान नल्याउन भन्दै आफ्नो राय संघीय मामिला मन्त्रालयमा पठाएको हो। आयोगले उक्त प्रावधानलाई प्राकृतिक न्यायको सिद्धान्तविपरीत भनेर व्याख्या गरेको छ। सरकारले आयोगको परामर्श मान्नैपर्ने बाध्यकारी व्यवस्था नभएका कारण अब सरकार कसरी अघि बढ्छ भन्ने हेर्न बाँकी नै छ।

### ■ विधेयकमा थपिए ४३ नयाँ प्रावधान

गत वर्षको भदौ १७ गते संघीय निजामती सेवासम्बन्धी विधेयक राष्ट्रियसभाबाट पास गरी प्रतिनिधिसभामा पठाइएको थियो। तर, भदौ २७ गते प्रतिनिधिसभा विघटन भएपछि संघीय निजामती सेवासम्बन्धी विधेयक निष्क्रिय भएको थियो। अहिले सोही विधेयकमा कर्मचारी प्रशासनलाई थप व्यवस्थित र जबाफदेही बनाउने गरी ४३ वटा नयाँ व्यवस्था थप गरिएको छ।

विधेयकको मसौदामा निजामती सेवा सूचना प्रविधिमा आधारित र नतिजामुखी बनाइने उल्लेख छ भने सचिवदेखि कार्यालय प्रमुखसम्मले वार्षिक कार्यसम्पादन सम्झौता गर्नुपर्नेछ। कर्मचारीको अवकाश उमेर ६० वर्ष कायम गरिएको छ भने राजपत्रांकित द्वितीय श्रेणीसम्मको सरुवा-पदस्थापन व्यवस्थित गर्न निजामती सेवा बोर्ड गठन हुनेछ।

विधेयकले सूचना प्रविधि सेवा गठन, न्यूनतम कार्यावधि नपुगी सरुवा नहुने व्यवस्था, स्वार्थ बाझिने कार्यमा संलग्न हुन नपाइने प्रावधानका साथै राजनीतिक दलसँग आबद्ध भएमा भविष्यमा सरकारी सेवाका लागि अयोग्य ठहरिने कडा व्यवस्था पनि गरेको छ।

# खुर्कोट-भकुन्डेबैंसी सडकखण्ड आजबाट खुल्ने सम्भावना



**बनेपा।** लगातारको वर्षासँगै आएको पहिरो र रोशी नदीको कटानका कारण अवरुद्ध बिपी राजमार्गको खुर्कोट-भकुन्डेबैंसी खण्ड सोमबार पनि सञ्चालनमा आउन सकेन। अवरोध हटाउने काम जारी रहेकाले मौसमले साथ दिए आज मंगलबार अपराह्नदेखि यातायात सञ्चालन गर्न सकिने प्रमुख जिल्ला अधिकारी गोपालकुमार अधिकारीले जानकारी दिए। डिभिजन सडक कार्यालय भक्तपुरको टोलीले सोमबार बिहानैदेखि अवरोध हटाउने काम गरेको थियो।
चौकीडाँडा, चारसयबैंसी, गिम्दीबैंसी र माम्तीलगायत स्थानमा पहिरो र रोशी नदीको कटानले सडक तथा डाइभर्सनमा क्षति पुऱ्याएको छ। स्थायी पुनर्निर्माणअन्तर्गत बर्खेखोलादेखि भकुन्डेबैंसीसम्म २५.११ किलोमिटर सडक ४ प्याकेजमा निर्माण भइरहेको छ। तर, निर्माण भइरहेका संरचनासँगै अस्थायी डाइभर्सनमा बाढी र नदी कटानको जोखिम कायमै रहेको सडक डिभिजन कार्यालयले जनाएको छ। सम्भावित अवरोध तत्काल हटाउन जोखिमयुक्त विभिन्न स्थानमा १३ एक्स्काभेटर, ६ लोडर र ११ टिपर तयारी अवस्थामा राखिएको छ।

# काभ्रेमा ४१ जनामा डेंगी, पाँचखालमा सबैभन्दा धेरै

**बनेपा।** काभ्रेपलाञ्चोकमा पछिल्लो २ महिनामा पुष्टि भएका डेंगी संक्रमितमध्ये आधाभन्दा बढी पाँचखाल नगरपालिकाका छन्। जिल्लाका १३ स्थानीय तहमध्ये हालसम्म ४ पालिकामा मात्रै डेंगी संक्रमण देखिएको छ। जनस्वास्थ्य कार्यालय काभ्रेपलाञ्चोकका अनुसार गत साउन १ गतेदेखि असोज १२ गतेसम्म जिल्लामा ४१ जनामा डेंगी संक्रमण पुष्टि भएको छ। तीमध्ये पाँचखाल नगरपालिकामा मात्रै २१ जना संक्रमित भएका छन्। पाँचखालका संक्रमितमा ११ पुरुष र १० महिला छन्।

कार्यालयका जनस्वास्थ्य अधिकृत एवं सूचना अधिकारी शिशिर पुडासैनीका अनुसार बनेपा नगरपालिकामा १३ जना, मण्डनदेउपुर नगरपालिकामा ६ जना र नमोबुद्ध नगरपालिकामा १ पुरुषमा डेंगी संक्रमण पुष्टि भएको छ। बनेपाका संक्रमितमा ६ पुरुष र ७ महिला तथा मण्डनदेउपुरका २ पुरुष र ४ महिला छन्। जिल्लाभरका संक्रमितमध्ये २० पुरुष र २१ महिला छन्। आइतबारदेखि सोमबार २४ घन्टाको अवधिमा भने जिल्लाका कुनै पनि पालिकामा डेंगीका नयाँ बिरामी थपिएका छैनन्। कार्यालयका अनुसार धुलिखेल र पनौती नगरपालिकासहित जिल्लाका ९ स्थानीय तहमा हालसम्म डेंगी संक्रमण पुष्टि भएको छैन।

# पक्राउ परेकाको रिहाइ माग्दै गोलबजारमा आन्दोलन



■ सौर्य समाचार

सिरहा। सिरहाको गोलबजार-चोहर्वामा भएको साम्प्रदायिक विवादपछि पक्राउ परेकाहरूलाई तत्काल रिहा गर्न माग गर्दै स्थानीयवासी र हिन्दु सम्राट सेनाले आन्दोलन सुरु गरेका छन्। आन्दोलनकारीले घटनाको निष्पक्ष छानबिन गर्न, निर्दोष व्यक्तिलाई पक्राउ नगर्न र वास्तविक दोषीमाथि मात्रै कानुनी कारबाही गर्न माग गरेका छन्। पक्राउ परेकाहरूलाई तत्काल रिहा नगरे आन्दोलन थप सशक्त बनाउने चेतावनीसमेत उनीहरूले दिएका छन्।

साउन १४ गते गोलबजार क्षेत्रमा भएको प्रदर्शन तथा झडपका क्रममा तोडफोड र आगजनी भएपछि अवस्था तनावग्रस्त बनेको थियो। उक्त घटनामा गोली लागेर १५ वर्षीय गणेश यादवको मृत्यु भएको थियो। घटनाका क्रममा चौहर्वा जामे मस्जिदलगायत विभिन्न संरचनामा तोडफोड तथा आगजनी भएको थियो। प्रहरीको प्रारम्भिक मूल्यांकनअनुसार १८ वटा पसल तथा व्यावसायिक संरचना, १५ वटा निजी घर, २८ वटा सवारीसाधन तथा धार्मिक र शैक्षिक संरचनासहित ६४ वटा सम्पत्तिमा क्षति पुगेको थियो। प्रहरीले घटनाबाट करिब ७४ करोड १३ लाख ९० हजार रुपैयाँ बराबरको क्षति भएको जनाएको थियो।

घटनापछि प्रहरीले विभिन्न स्रोतबाट संकलन गरिएका फोटो तथा भिडियोका आधारमा अनुसन्धान अघि बढाएको थियो। सोही अनुसन्धानका क्रममा घटनामा संलग्न भएको आरोपमा केही व्यक्ति पक्राउ परेपछि उनीहरूको रिहाइको माग गर्दै आन्दोलन सुरु भएको हो। स्थानीयस्तरमा घटनामा संलग्न भएको आरोपमा ४६ जनामाथि कारबाहीका लागि सूची तयार भएको दाबीसमेत गरिएको छ। यद्यपि उक्त संख्या र पक्राउ परेका व्यक्तिको विवरणको स्वतन्त्र तथा आधिकारिक पुष्टि हुन सकेको छैन।

यसैबीच, घटनाको छानबिनका लागि गृह मन्त्रालयले छुट्टै समिति गठन गरेको थियो। समितिले घटनास्थलको निरीक्षण गर्नुका साथै प्रमाण संकलन र स्थानीय तथा विभिन्न समुदायका प्रतिनिधिसँग छलफल गरेको थियो। गोलबजारमा पुनः आन्दोलन सुरु भएपछि स्थानीय प्रशासनले सुरक्षा सतर्कता बढाएको छ। विगतको घटनाबाट उत्पन्न तनाव पुनः नबढोस् भन्दै प्रशासनले सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ।

# चाडपर्वमा यात्रु ठगी र दुर्घटना रोक्न प्रमुख नाकामा सहायता कक्ष स्थापना गर्दै प्रहरी

■ सौर्य समाचार

काठमाडौँ। दसैँ, तिहार र छठ पर्वका बेला यात्रु ठगी तथा सवारी दुर्घटना न्यूनीकरण गर्न नेपाल प्रहरीले प्रमुख नाकामा 'नागरिक यात्रु सहायता कक्ष' स्थापना गर्ने भएको छ। सोमबार बसेको पूर्वाधार विकास समिति बैठकमा चाडपर्वका बेला यात्रु आवागमनलाई सहज, सुरक्षित र व्यवस्थित बनाउने विषयमा भएको छलफलमा प्रहरीले सहायता कक्ष सञ्चालनको तयारीबारे जानकारी दिएको हो।

बैठकमा प्रहरी नायब उपरीक्षक (डिएसपी) सुनिलजंग शाहले यात्रुबाट बढी भाडा असुल्ने, टिकट नदिने तथा एउटै सिटको टिकट २-३ जनालाई बिक्री गर्नेलगायत समस्या तत्काल समाधान गर्न सहायता कक्ष स्थापना गरिने बताए। 'आगामी दसैँ, तिहार र छठलाई लक्षित गरेर प्रमुख नाकामा नागरिक यात्रु सहायता कक्ष स्थापना गर्दै छौँ,' उनले भने, 'यात्रुका गुनासा तत्काल सम्बोधन गर्ने तथा यात्रुको सुरक्षा र सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरीसहितको टोली परिचालन हुनेछ।'

शाहका अनुसार विगतमा १४ स्थानमा यात्रु सहायता कक्ष सञ्चालन गरिएको थियो। यस पटक पनि लामो, मध्यम र छोटो दुरीका यात्रुलाई लक्षित गरी विभिन्न स्थानमा सहायता कक्ष सञ्चालन गर्ने तयारी छ। सहायता कक्षमा नेपाल प्रहरी, ट्राफिक प्रहरी र यातायात व्यवस्था विभागका प्रतिनिधिलाई सहभागी गराइनेछ। बढी भाडा लिएको, टिकट नदिएको वा एउटै सिटको टिकट एकभन्दा बढी यात्रुलाई बिक्री गरेको गुनासो आए तत्कालै सम्बन्धित पक्षसँग समन्वय गरी समस्या समाधान गरिने शाहले बताए।

उनले यात्रु सहायता कक्षमा विभिन्न गन्तव्यको आधिकारिक भाडादर स्पष्ट रूपमा उपलब्ध गराउन यातायात व्यवस्था विभागलाई आग्रह गरेका छन्। टिकट बुकिङ खुला भएपछि टिकट काट्ने व्यक्तिको परिचयपत्र, सम्बन्धित यातायात समिति तथा टिकट काट्ने कर्मचारी आबद्ध संस्थाको विवरण स्पष्ट राख्नुपर्नेमा पनि उनले जोड दिए। यस्तो व्यवस्था भए ट्राफिक प्रहरीलाई अनुगमन तथा आवश्यक कारबाही गर्न सहज हुने उनको भनाइ छ।

चाडपर्वमा सवारी दुर्घटना न्यूनीकरणका लागि सवारीसाधनलाई सम्बन्धित रुटमै सञ्चालन गर्नुपर्ने शाहले बताए। विगतमा दसैँका बेला अपनाइएको 'क्यु-फ्री' प्रणालीलाई पनि रुटअनुसार व्यवस्थित गर्नुपर्ने उनले बताए। झापा जाने बसलाई झापा र पोखरा जाने बसलाई पोखराकै रुटमा सञ्चालन गर्दा चालकलाई सम्बन्धित सडकको अवस्था, घुम्ती तथा जोखिमबारे जानकारी हुने भएकाले दुर्घटनाको जोखिम घटाउन सकिने शाहको भनाइ छ। अपरिचित रुटमा सवारी चलाउँदा चालकलाई सडकको अवस्था, घुम्ती र खाल्डाखुल्डीलगायतका विषयमा पर्याप्त जानकारी नहुन सक्ने भएकाले दुर्घटनाको जोखिम बढ्ने उनले बताए।

चाडपर्वमा सबैभन्दा बढी सवारी चाप हुने कलंकी-नागढुंगा सडकखण्डमा ट्राफिक व्यवस्थापनका लागि उपलब्ध प्रहरी जनशक्तिलाई अधिकतम परिचालन गरिने पनि शाहले जानकारी दिए। उनका अनुसार दसैँ सुरु हुनुभन्दा करिब ४ दिनअघिदेखि उक्त सडकखण्डमा सवारी चाप बढ्ने भएकाले सोहीअनुसार जनशक्ति परिचालन गरिनेछ।

यसैबीच, चाडपर्वमा यात्रुको सुरक्षा, सवारी दुर्घटना नियन्त्रण तथा यात्रु ठगी रोक्न काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालयले विशेष अभियान सञ्चालन गर्ने भएको छ। उपत्यका ट्राफिक प्रहरी प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक सुरेशप्रसाद काफ्लेका अनुसार चाडपर्वमा अनधिकृत व्यक्तिबाट टिकट बिक्री, तोकिएभन्दा बढी भाडा असुली, सिट क्षमताभन्दा बढी टिकट बिक्री तथा एउटै सिटका लागि धेरै टिकट बिक्रीजस्ता घटना हुन सक्ने भएकाले त्यसको नियन्त्रणका लागि अभियान सञ्चालन गरिनेछ।



चाडपर्वका बेला तीव्र गति, क्षमताभन्दा बढी यात्रु तथा सामान बोक्ने र सडकमा सवारीसाधनबीच अस्वस्थ प्रतिस्पर्धाका कारण दुर्घटना हुन सक्ने भएकाले ट्राफिक नियमको प्रभावकारी कार्यान्वयनमा विशेष ध्यान दिइने काफ्लेले बताए। यात्रुको सुरक्षालाई प्राथमिकतामा राख्दै उपत्यकाका विभिन्न स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी संयुक्त रूपमा विशेष जाँच तथा अनुगमन गरिने उपत्यका ट्राफिक प्रहरी कार्यालयले जनाएको छ।

ट्राफिक प्रहरी प्रवक्ता एवं प्रहरी उपरीक्षक नरेन्द्रराज सुवेदीका अनुसार बसपार्क, चाबहिल, कोटेश्वर, चापागाउँ, बल्खु, पुल्चोक, नागढुंगा, कलंकी, भीमढुंगा, साँखुलगायत मुख्य स्थानमा यात्रु सहायता कक्ष स्थापना गरी विशेष अभियान सञ्चालन गरिनेछ। अभियानअन्तर्गत सवारीसाधनको यान्त्रिक अवस्था र प्रदूषण जाँच गरिनेछ भने लामो दुरीका सवारीसाधनमा अनिवार्य २ चालक राख्नुपर्ने कानुनी व्यवस्थालाई कडाइका साथ कार्यान्वयन गरिने भएको छ।

मादक पदार्थ सेवन गरी सवारीसाधन चलाउने प्रवृत्ति नियन्त्रण गर्न ब्रेथलाइजर मेसिन प्रयोग गरी जाँच तथा अनुगमनलाई तीव्रता दिइने सुवेदीले बताए। दिवा तथा रात्रिकालीन समयमा सडकमा ट्राफिक प्रहरीको थप उपस्थिति गराई नागरिकलाई सुरक्षित यात्राको प्रत्याभूति दिलाउने गरी अभियान सञ्चालन गरिनेछ।

# अध्ययन बिदा दुरुपयोग गर्नेबाट त्रिविले असुल्यो साढे १६ करोड

■ सौर्य समाचार

काठमाडौँ। त्रिभुवन विश्वविद्यालय (त्रिवि) ले अध्ययन बिदा लिएर विश्वविद्यालयको नियमअनुसार सेवामा नफर्किएका शिक्षक तथा कर्मचारीबाट हालसम्म १६ करोड ५० लाख रुपैयाँ असुल गरेको छ। त्रिवि रजिस्ट्रारको कार्यालयअन्तर्गत कर्मचारी प्रशासन महाशाखाका अनुसार हालसम्म ७५ वटा प्रकरणबाट उक्त रकम असुल गरिएको हो।

विश्वविद्यालयका अनुसार अध्ययन बिदापछि सेवामा नफर्किएका वा सेवामा फर्किए पनि तोकिएको अवधि पूरा नगरेका शिक्षक तथा कर्मचारीबाट नियमानुसार रकम असुलउपर गर्ने प्रक्रिया अघि बढाइएको छ। अध्ययन बिदाका क्रममा विश्वविद्यालयबाट प्राप्त तलब, भत्ता तथा अन्य सुविधामा नियमानुसार हर्जानासमेत जोडेर रकम असुल गर्ने व्यवस्था छ।

त्रिविले थप प्रकरणको हिसाबकिताब तयार पार्ने तथा सम्बन्धित अभिलेख खोजी गर्ने कामसमेत गरिरहेको जनाएको छ। उपलब्ध विवरणअनुसार हालसम्म हिसाबकिताब तयार भएका प्रकरणमा मात्रै करिब २१ करोड ५० लाख रुपैयाँ असुल गर्नुपर्ने देखिएको छ।

विश्वविद्यालयका अनुसार सम्पर्कमा आएका शिक्षक तथा कर्मचारीका व्यक्तिगत अभिलेख खोजी तथा अध्ययन गर्ने काम भइरहेको छ। उनीहरूबाट विश्वविद्यालयलाई बुझाउनुपर्ने रकम असुलउपर गर्ने प्रक्रिया पनि जारी छ।

त्रिविले अध्ययन बिदा उपभोग गरेपछि नियमअनुसार सेवामा नफर्किएका वा तोकिएको सेवा अवधि पूरा नगरेका शिक्षक तथा कर्मचारीलाई आगामी पुस मसान्तभित्र सम्पर्क गर्न आग्रह गरेको छ। उनीहरूले मूल सामग्रीमा उल्लेख भएको इमेलमार्फत समेत सम्पर्क गर्न सक्ने विश्वविद्यालयले जनाएको छ।
तोकिएको अवधिभित्र सम्पर्कमा नआए विश्वविद्यालयसँग गरिएको कबुलियतनामा तथा प्रचलित विश्वविद्यालय नियमअनुसार कानुनी कारबाही अघि बढाइने त्रिविले स्पष्ट पारेको छ।

# सम्पर्कविहीन जडीबुटी संकलक सकुशल भेटिए

हुम्ला। जडीबुटी संकलनका लागि हिमाली भेग पुगेपछि एक सातादेखि परिवारको सम्पर्कमा नरहेका हुम्लाका १० जना सकुशल सम्पर्कमा आएका छन्। सिमकोट गाउँपालिका-२ ठेहेगाउँका उनीहरू भदौ २८ गते जडीबुटी सङ्कलनका लागि खार्पुनाथ गाउँपालिका-५ र चंखेली गाउँपालिका-४ को सीमामा पर्ने लुर्पेखोला जंगलतर्फ गएका थिए।

असोज ८ गतेदेखि परिवारसँग सम्पर्क हुन नसकेपछि यसबारे आफन्तले प्रशासनलाई जानकारी गराएका थिए। जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक शंकर खड्काका अनुसार सोमबार दसै जना सकुशल सम्पर्कमा आएका बताए। सम्पर्कमा आउनेमा धनमान सिंह बोहरा, पिजली बोहरा, पुन बोहरा, गोरसिंह भण्डारी, धनपुरी बोहरा, पलिवन बोहरा, जुन बोहरा, नर भण्डारी, खिम भण्डारी र लक्ष्मी बोहरा रहेका छन्।

## सम्पादकीय

# गैरकानुनी पक्राउ : सरकारको अधिनायकवादी बाटो

‘बहुदलीय लोकतन्त्र, मानवअधिकार र कानुनी राज्य हाम्रो राष्ट्रिय जीवनका आधार हुन् । जुन आधारका विषयमा वर्तमान संविधान स्पष्ट छ ।’ ११औँ संविधान दिवसका अवसरमा यही ३ असोजको शुभकामना सन्देशका क्रममा प्रधानमन्त्री वालेन्द्र शाहले दिएको यो अभिव्यक्तिको प्रशंसा सेलाउन पाउँदा नपाउँदै राज्य संयन्त्रले पूर्वप्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणालाई पक्राउ गऱ्यो । बिनाकारण पक्राउ गरिएको विषयलाई लिएर चौतर्फी आलोचनापछि उनलाई हिरासतमुक्त गरी घरमै नजरबन्दसरह राखिएको छ । एकातिर कानुनी राज्य र मानवअधिकारलाई राष्ट्रिय जीवनका आधार बताउने, अर्कातिर प्रधानन्यायाधीश भइसकेका वरिष्ठ नागरिकलाई बिनाकारण र बिनापुर्जी पक्राउ गर्ने कृत्यले लोकतन्त्रको धज्जी उडेको छ । प्रधानमन्त्री शाहले शुभकामना सन्देशका क्रममा भनेका थिए - ‘संविधान जति राम्रो भए पनि, त्यसलाई चलाउने हात इमानदार र अनवरत क्रियाशील भएनन् भने त्यो कागजको खोस्टो बन्छ ।’ त्यसैले पूर्वप्रधानन्यायाधीश राणाको गिरफ्तारी संविधानलाई कागजको खोस्टोमा परिणत गर्ने चेष्टा त होइन ? भन्ने प्रश्न प्रधानमन्त्री शाहतर्फ सोझिनु स्वाभाविक हो । किनकि लोकतान्त्रिक शासन व्यवस्था भएको देशमा नागरिकलाई संविधान तथा कानुनमा तोकेरै निश्चित अधिकारहरू प्रदान गरिएको हुन्छ । जननिर्वाचित सरकारको अवधारणा भनेको नागरिकका लागि संविधानले दिएका अधिकारलाई कार्यान्वयनमा लैजानु हो । राज्य संयन्त्रमा रहनेहरूले आफ्नो स्वार्थका लागि जनतालाई अनावश्यक दुःख दिन सक्ने सम्भावनालाई मध्यनजर राख्दै संविधान तथा कानुनमा नागरिक अधिकारको सूची स्पष्टसँग उल्लेख गरिएको हुन्छ । जसको कार्यान्वयन गर्ने मुख्य दायित्व जननिर्वाचित सरकारको हो । त्यसैले पूर्वप्रधानन्यायाधीश राणाको गिरफ्तारीका सन्दर्भमा उठेका प्रश्नहरूको स्पष्ट जबाफ दिन मात्रै होइन घटनाको छानबिन अघि बढाउन सरकारले ढिलाइ नगरोस् ।

हरेक लोकतान्त्रिक देशमा जस्तै हाम्रो देशमा पनि नागरिकलाई संविधान तथा कानुनप्रदत्त अधिकारहरूको सूची निकै लामो छ । त्यही सूचीमध्येको एउटा हो - ‘संविधानको धारा २० मा उल्लेख गरिएको न्यायसम्बन्धी हक ।’ यो हकलाई प्रष्ट पार्दै उपधारामा भनिएको छ, कुनै पनि व्यक्तिलाई कारणबिना पक्राउ गरिने छैन, कारणसहितको सूचना पक्राउ परेको व्यक्तिलाई २४ घण्टाभित्र मुद्दा हेर्ने अधिकारीसमक्ष उपस्थित गराउनुपर्नेछ । यसैगरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ९ मा भनिएको छ, ‘कुनै व्यक्तिलाई तत्कालै पक्राउ गर्नुपर्ने भएमा त्यसको कारण खुलाई सम्भव भएसम्म पक्राउ गर्नुपर्ने व्यक्तिको पहिचान खुल्ने विवरणसहित पक्राउ पुर्जी जारी गर्ने अनुमतिका लागि मुद्दा हेर्ने अधिकारीसमक्ष निवेदन दिनुपर्नेछ ।’ पूर्वप्रधानन्यायाधीश राणाको गिरफ्तारीमा संविधान तथा कानुनमा उल्लेख गरिएका यी प्रावधानहरूको धज्जी उड्यो कि उडेन ? भन्ने प्रश्नलाई गम्भीर रूपमा लिने मुख्य दायित्व प्रधानमन्त्रीको हो । कहिलेकाहीँ राज्य संयन्त्रमा रहनेहरूले आफ्नै तजबिजमा अधिकारको दुरुपयोग गर्ने गरेका नजिर पनि छन् । उदाहरणका लागि सर्वोच्च अदालतका शाखा अधिकृत महिमान विष्टले डेढ वर्षअघि रेशम चौधरीलाई पक्राउ गर्न प्रहरी कार्यालयमा पत्राचार गरेको र पत्र पाउनासाथ प्रहरीले तत्काल कार्यान्वयन गरेको घटनालाई लिन सकिन्छ । प्रधानन्यायाधीश राणाको गिरफ्तारीका सन्दर्भमा त्यस्तै संयोग परेको हो भने सरकारलाई केही भन्नु छैन तर यतिका घण्टा बितिसक्दा पनि गृहमन्त्री तथा प्रधानमन्त्रीको मौनतालाई हेर्दा यो घटना नागरिक अधिकारविरुद्धको सुनियोजित षड्यन्त्र हो भन्ने आशंकालाई बल पुगेको छ ।

सर्वोच्च अदालतको इतिहासमा पूर्वप्रधानन्यायाधीश राणा सर्वाधिक विवादास्पद पात्र हुन् भन्ने कुरा जगजाहेर छ । ‘उनी निर्दोष छन्, उनले कुनै चलखेल गरेका छैनन्, उनीमाथि राज्यले निगरानी राख्नै हुन्न’ भनेर ठोकुवा गर्नु अर्घेल्याइँ हुनेछ । तर पक्राउका लागि केही न केही दसीप्रमाण चाहिन्छ । त्यसमा पनि जघन्य अपराधका दसीप्रमाण फेला परेको अवस्थामा मात्रै यस ढंगको गिरफ्तारीलाई उचित मानिन्छ । होइन भने भाग्ने वा प्रमाण नष्ट गर्ने सम्भावना नभएको अवस्थामा गरिने यस्ता गिरफ्तारीलाई सरकारको अधिनायकवादी कार्यशैलीका रूपमा लिइन्छ । जनताको अभिभावकत्व निर्वाह गर्नु लोकतान्त्रिक सरकारको मुख्य कर्तव्य हो । जुन दिन अभिभावकत्व निर्वाह गर्न सरकार चुक्छ, त्यो दिन उसको वैधता कागजको खोस्टोमा परिणत हुन्छ भन्ने पाठ सिक्न धेरै टाढा जानु पर्दैन । एक वर्षअघि तत्कालीन जननिर्वाचित प्रधानमन्त्री केपी शर्मा ओलीको हविगतलाई प्रधानमन्त्री शाहले सम्झिए पुग्छ । राज्यका मुख्य तीन अंगमध्ये न्यायपालिकाको नेतृत्व गरिसकेका व्यक्ति मात्रै नभएर ७० वर्ष उमेर नाघेका वरिष्ठ नागरिकलाई समेत राज्यको हतियार बोक्नेहरूले गुन्डागर्दी शैलीमा उठाइएको यो नजिरले निश्चय पनि सर्वसाधारण नागरिकले संविधानप्रदत्त अभिव्यक्ति स्वतन्त्रताको हक उपभोग गर्न डराउनुपर्ने अवस्था आएको छ । जनताको संरक्षण नै लोकतान्त्रिक सरकारको अवधारणा हो । तर जुन सरकारसँग जनताले आफैँ असुरक्षित महसुस गर्नुपर्ने बाध्यता आउँछ, त्यसलाई अधिनायकवादी सरकार भनिन्छ । सरकारले लोकतन्त्रको आवरणमा अधिनायकवादी बाटो नरोजोस् ।

# नेपालको राजनीति, जेनजी आन्दोलन र राष्ट्रिय सार्वभौमिकताको गम्भीर समीक्षा



झलनाथ खनाल
(पूर्वप्रधानमन्त्री)

नेपालको राजनीतिमा जेनजी आन्दोलन र त्यससँग जोडिएका घटनाक्रमहरू सामान्य प्रशासनिक फेरबदल मात्र नभएर राष्ट्रिय सार्वभौमिकतामाथिको सुनियोजित प्रहारको शृंखला हो । देशको मौजुदा संविधानलाई तोडफोड गरी अस्थिरता सिर्जना गर्ने यी यत्नहरू पछाडि आन्तरिक नेतृत्वको चरम असफलता र बाह्य प्रतिक्रियावादीहरूको ठुलो षड्यन्त्र लुकेको छ । यस गम्भीर संकटको यथार्थपरक समीक्षा गर्नु आजको अपरिहार्य राष्ट्रिय आवश्यकता बनेको छ ।

त्यो घटना कुनै न कुनै प्रकारले देशलाई गम्भीर विध्वंश र अस्थिरतातर्फ धकेल्ने सुनियोजित षड्यन्त्र थियो । हाम्रो राष्ट्रिय स्वतन्त्रतालाई कमजोर बनाउने, सार्वभौम सत्तामा आँच पुऱ्याउने र समग्रमा साम्राज्यवादी शक्तिहरूले आफ्नो स्वार्थ अनुकूल देशलाई नियन्त्रणमा लिने दूषित उद्देश्यका साथ चालिएको एक खतरनाक कदम थियो । यद्यपि, यस्ता षड्यन्त्रहरूको अनुमान राजनीतिक वृत्तबाट सहजै लगाउन सकिन्थ्यो ।

घटनाक्रमहरू विकसित हुँदै जाँदा, म लगायत देशका अन्य जिम्मेवार नेताहरूलाई समेत विभिन्न सैन्य ब्यारेकहरूमा पुऱ्याइएको रहस्य खुल्दै गयो । भदौ २३ र २४ का घटनाहरूले सतहमा नेतृत्व परिवर्तनको बाहना देखाए पनि, भित्री रूपमा कतै राजतन्त्रको पुनरुत्थान गर्ने दुस्साहस त गरिएको होइन भन्ने गम्भीर शंका पैदा भयो । त्यतिबेला देखिएका अनेकौँ क्रियाकलाप, विभिन्न पात्रहरूको शंकास्पद सक्रियता र पृष्ठभूमिमा चालिएका खेलहरूले यी आशंकाहरूलाई थप बल पुऱ्याएका थिए ।

विशेष गरी, निर्मल निवासजस्ता स्थानहरूमा मानिसहरूको अनावश्यक र शंकास्पद आउजाउ अत्यधिक रूपमा बढ्नु, राजालाई पुनः गद्दीमा फर्काउने विवादास्पद अभिव्यक्तिहरू छ्यापछ्याप्ती आउनुले पनि यही कुराको संकेत गर्दथ्यो । तर, समय बित्दै जाँदा राजनीतिक परिस्थिति फेरिँदै गयो । देशको मौजुदा र पसिना बगाएर ल्याइएको संविधानलाई नै तोडफोड गरेर एक प्रकारको गैरकानुनी र असंवैधानिक अन्तरिम सरकार निर्माण गर्ने काम भयो । यो स्पष्ट रूपमा संविधान विरोधी र संवैधानिक व्यवस्थाका छिद्रहरूमा टेकेर जबर्जस्ती सरकार बनाउने अवाञ्छित अभ्यास थियो ।

यी सम्पूर्ण परिदृश्यहरूले मुलुकलाई पुनः प्रतिगामी र अन्धकार युगतिर धकेल्दै छ भन्ने कुरा प्रष्ट रूपमा देखाए । त्यसबेलाको हाम्रो प्रशासनिक संयन्त्रभित्र नेपाली सेना पनि जोडिएको छ, तर भदौ २३ र २४ को भयानक विध्वंश रोक्न सेनाले खेलेको भूमिका पटक्कै प्रभावकारी देखिएन । यी सबै तथ्यहरूलाई गहिरिएर हेर्दा, विश्वका अन्य विभिन्न देशहरूमा कथित प्रजातन्त्र वा परिवर्तनको खोल ओढेर जुन ‘रंगीन क्रान्ति’ का नाममा सत्तापलट हुने गरेका छन्, नेपालमा पनि यस्तै प्रतिरूप दोहोऱ्याइएको महसुस हुन्छ ।

यसको गतिलो उदाहरणका रूपमा युक्रेनको राजनीतिक घटनाक्रमलाई लिन सकिन्छ भने, हालसालै दक्षिण एसियाली क्षेत्रमै घटेको बंगलादेशको परिघटनालाई पनि यसैको कडीका रूपमा बुझ्न सकिन्छ । यी सबै घटनाक्रमहरूको निरन्तरता वा शृंखला नै नेपालमा पनि देखाइएको हो । नेपालमा जेजति घटनाहरू घटाइए, ती सबै सुनियोजित ढंगले सत्ता परिवर्तन गराउने र देशलाई गोलचक्करमा फसाउने विदेशी तथा स्वदेशी मोफसलका प्रयासहरू थिए ।

जब म ब्यारेकमा बन्दीको रूपमा थिएँ, यी सबै विषयहरू गहिरिएर सोच्ने अवसर मिल्यो । देशमा यति ठुलो राष्ट्रिय क्षति र विध्वंश भइरहँदा पनि राज्यसत्ता र सरकार पूर्ण रूपमा बेखबर र निरीह हुनुले मेरो मनमा सबैभन्दा बढी चोट पुऱ्यायो । हाम्रो देशमा यति ठुलो सुरक्षा संयन्त्र तैनाथ छ । सेना, नेपाल प्रहरी, राष्ट्रिय अनुसन्धान विभाग (गुप्तचर) तथा समग्र प्रशासनिक संरचना हुँदाहुँदै पनि ती निकायहरूले यति ठुलो षड्यन्त्रको सामान्य सुइँकोसमेत पाउन सकेनन् वा थाहा पाएर पनि थाहा नपाए झैँ किन मौन बसिदिए ?

यो प्रश्न आज गम्भीर रूपमा उब्जिएको छ । यो राष्ट्रको सुरक्षा र सार्वभौमिकतासँग जोडिएको अति संवेदनशील र गम्भीर विषय हो । यदि त्यसबेला सुरक्षा निकाय र विशेष गरी सेनाले अलि बढी सक्रिय, तत्पर र जिम्मेवार भूमिका निर्वाह गरेको भए, देशले यो तहको अपूरणीय क्षति बेहोर्नुपर्ने थिएन । धेरै ऐतिहासिक धरोहरहरू, सार्वजनिक सम्पत्ति र बहुमूल्य चिजहरूलाई जोगाउन सकिन्थ्यो भन्ने मलाई दृढविश्वास लाग्छ । अन्य प्रशासनिक निकायहरू पूर्ण रूपमा निष्क्रृय र प्रभावहीन बनेको त्यो घडीमा राष्ट्र र जनताको सम्पत्ति संरक्षण गर्ने आफ्नो प्रमुख कर्तव्यबाट सेना पनि एकप्रकारले चुकेको महसुस हुन्छ ।

### जनताप्रतिको बेइमानी

मैले राजनीति बुझ्न थालेदेखि नै आफ्नो सम्पूर्ण जीवन कम्युनिस्ट आन्दोलन र यो मुलुकको हितका निम्ति समर्पित गरेको छु । म जहाँजहाँ र जुनसुकै उच्च जिम्मेवारीमा रहेर काम गरेँ, सधैँ यसै मुलुकको उन्नति र प्रगतिको खातिर मात्र काम गरेँ । यद्यपि समय र परिस्थितिका आधारमा मेरा जिम्मेवारीहरू फेरिरहे, तर मेरो उद्देश्य यो देशलाई लगातार अग्रगति, सुशासन र समृद्धिको मार्गमा डोऱ्याउनु नै रह्यो ।

नेपालको कम्युनिस्ट आन्दोलनलाई आजको यो स्थानसम्म ल्याउन मैले आफ्नो ठाउँबाट सक्दो र इमानदार भूमिका निर्वाह गरेको छु । यही आन्दोलनलाई अगाडि बढाउने ऐतिहासिक क्रममा नै २०४६ सालको जनआन्दोलन सफल भयो । यदि सत्य कुरा गर्ने हो भने, हामी वामपन्थी शक्तिहरूले नै त्यो परिवर्तनको सबैभन्दा निर्णायक र अग्रगामी भूमिका खेलेका थियौँ । त्यसैगरी, देशमा राजतन्त्रको अन्त्य गरी संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना गर्ने २०६२-०६३ मा भएको जनक्रान्तिमा पनि वामपन्थी शक्तिहरूकै निर्णायक र अग्रगामी नेतृत्व रहेको थियो ।

मुलुकको वर्तमान संविधान निर्माण गर्ने क्रममा हामीले अनेकौँ जटिल राजनीतिक चुनौतीहरू र अवरोधहरूलाई पार गर्दै सफलता हासिल गरेका थियौँ । त्यसपछिका हरेक निर्वाचनमा आमजनसमुदायमा एउटा स्पष्ट विश्वास र बुझाइ थियो, राष्ट्रिय स्वाधीनताको पक्षमा खुलेर बोल्ने, श्रमजीवी जनताको जनजीविकाका मुद्दा उठाउने, लोकतन्त्रको रक्षा गर्ने र वास्तविक समाजवादको दिशामा देशलाई लैजाने शक्ति भनेको कम्युनिस्ट पार्टी नै हो ।

जनताको यही गहिरो विश्वास र सैद्धान्तिक बुझाइको आधारमा उनीहरूले निर्वाचनमा कम्युनिस्ट पार्टीलाई अत्यधिक मत दिएर जिताए । हामीले जनताका घरदैलोमा पुगेर पटक-पटक प्रतिज्ञा गरेका थियौँ कि यदि हामी सत्तामा पुग्यौँ भने देशमा क्रान्तिकारी भूमिसुधार लागू गर्नेछौँ, वैज्ञानिक कृषि क्रान्ति सम्पन्न गर्नेछौँ, कृषिलाई पूर्ण रूपमा आधुनिकीकरण गर्नेछौँ र मुलुकलाई तीव्र गतिमा औद्योगिकीकरणतर्फ लैजानेछौँ ।

देशभित्रै नयाँ उद्योगधन्दाहरू सञ्चालन गरेर लाखौँ युवाका लागि रोजगारीका अवसर सिर्जना गर्नेछौँ, शिक्षा र स्वास्थ्य क्षेत्रमा आमूल तथा गुणात्मक परिवर्तन ल्याउनेछौँ भनेर हामीले वाचा गरेका थियौँ । यति मात्रै होइन, देशका दूरदराजसम्म जनमुखी, सर्वसुलभ र गुणस्तरीय शिक्षा स्थापित गर्ने कुरालाई मुख्य प्रतिवद्धताका रूपमा अघि सारेर नै कम्युनिस्ट पार्टीलाई जनताले बलियो बनाएका थिए ।

तर, विडम्बना ! यस्ता मीठा र क्रान्तिकारी कुराहरू गरिरहँदा, सम्भवतः त्यो उन्नत राजनीतिक सोच, विचार र क्रान्तिकारी निष्ठाभन्दा पूर्णतया बेग्लै र अवसरवादी मान्छेहरूको हातमा पार्टीको नेतृत्व पुग्न गयो । खास गरी पहिलो ऐतिहासिक निर्वाचन पछि हामीले प्रतिनिधिसभा र राष्ट्रियसभा दुवैमा जुन दुर्लभ दुईतिहाइको शक्तिशाली बहुमत हासिल गरेका थियौँ, त्यसले जनताको उच्च अपेक्षालाई पूरा गर्न सकेन ।

सातै, प्रदेशहरू र स्थानीय तहका कैयौँ पालिकामा समेत कम्युनिस्ट पार्टीको एकलौटी वा दरो बहुमत रहेको थियो । स्थानीय तहमा त ४०० भन्दा बढी स्थानमा कम्युनिस्ट नेतृत्व नै विजयी भएको थियो । जब देशमा यति विशाल वाममय शक्ति र राजनीतिक अनुकूलता प्राप्त भयो, तब अबचाहिँ यो देश साँचो अर्थमा जनताको अपेक्षा र भावना अनुसार तीव्र गतिमा अगाडि बढ्छ भन्ने आमविश्वास पैदा भएको थियो ।

कम्युनिस्ट पार्टीले संकल्प गरेजस्तै देशमा कृषि क्रान्ति र औद्योगिक क्रान्तिको युग सुरु हुन्छ भन्नेमा सबै विश्वस्त थिए । अपार जनसमर्थनको दुरुपयोग र युवा पलायनको कहालीलाग्दो चित्र कमरेड केपी शर्मा ओली प्रधानमन्त्री बन्नुभएपछि उहाँको नेतृत्वमा बनेको सरकार नेपाली राजनीतिक इतिहासकै सर्वाधिक शक्तिशाली सरकार थियो । त्यो कुनै राजा वा तानाशाहीले थोपरेको सरकार नभई आमजनताबाट प्रत्यक्ष रूपमा निर्वाचित अभूतपूर्व शक्तिसहितको सरकार थियो ।

त्यस सरकारका सामु काम गर्नका लागि कुनै पनि प्रकारका नीतिगत वा अन्य बाधा-अवरोधहरू थिएनन् । उहाँले हाम्रा साझा एजेन्डा र कम्युनिस्ट पार्टीले सधैँ जनताका हितमा अगाडि सार्दै आएका पवित्र प्रतिबद्धताहरूलाई दृढतापूर्वक कार्यान्वयन गर्नुहुन्छ भन्ने गहिरो अपेक्षा पार्टीभित्र मात्र होइन, सम्पूर्ण आमजनतामा रहेको थियो । पार्टीका नेताकार्यकर्ता मात्र नभएर देशकै मुहार फेर्ने तागत उनको नेतृत्वसँग छ भन्ने विश्वास सर्वत्र थियो । तर, विडम्बनाको कुरा, क्रान्तिकारी भूमिसुधारको ‘भू’ अक्षर पनि उच्चारण भएन, कृषि क्रान्तिको ‘कृ’ पनि गरिएन, औद्योगिक क्रान्तिको ‘औ’ पनि लागू भएन, र शिक्षा-स्वास्थ्यजस्ता मौलिक क्षेत्रमा सुधारको ‘सु’ समेत देखिएन ।

परिणामस्वरूप, आमजनताको आर्थिक तथा सामाजिक अवस्था सुध्रिनुको साटो झन्-झन् दयनीय र बिग्रँदै गयो । नेपालमा राज्यको राजनीतिक व्यवस्था बदलिए पनि जनताको आधारभूत समस्या उही रह्यो । गाँस, बास, कपास, शिक्षा, स्वास्थ्य, रोजगारी र व्यक्तिगत सुरक्षाजस्ता आधारभूत आवश्यकताहरूको समस्या नेपाली जनताले २००७ सालको परिवर्तनदेखि नै भोग्दै आएका हुन् । पञ्चायतकालमा भएका ३५-३६ सालका छात्र तथा राजनीतिक आन्दोलनहरूमा पनि यही एजेन्डा थियो, २०४६ सालको ऐतिहासिक परिवर्तनको संघारमा पनि यी नै समस्याहरू प्रमुख थिए, र २०६२-०६३ सालको ठुलो राजनीतिक परिवर्तनपश्चात् पनि यी समस्याहरू जस्ताको तस्तै ज्यूँका त्यूँ रहिरहे ।

देशमा यति ठुलो वामपन्थी लहर र कम्युनिस्ट शासन हुँदा पनि वर्षौंदेखि यी नै आधारभूत समस्या भोगिरहेका जनताले अब त हाम्रा दिन फर्कन्छन् र यी समस्याहरू सधैँका लागि हल हुन्छन् भन्ने ठुलो अपेक्षा गरेका थिए । विकासका नाममा केवल कतै केही किलोमिटर कच्चा वा पक्की सडक बन्नु, केही क्षेत्रमा टेलिफोनका तार वा टावर जडान हुनु, केही संख्यामा विद्यालय वा कलेजहरू कागजी रूपमा विस्तार हुनु तर तिनमा कुनै गुणस्तर नहुनु, र केही सामान्य अस्पताल भवनहरू ठडिनु, यदि यतिलाई मात्रै विकासको सम्पूर्ण परिभाषा मान्ने हो भने, योभन्दा ठुलो दुर्भाग्य अर्को केही हुन सक्दैन ।

आमनेपाली जनताको आधारभूत इच्छा, आकांक्षा र न्यूनतम आवश्यकताहरूसमेत पूरा नभएपछि यसको परिणाम कति भयानक भयो भने, नेपालबाट सन् २०१६ देखि २०२६ सम्मको जम्मा १० वर्षको अवधिमा मात्रै करिब ८० लाख युवाहरू आफ्नो देश छोडेर बिदेसिएका छन् । यसले स्पष्ट रूपमा के देखाउँछ भने, समाजको ऊर्जाशील जनशक्ति मानिने १८ वर्षदेखि ५१ वर्ष उमेर समूहका करिब ८० लाख मानिसहरू देश छोडेर खाडी मुलुक वा अन्य पश्चिमी देशतिर पलायन भएका छन् ।

यसको अर्थ हो, देशको कुल जनसंख्याको करिब एकतिहाइ हिस्सा आज देश बाहिर बस्न बाध्य छ । ऐतिहासिक जनमत ल्याएर सरकारको उच्च सत्ता सम्हाल्न पुगेको कम्युनिस्ट पार्टी र त्यसको नेतृत्वको काँधमा यसको नैतिक तथा राजनीतिक जिम्मेवारी जान्छ कि जाँदैन ? के कम्युनिस्ट पार्टीका शीर्ष नेताहरूले यसको जबाफदेहिता लिन पर्दैन ? योसामान्य मतदाता, साधारण कार्यकर्ता वा भुइँमान्छेहरूको कमजोरी होइन, यो त सिधै देश हाँक्ने जिम्मेवार नेताहरूको ठुलो असफलता र लाचारीको परिणाम हो ।

### आन्तरिक असफलता र रंगीन क्रान्तिको चक्रब्यूह

जुन जुन नेताहरूले आफ्ना गलत नीतिहरू, वैचारिक विचलन र गलत कार्यदिशालाई अगाडि सार्दै जनताका पक्षमा गरिएका वाचा र एजेन्डाहरूलाई एक इन्च पनि लागू गरेनन्, उनीहरूकै कारण आज देश गम्भीर संकटमा फसेको छ । यसैको दुष्परिणामस्वरूप एकातिर देशका लाखौँ युवाहरूको ठुलो संख्या विदेश पलायन हुने स्थिति आयो भने, अर्कोतिर देशमै बसिरहेका नागरिकहरूको मनमा समेत राज्यप्रति व्यापक निराशा, आक्रोश र असन्तुष्टि पैदा हुने विस्फोटक वातावरण सिर्जना भयो ।

जनतामा देखिएको यही चरम असन्तुष्टि र निराशालाई चतुरतापूर्वक क्यास गर्दै देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूले नेपालको आन्तरिक राजनीतिमा खेल्ने अवसर पाए र देशमा सुनियोजित रूपमा तथाकथित ‘रंगीन क्रान्ति’ को वीजारोपण गरे । त्यसै रंगहीन क्रान्तिको विकृत उपजका रूपमा भदौ २३ र २४ को दुःखद् परिणाम हाम्रासामु आएको छ ।

यस सम्पूर्ण राजनीतिक घटनाक्रम र संकटका मूलतः दुईवटा पाटाहरू विद्यमान छन्, एउटा बाह्य पाटो र अर्को आन्तरिक पाटो । यीमध्ये सबैभन्दा प्रमुख र जिम्मेवार कारणचाहिँ हाम्रो आफ्नै आन्तरिक कमजोरी, वैचारिक पतन र अदूरदर्शिता नै हो । यद्यपि, यसमा बाह्य भूराजनीतिक पाटोलाई पनि नकार्न सकिँदैन । विभिन्न देशी तथा विदेशी प्रतिक्रियावादी शक्तिहरूले नेपालको यो अस्थिरतामा आफ्नो स्वार्थपूर्तिको खेल खेलेका छन् । तिनै बाह्य र आन्तरिक शक्तिहरूको षड्यन्त्रपूर्ण भूमिकाकै कारण भदौ २४ को त्यो महाविध्वंश र देशको सरकार अचानक परिवर्तन हुन पुग्यो ।

त्यसपछिका दिनहरूमा लोकतान्त्रिक मूल्यमान्यता र विधिसम्मत प्रक्रियालाई समेत बेवास्ता गर्दै मनोमानी ढंगबाट फागुन २१ का लागि चुनावको घोषणा गराइयो । अहिले विभिन्न राजनीतिक तिकडम र चलखेलका फेरबदलहरू मिलाएर राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) को नेतृत्वमा सरकार निर्माण गरिएको वर्तमान परिस्थिति हामीसामु प्रष्ट छ ।

# बाल अधिकार : कानुनमा थुप्रै व्यवस्था, व्यवहारमा दयनीय अवस्था



अनुषा थापा

> कुनै पनि बालक जन्मिएपछि उसको शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ । यहाँ गरिबको घरमा जन्मिनु नै अपराधजस्तै भएको छ । न उनीहरूले पढ्न पाएका छन् न त स्वास्थ्य उपचार । पेट पाल्नकै लागि उनीहरू होटेलमा मजदुरी गर्न, चिया पुऱ्याउन र भाडा माइन बाध्य छन् ।

कानुनले १८ वर्षमुनिका नागरिकलाई नाबालिग र ७० वर्ष नाघेकालाई ज्येष्ठ नागरिक भनेको छ । यी दुवै उमेर समूह विशेष हेरचाह र संरक्षण आवश्यक पर्ने वर्ग हुन् । तर, के उनीहरूले राज्यबाट यस्तो संरक्षण पाएका छन् ? नेपालको संविधानले बालबालिका र ज्येष्ठ नागरिकका लागि थुप्रै अधिकार सुनिश्चित गरे पनि व्यवहारमा त्यो कार्यान्वयन भएको छैन । परिणामस्वरुप, बालबालिका र ज्येष्ठ नागरिकहरू सडकमा मागेर खान बाध्य छन् ।

गत असोज ९ को झमझमी पानीमा राजधानीको नयाँ बानेश्वरस्थित आकाशे पुलमा ७-८ वर्षका बालक प्लास्टिक ओढेर माग्न बसेका थिए । यो त एउटा प्रतिनिधि उदाहरण मात्र हो । ठाउँ-ठाउँमा यस्तै साना बालबालिका माग्न बाध्य छन् । भक्तपुरको सिर्जनानगर बसस्टप नजिकैको एउटा चिया पसलमा ६-७ वर्षका बालक बिहानैदेखि भाँडा माझिरहेका हुन्छन् । त्यहाँ चिया खान पत्रकार, मानवअधिकारकर्मी, नेता र ट्राफिक प्रहरीसमेत पुग्छन्, तर कसैको ध्यान यसतर्फ पुगेको देखिँदैन ।

त्यसैको नजिकै अर्को मिठाइ पसलमा पनि ५-६ वर्षका बालकलाई भाँडा माझ्न राखिएको छ । काम गरेबापत खानेकुरा दिएर ती बालकलाई बालश्रममा लगाइएको छ । पसल सञ्चालकका छोराछोरी इन्जिनियर पढ्दै छन्, तर ती बालक भने शिक्षाको अधिकारबाट वञ्चित छन् । नेपालको कानुनले १८ वर्षमुनिका बालबालिकालाई काममा लगाउन नपाउने र अनिवार्य शिक्षा दिनुपर्ने व्यवस्था गरेको छ । तर, देशको प्रमुख प्रशासकीय केन्द्र सिंहदरबार नजिकैदेखि देशैभर बालबालिका श्रम शोषणमा परेका छन् ।

कुनै पनि बालक जन्मिएपछि उसको शिक्षा र स्वास्थ्यको जिम्मा राज्यले लिनुपर्छ । यहाँ गरिबको घरमा जन्मिनु नै अपराधजस्तै भएको छ । न उनीहरूले पढ्न पाएका छन् न त स्वास्थ्य उपचार । पेट पाल्नकै लागि उनीहरू होटेलमा मजदुरी गर्न, चिया पुऱ्याउन र भाडा माझ्न बाध्य छन् । सार्वजनिक यातायातमा ६-७ वर्षका बालबालिकालाई सहचालक राखिएको छ्याप्छ्याप्ती देखिन्छ । कबाडी संकलनमा लागेका बालबालिकाले दिनभरको श्रमबाट २० देखि ५० रुपैयाँ पाउँछन् र धेरैजसो गलत संगतमा फस्छन् ।

बाटोमा बालबालिकाले प्लास्टिकको झोलामा लागुऔषध (नशालु पदार्थ) सुँघ्दै हिँडेको दृष्य सामान्य बन्दै गएको छ । हुनेखाने वर्गले अझै पनि घरमा बालबालिकालाई घरेलु कामदारको रूपमा राखेर शोषण गरिरहेका छन् । उनीहरूलाई कुटपिट गर्ने, जुठो खुवाउने र भऱ्याङमुनि सुताउने जस्ता अमानवीय व्यवहार गरिन्छ । माफियाहरूले बालबालिकालाई सडकमा माग्न लगाएर उनीहरूको कमाइ खोस्ने गरेका छन् ।

मठमन्दिर र सार्वजनिक स्थलमा यस्ता बालबालिका थुप्रै भेटिन्छन्, तर सरकारको नजर पुग्न सकेको छैन । विगतमा काठमाडौँ महानगरपालिकाका मेयरले सांसदको घरबाट बालिको उद्धार गरेको घटना बाहिर आएको थियो । यदि सरकारले कडा अनुगमन गर्ने हो भने घरैपिच्छे यस्ता बालबालिका भेटिन्छन् । बालबालिकाको अधिकार रक्षाका लागि मन्त्रालय र संघसंस्थाहरू भए पनि प्रभावकारी काम हुन सकेको छैन । धनीका छोराछोरी महँगा विद्यालयमा पढ्छन् र विदेश जान्छन्, तर गरिबका बालबालिका कुलतमा फस्दै छन् ।

घर ढलान गर्ने कामदेखि सडकमा पानी र सामान बेच्न बालबालिका प्रयोग भइरहेका छन् । उनीहरूको ज्यानको सुरक्षाको जिम्मा कसले लिने ? बालबालिकाको क्षेत्रमा काम गर्ने भनिएका संघसंस्थाहरू र सरकार मौन छन् । राज्यले जनप्रतिनिधि र कर्मचारीको सेवा-सुविधा कटौती गरेर भए पनि यी बालबालिकाको शिक्षा र पालनपोषणमा लगानी गर्नुपर्छ । बालबालिका देशका कर्णधार हुन्, उनीहरूलाई सही बाटोमा डोहोऱ्याउन सकिएन भने देशको भविष्य अन्धकार हुन्छ ।

सरकारले तत्काल सडक बालबालिकाको उद्धार गरी उनीहरूलाई पठनपाठन र स्वास्थ्य उपचारको व्यवस्था मिलाउनुपर्छ । सम्बन्धित मन्त्रीहरूले अनुगमनलाई तीव्र बनाउनु आवश्यक छ । कानुन र कागजमा मात्र होइन, व्यवहारमै बालअधिकार कार्यान्वयन गरिनुपर्छ । देशमा जन्मदर घटिरहेको अवस्थामा उपलब्ध बालबालिका पनि कुलतमा फस्नु देशका लागि ठुलो क्षति हो । तसर्थ, सरकारले गम्भीर भएर सडक बालबालिका र असहाय ज्येष्ठ नागरिकको व्यवस्थापन तत्काल गरोस् ।

## आजको राशिफल

| | | | | | |
|---|---|---|---|---|---|
| मेष | मतभेद । | मिथुन | वाहन सुख । | सिंह | मनमा अशान्ति । |
| वृष | महान कष्ट । | कर्कट | अधिक ब्यय । | कन्या | छातीमा विकार । |
| तुला | मन प्रसन्न । | धनु | रोग मुक्त । | कुम्भ | धन लाभ । |
| वृश्चिक | कडा परिश्रम । | मकर | रोग भय । | मीन | राज्य पक्ष्यवाट सम्मान |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# मधेसमा भयावह कुपोषण

## ३१ प्रतिशत बालबालिकामा पुड्कोपना, आधाभन्दा बढी महिला र बालबालिकामा रक्तअल्पता

■ प्रमोद कुमार साह

जनकपुरधाम । अन्न उत्पादनका हिसाबले मुलुककै महत्त्वपूर्ण प्रदेश मानिने मधेसमा बालबालिका र महिलाको पोषण अवस्था भने खासै सुधार आउन सकेको छैन, बरु गम्भीर संकटतर्फ उन्मुख देखिएको छ। खाद्यान्न उत्पादनमा अगाडि रहेको प्रदेशमै ५ वर्षमुनिका झन्डै एकतिहाइ बालबालिका पुड्कोपनाको समस्याबाट प्रभावित हुनुका साथै आधाभन्दा बढी महिला र बालबालिका रक्तअल्पताबाट पीडित रहेको तथ्यांकले मधेसको पोषणसम्बन्धी विरोधाभासलाई उजागर गरेको छ।

पोषणका लागि पर्याप्त बजेट छँदा पनि त्यसको कार्यान्वयनमा कमजोरी भएको कारणले प्रगति हुन नसकी मधेस प्रदेशमा कुपोषणको अवस्था दिनानुदिन भयावह हुँदै गइरहेको देखिएको छ।

मधेस प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयअन्तर्गत स्वास्थ्य निर्देशनालयले दिएको जानकारीअनुसार मधेसमा कुपोषण केवल स्वास्थ्य क्षेत्रको समस्या नभई गरिबी, अशिक्षा, बालविवाह, खाद्य असुरक्षा, कमजोर सरसफाइ तथा खानेपानी र जलवायु परिवर्तनसँग जोडिएको बहुआयामिक समस्या बनेको छ।

मधेस प्रदेशमा ५ वर्षमुनिका ३१.१ प्रतिशत बालबालिका पुड्कोपनाबाट प्रभावित छन्। राष्ट्रिय औसत २६.२ प्रतिशत रहेको अवस्थामा मधेसको अवस्था त्यसको तुलनामा करिब ५ प्रतिशत अंकले बढी हो। बालबालिकाको उमेरअनुसार उचाइ नबढ्नु दीर्घकालीन कुपोषणको संकेत मानिन्छ। यसले बालबालिकाको शारीरिक विकाससँगै सिकाइ क्षमता र भविष्यको उत्पादकत्वमा समेत असर पार्न सक्ने भएकाले यो तथ्यांकलाई प्रदेशको दीर्घकालीन मानव विकाससँग जोडेर हेर्नुपर्ने अवस्था देखिन्छ।

मधेसमा दुब्लोपनाको अवस्था पनि चिन्ताजनक छ। प्राप्त तथ्यांकमा ५ वर्षमुनिका बालबालिकामा दुब्लोपनाको दर ७.४ प्रतिशत देखाइएको छ। यद्यपि विभिन्न सर्वेक्षणमा यो दर फरक-फरक देखिन्छ। राष्ट्रिय पोषण स्क्रिनिङ अभियान २०८२/०८३ मा मधेसको दुब्लोपनाको दर १२.३ प्रतिशतसम्म देखिएको छ। अझ गम्भीर पक्ष के छ भने देशभर दुब्लोपनाको उच्च दर भएका २० जिल्लामध्ये ७ जिल्ला मधेस प्रदेशमै पर्छन्। सप्तरी, सर्लाही, सिरहा, रौतहट, धनुषा, महोत्तरी र बारामा समस्या तुलनात्मक रूपमा बढी देखिएको छ।

सर्लाहीको हरिपुर नगरपालिकामा दुब्लोपनाको दर २४.८ प्रतिशतसम्म पुगेको तथ्यांकले स्थानीय तहगत असमानता पनि देखाउँछ। यसको अर्थ प्रदेशको औसत तथ्यांकले मात्रै सबै क्षेत्रको वास्तविक अवस्था प्रतिनिधित्व नगर्न सक्छ। केही स्थानीय तहमा बालबालिकाको पोषण अवस्था प्रदेशको औसतभन्दा निकै कमजोर रहेको देखिन्छ।

त्यस्तै, मधेसका २३.२ प्रतिशत बालबालिका उमेरअनुसार कम तौलका छन्। ६ देखि ५९ महिनासम्मका बालबालिकामध्ये ५०.६ प्रतिशतमा रक्तअल्पता रहेको तथ्यांकले देखाएको छ। अर्थात् ५ वर्षमुनिका प्रत्येक २ बालबालिकामध्ये करिब १ जना एनिमियाबाट प्रभावित छन्।

बालबालिकाको पोषण अवस्थासँगै प्रदेशका महिलाको स्वास्थ्य पनि उत्तिकै चुनौतीपूर्ण देखिएको छ। १५ देखि ४९ वर्ष उमेर समूहका ५२.४ प्रतिशत महिलामा रक्तअल्पता रहेको तथ्यांक छ। यो सातै प्रदेशमध्ये उच्च दर हो। महिलामा रक्तअल्पताको उच्च दरले गर्भावस्था, प्रसूति र नवजात शिशुको स्वास्थ्यमा समेत थप जोखिम सिर्जना गर्न सक्ने भएकाले यसलाई केवल महिलाको व्यक्तिगत स्वास्थ्य समस्याका रूपमा हेर्न नसकिने अवस्था छ।

मधेसमा मातृ तथा बाल पोषण कमजोर हुनुका पछाडि सामाजिक संरचना र जीवनशैलीसँग जोडिएका कारणसमेत देखिन्छन्। तथ्यांकअनुसार २० देखि ४९ वर्ष उमेर समूहका ७१ प्रतिशत महिलाको विवाह १८ वर्ष नपुग्दै भएको देखिन्छ। बालविवाहका कारण किशोरावस्थामै गर्भधारण हुने अवस्था सिर्जना हुँदा आमा र शिशु दुवैको पोषण तथा स्वास्थ्यमा जोखिम बढ्ने गरेको छ।

अर्कोतर्फ, बालबालिकाले पर्याप्त र विविधतायुक्त खाना नपाउनु पनि पोषण संकटको महत्त्वपूर्ण कारण देखिएको छ। ६ देखि २३ महिनासम्मका ८ हजार ८६३.२ प्रतिशत बालबालिका 'बाल खाद्य गरिबी'को अवस्थामा रहेको तथ्यांकमा देखिएको छ। त्यसमध्ये ३०.२ प्रतिशत बालबालिकाले अत्यन्त न्यून र अपर्याप्त आहार मात्र पाउने गरेका छन्।

बालबालिकाको दैनिक खानामा अन्डा, माछा, मासु, हरियो सागपात तथा फलफूलजस्ता पोषक खाद्यवस्तुको पर्याप्त समावेश नहुनु अर्को चुनौती हो। खाद्यान्नको उत्पादन हुने प्रदेशमा नै पोषणयुक्त तथा विविध खानाको उपभोग कम हुनु मधेसको पोषण संकटको महत्त्वपूर्ण विरोधाभासका रूपमा देखिएको छ।

पोषणमा देखिएको संकटको अर्को तह आर्थिक र सामाजिक अवस्थासँग जोडिएको छ। प्राप्त तथ्यांकमा मधेसका २४.२ प्रतिशत जनता बहुआयामिक गरिबीको अवस्थामा छन्। प्रदेशको मानव विकास सूचकांक ०.५५३ रहेको उल्लेख गरिएको छ। गरिबीका कारण परिवारले पर्याप्त तथा विविध खाद्यवस्तु खरिद गर्न नसक्ने अवस्था सिर्जना हुँदा त्यसको प्रत्यक्ष असर बालबालिका र महिलाको पोषणमा पर्ने गरेको छ।

शिक्षाको अवस्था पनि पोषणसँग प्रत्यक्ष रूपमा जोडिएको देखिन्छ। मधेसको समग्र साक्षरता दर ६३.५ प्रतिशत र महिला साक्षरता दर ५४.७ प्रतिशत रहेको तथ्यांक छ। पोषणसम्बन्धी जानकारी, बालबालिकाको खानपान, सरसफाइ र स्वास्थ्य सेवाको प्रयोगमा आमाको शिक्षाको भूमिका महत्त्वपूर्ण हुने भएकाले कमजोर महिला साक्षरताले पोषण सुधारका प्रयासमा समेत चुनौती थपेको देखिन्छ।

खानेपानी र सरसफाइको अवस्थाले पनि कुपोषणलाई थप जटिल बनाइरहेको छ। तथ्यांकमा मधेसका ६५ प्रतिशत घरधुरीको खानेपानीमा ई. कोलाई जीवाणुको प्रदूषण पाइएको छ। त्यस्तै ९.५ प्रतिशत मुहानमा आर्सेनिकको मात्रा तोकिएको सीमाभन्दा बढी रहेको उल्लेख छ। दूषित पानीका कारण हुने पटक-पटकका संक्रमण र झाडापखालाले बालबालिकाले खाएको पोषक तत्त्व शरीरले पर्याप्त रूपमा अवशोषण गर्न नसक्ने अवस्था सिर्जना गर्न सक्छ।

जलवायु परिवर्तनले पनि मधेसको पोषण संकटमा थप दबाब सिर्जना गरिरहेको छ। बाढी, खडेरी र कृषि उत्पादनमा आउने उतारचढावले खाद्य सुरक्षामा असर पार्दा कृषि तथा दैनिक ज्यालादारीमा निर्भर परिवार बढी प्रभावित हुन सक्छन्। यस्तो अवस्थामा पोषणसम्बन्धी समस्या स्वास्थ्य संस्थाबाट उपचार गरेर मात्रै समाधान हुने अवस्था देखिँदैन।




यही चुनौतीलाई सम्बोधन गर्न मधेस प्रदेश सरकारले बहुक्षेत्रीय पोषण योजना तेस्रो तथा पोषणमैत्री स्थानीय शासनमार्फत कार्यक्रम अघि बढाएको जनाएको छ। हालै जनकपुरधाममा सम्पन्न मधेस प्रदेश पोषण शिखर सम्मेलनले 'मधेस प्रतिबद्धता' जारी गर्दै सन् २०२९ सम्म प्रदेशलाई पोषणमैत्री प्रदेश घोषणा गर्ने लक्ष्यसमेत तय गरेको छ।

प्रदेश सरकारले सन् २०३० सम्ममा विद्यमान रक्तअल्पताको दर कम्तीमा ४० प्रतिशतले घटाउने, स्थानीय तथा रैथाने पोषिला खाद्यवस्तुको प्रवर्द्धन गर्ने, विद्यालयको दिवा खाजालाई थप पोषिलो बनाउने तथा कुपोषणको शीघ्र पहिचान र उपचारलाई प्रभावकारी बनाउने लक्ष्य अघि सारेको छ।

यससँगै डिजिटल फ्यामिली हेल्थ फोल्डर, कुपोषणको एकीकृत व्यवस्थापन, पोषण पुनःस्थापना केन्द्रको विस्तार तथा विपन्न परिवारलाई खाद्य सहायता परिचयपत्र उपलब्ध गराउने योजनासमेत अघि सारिएको छ।

### मधेस प्रदेशका कुपोषण 'हटस्पट' पालिकाहरू

| क्र.सं. | स्थानीय तह | ख्याउटेपन प्रतिशत | गम्भीर ख्याउटेपन % | जिल्ला |
|---|---|---|---|---|
| १ | हरिपुर नगरपालिका | २४.८ | ८.८ | सर्लाही |
| २ | रामगोपालपुर नगरपालिका | २०.१ | ७.० | महोत्तरी |
| ३ | मौलापुर नगरपालिका | २०.१ | ६.८ | रौतहट |
| ४ | राजपुर नगरपालिका | १९.७ | ६.० | रौतहट |
| ५ | देवताल गाउँपालिका | १९.७ | ७.४ | बारा |
| ६ | नवराजपुर गाउँपालिका | १९.५ | ५.० | सिरहा |
| ७ | कबिलासी नगरपालिका | १९.५ | ५.४ | सर्लाही |
| ८ | चक्रघट्टा गाउँपालिका | १९.२ | ५.३ | सर्लाही |
| ९ | बरियारपट्टी गाउँपालिका | १८.७ | ५.१ | सिरहा |
| १० | गुजरा नगरपालिका | १८.७ | ७.० | रौतहट |
| ११ | डाक्नेश्वरी नगरपालिका | १८.१ | ४.८ | सप्तरी |
| १२ | देवाही गोनाही नगरपालिका | १७.८ | ४.१ | रौतहट |
| १३ | छिन्नमस्ता गाउँपालिका | १७.७ | ३.५ | सप्तरी |
| १४ | ईश्वरपुर नगरपालिका | १७.६ | ५.१ | सर्लाही |
| १५ | महोत्तरी गाउँपालिका | १७.५ | ४.५ | महोत्तरी |
| १६ | अग्निसाइर कृष्णासवरण गाउँपालिका | १७.४ | ३.९ | सप्तरी |
| १७ | बरहथवा नगरपालिका | १७.४ | ४.२ | सर्लाही |
| १८ | सुवर्ण गाउँपालिका | १७.१ | ५.९ | बारा |
| १९ | तिरहुत गाउँपालिका | १६.९ | ३.१ | सप्तरी |
| २० | धनौजी गाउँपालिका | १६.९ | ३.७ | धनुषा |
| २१ | भगवानपुर गाउँपालिका | १६.७ | ३.२ | सिरहा |
| २२ | बलान-बिहुल गाउँपालिका | १६.६ | २.६ | सप्तरी |
| २३ | विष्णु गाउँपालिका | १६.६ | ५.५ | सर्लाही |
| २४ | परसा गाउँपालिका | १६.५ | ३.६ | सर्लाही |
| २५ | औरही गाउँपालिका | १६.४ | ४.० | धनुषा/सिरहा |
| २६ | बारागढी गाउँपालिका | १६.४ | ३.९ | बारा |
| २७ | लक्ष्मीपुर पतारी गाउँपालिका | १६.१ | ३.२ | सिरहा |
| २८ | कौडेना गाउँपालिका | १६.१ | ४.६ | सर्लाही |
| २९ | बौधीमाई नगरपालिका | १६.१ | ६.६ | रौतहट |
| ३० | तिलाठी कोइलाडी गाउँपालिका | १६.० | ३.६ | सप्तरी |
| ३१ | नरहा गाउँपालिका | १५.७ | ३.५ | सिरहा |
| ३२ | रामनगर गाउँपालिका | १५.७ | ५.५ | सर्लाही |
| ३३ | जनकनन्दिनी गाउँपालिका | १५.६ | ३.५ | धनुषा |
| ३४ | सुरुङ्गा नगरपालिका | १५.४ | ३.१ | सिरहा |
| ३५ | मनरा शिसवा नगरपालिका | १५.४ | ४.१ | महोत्तरी |
| ३६ | धनकौल गाउँपालिका | १५.३ | ३.६ | सर्लाही |
| ३७ | पोखरिया नगरपालिका | १५.२ | ६.८ | पर्सा |
| ३८ | खडक नगरपालिका | १५.१ | २.४ | सप्तरी |
| ३९ | राजगढ गाउँपालिका | १५.१ | ३.२ | सप्तरी |
| ४० | दुर्गा भगवती गाउँपालिका | १५.१ | ४.४ | रौतहट |
| ४१ | बोदेबरसाइन नगरपालिका | १५.० | २.७ | सप्तरी |
| ४२ | गौर नगरपालिका | १५.० | ७.४ | रौतहट |

### बजेट छ तर प्रगति जिरो

मधेस प्रदेशमा कुपोषण न्यूनीकरणका लागि संघ र प्रदेश सरकारबाट पर्याप्त बजेट विनियोजन हुँदै आए पनि त्यसको अपेक्षित परिणाम देखिन नसकेको स्वास्थ्य क्षेत्रका अधिकारीहरूले बताएका छन्। पोषणको अवस्था पहिचान गरेर लक्षित क्षेत्रमा बजेट विनियोजन गरिए पनि कार्यान्वयनमा इमानदारी र प्रभावकारिता नदेखिँदा मधेस प्रदेश कुपोषणको दृष्टिले देशकै 'रेड जोन' बनेको स्वास्थ्य मन्त्रालयका सचिव डा. प्रमोद यादवले बताएका छन्।

स्वास्थ्य मन्त्रालय, मधेस प्रदेशका सचिव डा. यादवका अनुसार पोषण सुधारका लागि संघ र प्रदेश तहबाट बजेटको अभाव छैन। विभिन्न क्षेत्रमा पोषणको अवस्था पहिचान गरेर सोहीअनुसार बजेट विनियोजन गरिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसक्दा कुपोषणको समस्या अपेक्षित रूपमा घट्न नसकेको हो। 'कुपोषणको अवस्था हेर्दा हामी कर्णालीभन्दा पनि पछाडि छौँ,' उनले भने, 'अन्य प्रदेशमा अवस्था तुलनात्मक रूपमा सामान्य छ। कोसी प्रदेशका केही स्थानमा देखिएको समस्या पनि मधेस प्रदेशसँग जोडिएका क्षेत्रहरूमा बढी देखिन्छ।'

मधेसमा पोषणका नाममा बजेट विनियोजनको अवस्था हेर्दा रकमको कमी देखिँदैन। स्वास्थ्य निर्देशनालयमा मात्रै पोषण सामग्री वितरणका लागि ९ करोड ७६ लाख रुपैयाँ विनियोजन गरिएको छ। तर, अर्कोतर्फ पोषणसम्बन्धी छलफल, अन्तरक्रिया र कार्यक्रमका लागिसमेत पटक-पटक छुट्टाछुट्टै बजेट विनियोजन हुने गरेको देखिन्छ। कतिपय कार्यक्रममा छलफल तथा अन्तरक्रियाकै लागि ५ लाख रुपैयाँसम्म छुट्याउने गरिएको छ। यसले पोषण सुधारका लागि विनियोजन भएको बजेटको ठुलो हिस्सा प्रत्यक्ष परिणाम दिने कार्यक्रमभन्दा बैठक, छलफल र अन्तरक्रियामै खर्च भइरहेको त होइन भन्ने प्रश्नसमेत उठाएको छ। प्रदेश कुपोषणको उच्च जोखिममा रहेको अवस्थामा समस्या पहिचानपछि त्यसको कारण र प्रभावित समुदायलाई केन्द्रमा राखेर स्पष्ट कार्ययोजना तथा परिणाममुखी कार्यक्रम अघि बढाउनुपर्ने आवश्यकता देखिन्छ।

स्वास्थ्य मन्त्रालयका उपसचिव राजेश कर्णका अनुसार मधेसमा पोषण संकटको आकार हेर्दा घोषणा गरिएका लक्ष्यलाई व्यवहारमा उतार्नु नै मुख्य चुनौती हो। बालबालिकामा देखिने पुड्कोपना, दुब्लोपना र कम तौल तथा महिला र बालबालिकामा देखिने उच्च रक्तअल्पता एउटै कारणबाट उत्पन्न नभएकाले यसको समाधान पनि एउटै क्षेत्रको प्रयासबाट सम्भव नहुने उनको भनाइ छ। उनका अनुसार कुपोषणलाई केवल स्वास्थ्य क्षेत्रको समस्याका रूपमा बुझ्दा यसको दीर्घकालीन समाधान सम्भव हुँदैन। स्वास्थ्य मन्त्रालय वा स्वास्थ्य संस्थाले उपचार र सचेतनाको क्षेत्रमा काम गर्न सक्ने भए पनि पोषणसँग जोडिएका अन्य सामाजिक तथा आर्थिक पक्षलाई समानान्तर रूपमा सम्बोधन गर्न आवश्यक छ।

सचिव डा.यादवका अनुसार कृषि उत्पादन बढाउने नीतिले मात्रै पर्याप्त पोषण सुनिश्चित गर्न सक्दैन भने स्वास्थ्य सेवा विस्तारले मात्रै खाद्य गरिबी अन्त्य हुँदैन। परिवारको आम्दानी, खाद्य विविधता, महिला शिक्षा, बालविवाह न्यूनीकरण, सुरक्षित खानेपानी, सरसफाइ, कृषि उत्पादन र सामाजिक सुरक्षाजस्ता विषयलाई एउटै रणनीतिमा जोडेर अघि बढाउनुपर्ने आवश्यकता छ। पोषण सुधारमा राज्यको लगानीसँगै परिवारको व्यवहार र दैनिक खानपानको भूमिकासमेत महत्त्वपूर्ण रहेको डा.यादव बताउँछन्। उनका अनुसार बाहिरी तथा अस्वस्थ खानपानमा निर्भरता घटाउँदै घरमै उपलब्ध हुने विविध र पोषणयुक्त खाद्य सामग्रीको प्रयोग बढाउन सकिए कुपोषण न्यूनीकरणमा सहयोग पुग्न सक्छ।

**Malaysia मा रोजगार** KARGOYA SDN. BHD. पुर्न विज्ञापन

पुर्व स्वीकृती मिति: २०८३/२/२२ चलानी नं.६०२५६३४१ LT No.: 343102

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Warehousemen | 33 | 0 | साक्षर | 1700 | ६४,६४०।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तरवार्ता २०८३ असोज २० (6 oct 2026) यस प्रा.लि.को कार्यालय, कुपन्डोल, ललितपुरमा हुनेछ।

AIR KINGS PLACEMENT PVT. LTD.
Kupondole, Lalitpur, Nepal. Tel.: 01-5524006, 5427196
Contact Person : 9841250386 (Pramod Giri)
Gov. Lic No. 712/064/065

महाबु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
गैडाबाज, दैलेख
कर्णाली प्रदेश, नेपाल

**उपभोक्ता हित संरक्षणमा जारी सूचना**

**उद्योग तथा व्यवसायका लागि :**

१. विक्रेताले विक्री वितरण हुने समानको मुल्यसूची स्पष्टरुपमा देखिने गरी विक्री कक्षमा राख्नुपर्नेछ।
२. नापतौल यन्त्र खरिद गरेको ३५ दिन भित्र अनिवार्य रुपमा नापतौल कार्यालयबाट अनुमतिपत्र लिई मात्र प्रयोग गर्ने।
३. आफुले प्रयोग गरेको नापतौल तथा नाप्ने तौलने यन्त्रहरु (ढक काँटा, लिटर, मिटर) तोकिएको समयमा जाँच तथा नवीकरण गराउने।
४. नापतौल तथा नाप्ने तौलने यन्त्रहरु बिक्री गर्नु परेमा अनिवार्य रुपमा सम्बन्धीत आपतौल कार्यालयबाट इजाजत पत्र लिवर मात्र विक्री वितरण गर्ने।
५. खरिद गरेको सामानको जाप वा तौल शंका लागेमा पुनः तौल गर्न लगाउने।
६. नापतौल सम्बन्धी कुनै शंका वा गुनासो भए गुणस्तर तथा नापतौल कार्यालयमा जानकारी उजुरी दिने।
७. होटल व्यवसायमा खानेकुराको सम्पर्कमा आउने सम्पूर्ण उपकरण, भाँडा, बर्तन तथा सतहलाई साथमा प्रयोग गर्ने सकिने जीवाणुनासक वस्तु (सेजिटाईजर) र तातोपानी प्रयोग गरी सरसफाई गर्नुपर्ने छ।
८. किट (हानिकारक जीव)हरुको नियन्त्रण गर्ने पर्याप्त व्यवस्था हुनुपर्ने छ।
९. विमारी परेका वा झाडापखाला लागेका भनिएका कामदारहरुलाई पछिल्लो पटक त्यस्तो लक्षण देखिएको दिन देखि ४८ घण्टासम्म काममा नलगाउने।
१०. खाने (पकाउने) तेल एउटा पदार्थ पकाईसकेपछी नियमितरुपमा फेरबदल गर्नुपर्नेछ।
११. खानेकुरालाई कम्तिमा ७५ डिग्री सेल्सियस तापक्रममा पुग्ने गरि राम्ररी पकाउनु पर्नेछ।
१२. वासी सडेगलेका अस्वाभाविक गन्ध, रंग तथा स्वाद भएका खाद्यपदार्थ उपभोग नगरौं।
१३. मासु दुग्ध पदार्थ माछा तथा अण्डा लगायत छिटो सहीगली जाने खानेकुराहरुलाई ५ डिग्री सेल्सियस वा सो भन्दा तलको तापक्रममा रेफ्रिजेनेरेटरमा भण्डारण गर्ने र त्यसमा भण्डारण मिति तथा समय ठिकसँग लेवल लगाउनु पर्नेछ।
१४. पकाएको खानेकुरालाई छोपेर जतिसक्दो चाडो २ घण्टा भित्र ५ डिग्री सेल्सियसको तापक्रममा राख्नु पर्नेछ।
१५. तोकिएको परिधिभित्र मात्र खाद्य रंग तथा अन्य प्रयोग गर्ने स्वीकृत योगशील प्रयोग गर्ने।
१६. स्वच्छ पानी र स्वच्छ कच्चा पदार्थको प्रयोग गर्ने।
१७. ढाँटी झुक्काइ कम गुणस्तरको खाद्य बस्तु विक्री वितरण नगर्नु र अभिलेख व्यवस्थित तवरले राख्ने
१८. दुग्ध उत्पादक संकलनकर्ता, प्रशोधनकर्ता, उद्योगी र विक्रेताले दुध तथा दुग्धपदार्थको स्वच्छता एवं गुणस्तर सम्बन्धी निर्देशिका, २०७५ मा व्यवस्था भएका स्वच्छता एवं गुणस्तर सम्बन्धी मापदण्डहरु पालना गरेर मात्र दुध तथा दुग्ध पदार्थको उत्पादन, संकलन, प्रशोधन र विक्री वितरण गरौं।
१९. उद्योग व्यवसाय सञ्चालनका लागि अनिवार्य सरकारी निकायबाट अनुमति लिनुपर्ने छ र अनुमति ग्राहक तथा उपभोक्ताले देख्ने गरी राख्नु पर्नेछ।

वस्तु तथा सेवामा समान पहुंच गुणस्तरीय वस्तुको छनौट, मुल्य परिणाम, परिणाम शुद्धता र गुणस्तर स्वस्थ्यमा हानि पुर्याउने वस्तु तथा सेवाको बिक्री वितरणबाट सुरक्षा अनुचित व्यापारिक तथा व्यवसायजन्य क्रियाकलाप विरुद्ध उजुरी प्रयोग गरिएका वस्तुवाट भएको हानि नोक्सानी विरुद्ध क्षतिपूर्ती अधिकार प्राप्त अधिकारीवाट सुनुवाई र उपभोक्ता शिक्षा पाउने तपाईको अधिकार हो। आफ्नो कर्तव्य र अधिकारप्रति सचेत रहौं।

**नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मितिः २०८३/०६/१३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८०/०४/१२ को आर्थिक दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने ब्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी कम्पनीको नाम र ठेगानाको विवरण**

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपुर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७८/०३/२४ मा दर्ता नं. २६४२९९/७७/०७८ अन्तर्गत दर्ता भएको **रेहान पोल्ट्री एण्ड ब्रिडिङ्ग प्रा.लि.**।
ठेगानाः नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्ला मध्यविन्दु न.पा. वडा नं. १०, अरुण खोला।

**ऋणी कम्पनीका सञ्चालको नाम र ठेगानाको विवरणः**
कमली कान्त कट्टेलको नाती, होम प्रसाद कट्टेलको छोरा, चितवन जिल्ला जुटपानी गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १४१९/०३५(जारी मितिः २०४८/०२/२१ स्थान चितवन) भएका **राजेन्द्र प्रसाद कट्टेल**।

**व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण**

१. मोहनी लाल उप्रतीको छोरी, होम प्रसाद कट्टेलको बुहारी, राजेन्द्र प्रसाद कट्टेलको श्रीमती, चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ०२ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं.०३८०५५ (जारी मितिः २०६४/१०/२०, स्थान चितवन) भएकी **निरा कट्टेल**।
२. हरि लाल कट्टेलको नाती, कमली कान्त कट्टेलको छोरा, चितवन जिल्ला कुमराज गा.वि.स. वडा नं. ०७ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १६०२ (जारी मितिः २०३५/१२/०६ स्थान चितवन) भएका **होम प्रसाद कट्टेल**।
३. देवि प्रसाद अमगाईको छोरी, कमली कान्त कट्टेलको बुहारी, होम प्रसाद कट्टेलको श्रीमती, चितवन जिल्ला कुमराज गा.वि.स. वडा नं. ०४ स्थायी घर भई हाल चितवन जिल्ला खैरहनी न.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. १६०१ (जारी मितिः २०३६/०१/०३, स्थान चितवन) भएकी **देव कुमारी कट्टेल**।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
रेहान पोल्ट्री एण्ड ब्रिडिङ्ग प्रा.लि.को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको नवलपरासी (बर्दघाट सुस्ता पूर्व जिल्ला बेनीमणीपुर गा.वि.स. वडा नं. ०७ नक्सा सिट नं. ७ मा अवस्थित कि.नं. ८३० को क्षेत्रफल ०-११-२-०, विद्या जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**धितोमा रहेको सवारी साधनहरुको विवरणः**
१. ऋणी **रेहान पोल्ट्री एण्ड ब्रिडिङ्ग प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं.प्रदेश २-०३-००१त-४५८७ भएको Tractor.
२. ऋणी **रेहान पोल्ट्री एण्ड ब्रिडिङ्ग प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं.प्रदेश २-०३-००१ त-२३७० भएको Tractor.

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/२७ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/२८ गते ३:०० बजे बैंकको **पर्सा बजार, चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कबुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

# नगरप्रमुख आफैंले गरे तालाबन्दी, प्रमुख प्रशासकीय अधिकृतको माग

■ प्रमोदकुमार साह

महोत्तरी। प्रमुख प्रशासकीय अधिकृतविहीन भएको ४५ दिन बितिसक्दा पनि समस्या समाधान नभएको भन्दै महोत्तरीको भंगहा नगरपालिकाका नगरप्रमुख सञ्जीवकुमार साहले नगरपालिका कार्यालयसहित सबै वडा कार्यालयमा तालाबन्दी गरेका छन्।

प्रमुख प्रशासकीय अधिकृतको तत्काल व्यवस्था गर्न सम्बन्धित निकायलाई दबाब दिने उद्देश्यले नगरप्रमुख साहले सोमबार नगरपालिका र मातहतका सबै वडा कार्यालयमा तालाबन्दी गरेका हुन्। तालाबन्दीपछि कार्यालयका चाबी उनले महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवलाई हस्तान्तरण गरेका छन्।

नगरप्रमुख साहका अनुसार प्रमुख प्रशासकीय अधिकृत नहुँदा नगरपालिकाको प्रशासनिक, वित्तीय तथा विकाससम्बन्धी काम प्रभावित भएको छ। कर्मचारी तथा पदाधिकारीको तलबभत्ता र सेवा सुविधाको भुक्तानी, विकास निर्माणका काम तथा नागरिकलाई उपलब्ध गराउनुपर्ने नियमित सेवासमेत प्रभावित हुने अवस्था आएको उनले बताए।

नगरप्रमुख साहका अनुसार सम्बन्धित मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृतका रूपमा कर्मचारी खटाए पनि लामो समयसम्म उनी कार्यालयमा हाजिर भएका छैनन्। त्यसका कारण नगरपालिका प्रशासनिक नेतृत्वविहीनजस्तै बनेको उनको भनाइ छ।

'नगरपालिकामा ४५ दिनदेखि प्रमुख प्रशासकीय अधिकृत छैनन्। मन्त्रालयले कर्मचारी खटाइसकेको छ, तर उहाँ हाजिर हुनुभएको छैन। पटकपटक सम्बन्धित निकायलाई जानकारी गराउँदा पनि समस्या समाधान नभएपछि बाध्य भएर तालाबन्दी गर्नुपरेको हो,' साहले भने।



चाडपर्व नजिकिँदै गएको अवस्थामा कर्मचारी तथा पदाधिकारीको तलबभत्ता समयमै भुक्तानी गर्नसमेत समस्या हुन सक्ने भन्दै उनले तत्काल प्रमुख प्रशासकीय अधिकृतको व्यवस्था गर्न माग गरेका छन्।

तालाबन्दीको उद्देश्य जनताको सेवा रोक्नु नभई सेवा प्रवाह नियमित बनाउन सम्बन्धित निकायको ध्यानाकर्षण गराउनु रहेको साहले बताए।

'जनतालाई सहज र प्रभावकारी सेवा दिनका लागि प्रमुख प्रशासकीय अधिकृत आवश्यक छ। हामीले कसैलाई दुःख दिन वा कार्यालय बन्द गराउन खोजेका होइनौं। तत्काल अधिकृत पठाएर कार्यालयको काम नियमित गराउन दबाब दिएका हौं,' उनले भने।

भंगहा नगरपालिकाका अनुसार भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयअन्तर्गतको स्थानीय तह कर्मचारी प्रशासन शाखाले २०८३ भदौ १ गतेको पत्रमार्फत कर्मचारी संकेत नम्बर १७९५४७ भएका खिमराज भुसाललाई भंगहा नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाएको थियो। तर, मन्त्रालयको पत्र आएको लामो समय बितिसक्दा पनि भुसाल नगरपालिकामा हाजिर भएका छैनन्।

उनलाई हाजिर गराउन सम्बन्धित मन्त्रालयमा पटकपटक जानकारी गराउँदै आवश्यक पहल तथा ताकेता गरिएको नगरपालिकाले जनाएको छ।

प्रमुख प्रशासकीय अधिकृतको अनुपस्थितिका कारण प्रशासनिक, वित्तीय तथा विकाससम्बन्धी काम प्रभावित भएको भन्दै नगरपालिकाले यसअघि पनि समस्या समाधानका लागि सम्बन्धित निकायसँग आग्रह गर्दै आएको थियो। नगरपालिकाले ३ दिनभित्र प्रमुख प्रशासकीय अधिकृत हाजिर नभए अति आवश्यक सेवाबाहेक सम्पूर्ण कामकाज बन्द गर्ने चेतावनीसमेत दिएको थियो।

नगरप्रमुख साहले अब पनि सम्बन्धित निकायबाट समस्या समाधान नभए नगरपालिकाको सेवा प्रवाह नियमित बनाउन थप कदम चाल्न बाध्य हुने बताएका छन्। उनले मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई तत्काल हाजिर गराई नगरपालिकाको प्रशासनिक तथा वित्तीय कामकाज नियमित बनाउन माग गरेका छन्।

## गत वर्षभन्दा...

त्यसैगरी, कुश्मा-दाना क्षेत्रमा ३५८.२ मेगावाट, मर्स्याङ्दी करिडोरमा १८९ मेगावाट, कालीगण्डकी करिडोरमा १४४ मेगावाट र पोखरा क्षेत्रमा १२१ मेगावाट विद्युत् उत्पादन तथा प्रसारण अवरुद्ध भएको छ। यस्तै, मोदी क्षेत्रमा २८ मेगावाट र समुद्रटार क्षेत्रमा २१ मेगावाट क्षमताका जलविद्युत् आयोजनाहरूमा बाढीका कारण असर परेको छ।

प्राधिकरणका अनुसार बाढीले कुश्मा-दाना २२० केभी प्रसारण लाइनमा क्षति पुग्दा ७ वटा जलविद्युत् आयोजनाको कुल १९०.४ मेगावाट विद्युत् प्रसारण प्रभावित भएको छ। प्रभावित आयोजनामा निलगिरि-१ (३८ मेगावाट), निलगिरि-२ (२१ मेगावाट), मिस्त्री (४२ मेगावाट), थापाखोला (१३.६ मेगावाट), घारखोला (१४.८ मेगावाट), रेलेखोला (६ मेगावाट) र घलेम्दी (५ मेगावाट) छन्।

कालीगण्डकी करिडोरअन्तर्गत म्याग्दीको दाना-कुश्मा २२० केभी प्रसारण लाइनका टावर नम्बर २१ र २२ मा क्षति पुगेको छ। बाढी तथा पहिरोका कारण विभिन्न स्थानमा सडक अवरुद्ध रहेकाले प्रभावित संरचनाको निरीक्षण गर्न कठिनाइ भएको र थप विवरण आउन बाँकी रहेको प्राधिकरणले जनाएको छ।

त्यसैगरी, राहुघाट जलविद्युत् केन्द्रबाहेक थप १२७.८ मेगावाट क्षमताका आयोजनामा प्रसारण तथा वितरण संरचनामा क्षति पुगेको छ। आवश्यक मर्मत तथा वैकल्पिक व्यवस्थामार्फत ती आयोजनाको विद्युत् केही दिनभित्र सञ्चालनमा ल्याउन सकिने प्राधिकरणले जनाएको छ।

प्राधिकरणका कार्यकारी निर्देशक दीर्घायुकुमार श्रेष्ठका अनुसार ४० मेगावाटको राहुघाट जलविद्युत् आयोजनाको टेलरेस गेट र डक्टमा क्षति पुगेको छ भने टर्बाइन फ्लोरमा पानी पसेको छ। पानी सफा गरी उक्त आयोजना पुनः सञ्चालनमा ल्याउन करिब १० दिन लाग्ने अनुमान छ।

कार्यकारी निर्देशक श्रेष्ठले भने, 'बाढीका कारण अवरुद्ध सेती-मादी करिडोरका २६२ मेगावाट र मर्स्याङ्दी करिडोरका १९० मेगावाट क्षमताका जलविद्युत् केन्द्र पुनः सञ्चालनमा आएका छन्। त्यस्तै, बाढीका कारण बन्द रहेको १४४ मेगावाटको कालीगण्डकी जलविद्युत् केन्द्रसमेत सञ्चालनमा ल्याउने तयारी गरिएको छ।'

बाढीपहिरोका कारण प्रभावित आयोजना, प्रसारण तथा वितरण संरचना पुनर्स्थापनाको काम तीव्र रूपमा अघि बढाउँदै विद्युत् आपूर्ति व्यवस्थित एवम् सन्तुलित बनाउन प्राधिकरण अघि बढेको छ। प्राधिकरणका अनुसार बाढीका कारण केही आयोजना उत्पादन गर्न सक्ने अवस्थामा रहे पनि प्रसारण संरचनामा क्षति पुगेका कारण विद्युत् प्रणालीमा जोडिन सकेका छैनन्।

## सुक्खायाममा १ हजार १५४ मेगावाट विद्युत् आयात गरिने

प्राधिकरणले आगामी सुक्खायाममा विद्युत् माग र आपूर्ति सन्तुलनका लागि आन्तरिक उत्पादनसँगै भारतबाट विद्युत् आयात गर्ने योजना बनाएको छ। सुक्खायाममा आन्तरिक उत्पादनबाट करिब १ हजार २१८ मेगावाट विद्युत् उपलब्ध हुने अनुमान छ।

माग व्यवस्थापनका लागि ढल्केबर-मुजफ्फरपुरबाट ६०० मेगावाट, टनकपुर-महेन्द्रनगरबाट ५४ मेगावाट, बिहारका विभिन्न विन्दुबाट ३५० मेगावाट र आरटिसी माध्यमबाट १५० मेगावाट गरी करिब १ हजार १५४ मेगावाट विद्युत् आयात गर्ने योजना छ।

यसअनुसार सुक्खायाममा कुल विद्युत् उपलब्धता करिब २ हजार ३७२ मेगावाट पुग्ने अनुमान गरिएको छ। गत आर्थिक वर्षको सुक्खायाममा राष्ट्रिय विद्युत् मागको उच्चतम स्तर २ हजार २९२ मेगावाट थियो।


**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**विशेष दर्ता खारेजी सम्बन्धी १ दिने सूचना**

यस कार्यालयमा मिति २०८२-०४-१५ मा दर्ता भएको **(प्रा.लि. नं. ३७०६०९)** **युनाइटेड फर नेचर एण्ड ह्युमेन** नामक कम्पनी यस कार्यालयको मिति २०८३-०६-०७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १३६क बमोजिम विशेष दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ।

**स्वावलम्बन लघुवित्त वित्तीय संस्था लि.**
**Swabalamban Laghubitta Bittiya Sanstha Ltd.**
नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको ईजाजतपत्रप्राप्त संस्था (राष्ट्रिय स्तरको)
**Central Office, Kamalpokhari, Kathmandu, Nepal**

**भुलसुधार गरिएको सम्बन्धमा**

**प्रकाशित मितिः २०८३/०६/१३**

यस वित्तीय संस्थाको मिति २०८३/०६/१२ गते सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित **Request for Expression of Interest for Consulting Services on Internal Audit Service** सूचनाको क्र.सं. ४ मा संस्थाको वेबसाइट **htpp:// swbbl.com.np** हुनुपर्नेमा अन्यथा भएकोले यसै सूचनाद्वारा सुधार गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/६/१३**

यस कम्पनीको मिति २०८३/५/१४ को साधारण सभा/विशेष साधारण सभाको निर्णयानुसार साविकको कम्पनीको नाम लिखु छलछले महादेव कन्स्ट्रक्सन प्रा. लि. (प्रा.लि. नं. : २१९०४४) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु-व्यहोर्नु पर्ने कर, दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०५/१६ निर्णयानुसार कम्पनीको नाम परिवर्तन गरी **मिराल कन्स्ट्रक्सन प्रा. लि.** कायम हुन आएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०१/१९ मा प्रा.लि. नं. २१४२५७/७५/०७६ मा दर्ता भएको कृपा मल्टिनेशनल कम्पनी प्रा.लि. को मिति २०८३/०५/१५ मा सम्पन्न विशेष साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदावी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्विडेटरः पूर्ण प्रसाद पराजुली (अधिवक्ता) (इजाजत पत्र नं. ३८३)**
**काठमाडौं जिल्ला, का.म.न.पा वडा नं. २९, अनामनगर, सम्पर्कः ९८५१०२६३३२**

**नाम परिवर्तन गरिएको सुचना**

**प्रथम पटक प्रकाशित मिति २०८३।०६।१३**

यस कम्पनी मिति २०८३/०६/०५ मा सम्पन्न साधारणसभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविकको चण्डिका मोर्डन फर्निचर एण्ड **स:मिल प्रा.लि. (Chandika Modern Furniture and saw mill Pvt. Ltd.)** क नाममा रहेको सम्पुर्ण चल अचल सम्पत्ति तथा तिर्न व्यहोर्ने ऋण, कर, ध दायित्व आदि परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने गरी श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०६/१२ गतेको पत्र अनुसार कम्पनीको नाम परिवर्तन गरी चण्डिका इन्फ्रा एण्ड इन्टेरियर प्रा.लि. **(Chandika Infra and Interior Pvt. Ltd.) (१३३०९३।०७९।०८०)** कायम गरिएको व्यहोरा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
भूमि व्यवस्था सहकारी संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय-बाँके**

**भूमी प्रशासन कार्यालय बाँकेबाट प्रकाशित हकदावी सम्बन्धी ३५ दिने सुचना**

सूचना प्रकाशित मिति-२०८३/०६/१३ गते

प्रस्तुत विषयमा बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा. वडा नं. १९ बस्ने ज्ञानमती खटिकले मेरो नाममा दर्ता कायम रहेको बासुदेवपुर गा.वि.स. वडा नं. १क को तपसिलमा उल्लेखित कि.नं. को जग्गाको श्रेस्ता मिति २०८२/०५/२३ र २४ गतेको आन्दोलनमा आगलागी भई नष्ट भएको हुँदा नष्ट भएको श्रेस्ता कायम गराउनको भूमि प्रशासन कार्यालय नेपालगञ्ज बाँकेमा गई मोठ भिडाउँदा मोठ फाँटबाट L.R.I.M.S. प्रणालीमा ईन्ट्री नभएको तथा तपसिलमा उल्लेखित कि.नं. को जग्गा खारेजीमा देखिएको भनी कैफियत लेखि आएकोमा तपसिलमा उल्लेखित कि.नं. को जग्गा L.R.I.M.S. प्रणालिमा इन्ट्री गरी म निवेदकको नाममा श्रेस्ता कायम गरी पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेकोमा। तपसिलमा उल्लेखित कि.नं. को जग्गा यस कार्यालयको L.R.I.M.S. प्रणालीमा इन्ट्री गरी निवेदकको नाममा श्रेस्ता कायम हुँदा उक्त जग्गामा निवेदक बाहेक अन्य कोही कसैको हक भोग लाग्ने भए वा निवेदकको माग अनुसार गर्न नपर्ने भए सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र सवुद प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला। अन्यथा कानुन बमोजिम भई जाने व्यहोरा जानकारी गराईन्छ।
तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|---|
| बाँके | बासुदेवपुर | १क | १२६७ | ०-०-७ | ज्ञानमती खटिक |

**लिक्विडेटर कार्यालयको हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०२/२० मा प्रा.लि.नं. १२३१९० मा दर्ता भएको रारा इलेक्ट्रोनिक्स एन्ड मोबाइल होम प्रा. लि. को मिति २०८३/०५/२० मा सम्पन्न विषेश साधारणसभाको निर्णयले कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजि लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैको कुनै किसिमको लेनदेन वा बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा निम्न लिखित लिक्वीडेटरको कार्यलयमा हकदावी गर्न सम्वन्धित सवैको जानाकारीको लागि यो सूचना जारी गरिएको छ।
**लिक्विडेटरः गोपाल खतिवडा (इजाजत नं.६१५) का.म.न.पा.-९, काठमाण्डौ,**
**सम्पर्कः ९८६३५४२२९०**

**भूमि प्रशासन कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको नामसारी हकदावी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

यसमा जिल्ला उदयपुर साविक वेल्टार वडा नं. ७ भई हाल परिवर्तित चौदण्डीगढी नपा वडा नं. २ वस्ने तेज प्रसाद दाहालले जिल्ला उदयपुर साविक गा.वि.स.हडिया वडा नं. ३ भई हाल वेल्टार वडा नं. ७ का मेरो बुवा गंगा प्रसाद दाहालको मिति २०४७/०३/०४ मा र निजको १ मात्र पत्नी मेरो आमा ललिता देवी दाहालको मिति २०५८।०५।२३ मा मृत्यु भई सकेको हुदा निज मृतक दम्पतिबाट हामी २ भाइ छोराहरु र १ वहिनी छोरी भएकोमा १ वहिनी छोरी विवाह भईसकेको र दाजु नित्त प्रसाद दाहाल विवाह नभई अविवाहित अवस्थामै २०४९ साल देखि सम्पर्क विहिन वेपत्ता भएको हुदा मेरो बुवा गंगा प्रसाद दाहालको नाममा दर्ता कायम रहेको जिल्ला उदयपुर गा.वि.स. सुन्दरपुर वडा नं. ६क कि.न.५९ ज.वि.०-२-१० र आमा ललिता देवी दाहालको नाममा दर्ता कायम रहेको गा.वि.स.सुन्दरपुर वडा नं. ९त कि.न.३८ ज.वि.०-२-१० का जग्गाहरु म निवेदक तेज प्रसाद दाहालको नाममा नामसारी गरीदिनु भनि माग निवेदन भएको हुदा निवेदक तेज प्रसाद दाहालको वतन वेल्टार वडा नं. ७ भएको तर ज.ध. ललिता देवी दाहाल र गंगा प्रसाद दाहाल वतन ज.ध. पूर्जा र श्रेस्तामा हडिया वडा नं. ३ भएको तर निजहरुको मृत्यु दर्ता प्रमाण पत्रमा वतन वेल्टार वडा नं. ७ भई फरक परेको हुदा ज.ध. श्रेस्ता पूर्जा र मृत्यु दर्तामा फरक फरक बतन भएको व्यक्तिहरु फरक नभई निवेदक कै आमा र बुवा हो कि होईन फरक व्यक्ति हो होईनः निज निवेदकका मृतक दम्पतिहरुवाट कति जना छोरा छोरी हुन? २ छोराहरु मध्ये जेठा छोरा नित्त प्रसाद दाहालको विवाह भएको थियो कि थिएन? निज कहिलेवाट वेपत्ता हुनु भएको हो? निज निवेदकले नै बुवा आमाको वाचुन्जेल पालनपोषण र मृत्यु पछि काज किया गरेको हो कि होइनः निवेदक भन्दा अन्य हकदार छन कि छैननः निज वेपत्तेका कोही हकदार छन कि ? माग वमोजिम माथि उल्लेखित जग्गा निवेदकको नाममा नामसारी गरिदिदा कोही कसैलाई फरक पर्छ कि? अन्य कोही कसैको हक हनन हुन्छ, हुदैन ? माग वमोजिम नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले वाटोको म्याद वाहेक ३५ (पैतीस) दिन भित्र स-प्रमाण यस कार्यालयमा दाबी उजुरी गर्न आउनु होला अन्यथा प्रचलित कानून वमोजिम नामसारी तर्फ कारवाही भई जाने व्यहोरा सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।
इति सम्बत २०८३ साल असोज १२ गते रोज २ शुभम्।

**नबिल बैंक लिमिटेड, पर्सा बजार शाखा, चितवनको धितोमा रहेको सम्पत्ति लिलाम बिक्री सम्बन्धी १५ दिने सूचना गोप्य सिलबन्दी बोलपत्र आव्हान गरिएको सम्बन्धी**

**(प्रकाशित मितिः २०८३/०६/१३)**

यस बैंकबाट कर्जा लिएका तपसिल बमोजिमका ऋणी कम्पनीले तथा सो को धितो जमानतकर्ताले ऋण लिँदा गरिदिएको लिखत र ऋण स्वीकृतीपत्रको शर्तमा तोकिए बमोजिम बैंकलाई तिर्नु बुझाउनु पर्ने साँवा किस्ता तथा ब्याँज समेतका रकमहरु तिर्न बुझाउन पटक पटक मौखिक एवं लिखित तरताकेता गर्दा समेत नतिरी नबुझाई बैंकसँग भएको ऋण कर्जा सम्वन्धी शर्त कबुलियतहरु उल्लङ्घन गरेकोले कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना मिति **२०८२/१२/१२ को सौर्य दैनिक पत्रिका**मा प्रकाशित गरिएकोमा सो बमोजिम समेत ऋणी तथा जमानतकर्ता कसैले पनि ऋणकर्जाको बाँकी सावाँ ब्याज चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरी नतिरेको/नबुझाएको एवं ऋण/जमानत दायित्व फछ्र्यौट नगरेको हुनाले ऋणी एवं धितो जमानतकर्ताले यस बैंकलाई लेखिदिएको तपशिल बमोजिमको चल अचल सम्पत्ति धितो जहाँ जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्थामा र परिमाणमा प्रचलित कानून, बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ एवं बैंक नियम अनुसार गोप्य सिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गर्नका लागि यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

धितोमा रहेको उक्त सम्पत्तिहरु गोप्य सिलबन्दी बोलपत्र मार्फत खरिद गरी लिन इच्छुक व्यक्ति, फर्म, कम्पनी वा अन्य संगठित सघं सस्थाले यो सूचना प्रकाशित भएको **पन्ध्र (१५) दिन** (सो दिन बिदा परेमा बिदा पश्चात लगतै कार्यालय खुलेको दिन) को कार्यालय समयभित्र बोलपत्र फाराममा उल्लेखित शर्तहरुको अधीनमा रही रितपुर्वक भरी यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा आईपुग्ने गरी गोप्य सिलबन्दी बोलपत्र आवेदन पेश गर्न हुन आव्हान गरिन्छ।

यसै सूचनालाई आधार मानी सम्बन्धित ऋणी तथा जमानतकर्ता तथा सम्बद्ध व्यक्ति समेतले सम्पत्ति लिलाम हुने दिन भन्दा अगावै बैंकमा उपस्थित भई आफुले बुझाउनु पर्ने सम्पूर्ण बाँकी बक्यौता चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी कार्य रोक्न सकिने व्यहोरा समेत जानकारी गराईन्छ। प्रस्तुत लिलाम बिक्री प्रक्रियाबाट धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा वा धितोको सम्पत्ति लिलामबाट कसैले सकार गरी नलिएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ बमोजिम बैंक आफैले सकार गरी लिन सक्ने व्यहोरा समेत ऋणी, धितो जमानतकर्ता एवं सम्बन्धित सबैमा जानकारी गराईन्छ। साथै, लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असूली सम्बन्धी ऐन, २०५८, सो को नियमावली, २०५९ तथा प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताको अन्य चल अचल जायजेथा, श्रीसम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा ऋणी, धितो सुरक्षण तथा जमानत दिनु हुने व्यक्ति तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा अवगत गराईन्छ।

**तपसिल**

**ऋणी फर्मको नाम र ठेगानाको विवरण**

प्रादेशिक व्यापार तथा व्यवसाय सम्बन्धी एन २०७६ बमोजिम प्रदेश सरकार, उद्योग वाणिज्य तथा अपूर्ति मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बाग्मती प्रदेश भरतपुर चितवनमा मिति २०७८/१०/११ मा प्रा.फ.र.नं ९२३/०७८/०७९ (स्थानीय व्यापार) अन्तर्गत दर्ता भएको **कुवारवर्ती ट्रेडिङ्ग** ।
ठेगानाः चितवन जिल्ला रत्ननगर न.पा वडा नं. ०९।

**ऋणी फर्मको प्रोप्राइटरको नाम र ठेगानाको विवरणः**
दुख महत्तोको नाती, छनु महतोको छोरा चितवन जिल्ला रत्तनगर न.पा वडा नं. ०७ घर भई हाल चितवन जिल्ला रत्ननगर न.पा वडा नं. ०९ बस्ने, ना.प्र.नं. ३१२३/०४४ (जारी मितिः २०६०/०५/१८, स्थान चितवन) भएका **वुद्धिसेन चौधरी**।

**व्यक्तिगत जमानतकर्ताको नाम र ठेगानाको विवरण**

पृथ्वी नारायण चौधरीको छोरी, छनु महतोको बुहारी, वुद्धिसेन चौधरीको श्रीमती सर्लाहि जिल्ला, जस्दी गा.वि.स. वडा नं. ०७ घर भई हाल चितवन जिल्ला रत्ननगर न.पा वडा नं. ०९ बस्ने, ना.प्र.नं. १९२०९४/२८५ (जारी मितिः २०६६/०६/२५, स्थान सर्लाहि) भएकी **प्रतिमा चौधरी**।

**धितोको विवरण**

**धितोमा रहेको घर/जग्गाको विवरणः**
जिल्ला रत्तनगर न.पा वडा नं. ०७ घर भई हाल जिल्ला रत्तनगर न.पा वडा नं. ०९ बस्ने, **वुद्धिसेन चौधरी**को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको चितवन जिल्ला देवौली गा.वि.स. वडा नं. ०६ नक्सा सिट नं. ६ ख मा अवस्थित कि.नं.११३१ क्षेत्रफल क्रमश ३२०८.५३ वर्ग मिटर को घर/जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत।

**लिलामबिक्री सम्बन्धी अन्य शर्तहरु :**

१. बोलपत्र सम्बन्धी शर्तबन्देज सहितको बोलपत्र फाराम बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन** बाट कार्यालय समय भित्र प्राप्त गर्न सकिनेछ।
२. शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र अर्थात मिति २०८३/०६/२७ गते ५:०० बजे भित्र यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा बुझाई सक्नु पर्नेछ।
३. प्राप्त बोलपत्रहरु मिति २०८३/०६/२८ गते ३:०० बजे बैंकको **पर्सा बजार, चितवन**मा उपस्थित प्रतिनिधि र/वा सरकारी निकायका प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ। तर बोलपत्रदाता, निजको प्रतिनिधि वा अन्य प्रतिनिधिको उपस्थिती नहुँदैमा बोलपत्र खोल्न कुनै बाधा पुग्ने छैन।
४. बोलपत्र बुझाउने अन्तीम दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिनमा समेत उक्त दिनको ५:०० बजे भित्र तोकिएको स्थानमा बोलपत्र बुझाउन सकिनेछ। त्यस्तै बोलपत्र खोल्ने दिन बैंक विदा भएमा विदाको लगत्तै बैंक खुलेको दिन ४:०० बजे बोलपत्र खोलिनेछ।
५. लिलामगर्न लागिएको सम्पत्ति जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थमा खरीद गरिलिने गरी बोलपत्र पेश गर्नु पर्नेछ। बोलपत्र पेश गर्दा कुन कुन धितोको सम्पत्तिको लागि के कति बोलकबुलगर्न खोजिएको हो स्पष्ट खुलाई पेश गर्नुपर्नेछ। बैंकले सबै वा कुनै धितो पूर्ण वा आंशिक रुपमा समेत स्वीकार गर्न सक्नेछ, यस सम्बन्धी अन्तीम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।
६. बोलपत्रमा आफुले सकार गरी लिनचाहेको सम्पत्ति के कति रकममा खरीद गरी लिन चाहेको हो सो को अंक तथा अक्षर मा स्पष्टसँग लेखिएको हुनु पर्नेछ र आफुले कवोल गरेको रकमको कम्तिमा १० (दश) प्रतिशत रकम बैंकमा नगदै जम्मा गरेको सक्कल भौचर वा बैंकको नाममा खिचिएको "गुड फर पेमेण्ट" अर्थात् "भुक्तानी योग्य चेक" (Good for Payment Cheque) वा ड्राफ्ट वा मेनेजर/बैंकर्स चेक वा बैंक जमानत संलग्न गरी तोकिएको म्याद भित्रैमा बैंकमा पेश गर्नु पर्नेछ। धरौटी स्वरुप जम्मा गरिएको रकममा व्याज दिईने छैन।
७. बोलपत्रदाताको बोलपत्र स्वीकृत भएमा सो को जानकारी सम्बन्धित बोलपत्रदातालाई बोलपत्रमा उल्लेखित ठेगानामा लिखित रुपमा पठाईनेछ। स्वीकृत बोलपत्रदाताले बैंकले तोकेको अवधीभित्र आफुले कबुल गरेको सम्पूर्ण रकम नगदै जम्मा गर्नुपर्नेछ। साथै उक्त समय भित्र कवुल गरेको रकम दाखिला नगरेमा धरौटी वापत राखिएको रकम बैंकले जफत गर्न सक्नेछ।
८. सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा सरकारी कार्यालयमा लाग्ने सम्पूर्ण शुल्क/दस्तुर सकार गरी लिने व्यक्ति स्वयंले तिर्नु बुझाउनु पर्नेछ।
९. कुनै अड्डा, अदालतबाट लिलाम सम्बन्धी कार्य रोक्का वा वदर गर्ने आदेश भएमा लिलाम रोक्का वा वदर हुनेछ। त्यस्तो अवस्थामा बोलपत्रदाताले धरौटीवापत जम्मा गरेको रकम सम्बन्धित व्यक्तिलाई फिर्ता दिईनेछ। तर सो मा कुनै व्याज प्रदान गरिने छैन।
१०. बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ। रीत नपुऱ्याई दर्ता हुनआएको बोलपत्रउपर कुनै कारवाही हुने छैन। साथै, बैंकलाई आवश्यक लागेमा यस लिलामी प्रक्रियामा परेका बोलपत्रहरुलाई यथावत राखी Swiss Challenge Auction Model अनुसार पुनः धितो लिलामको सूचना प्रकाशित गर्न सक्नेछ। सो सम्बन्धी व्यवस्था बैंकद्वारा स्वीकृत Swiss Challenge Auction Model को कार्यविधि अनुसार हुनेछ।
११. लिलाम बिक्री गरिने सम्पत्तिको बारेमा थप जानकारी आवश्यक परेमा यस बैंकको **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग, बिजुलीबजार, काठमाडौं वा पर्सा बजार शाखा, चितवन**मा कार्यालय समय भित्र सम्पर्क गरी बुझ्न सकिनेछ।
१२. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ।

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-४९७२४५२, ९८०५६७३४७४

**Government of Nepal**
**Ministry of Infrastructure Development**
**Department of Water Supply and Sewerage Management**
**Water Supply and Sewerage Management Office**
**Biratnagar**

**Invitation of Bids**

**Date of Publication: 29 Septemeber, 2026**

1. Water Supply and Sewerage Management Office, Biratnagar invites hard copy bids from eligible bidders for the following works:

| S. N. | Contract No. | Description of Works | Bid Document Fee (NRs) | Average Annual Turnover of best 3 years over last 10 years (Excluding VAT) NRs. | Required Bid Capacity NRs. | Work Experience of Similar Size and Nature (At least one contract, Excluding VAT) NRs. | Bid Security Amount (NRs) | Last date of Bid Purchase |
|---|---|---|---|---|---|---|---|---|
| 1 | 01/83-84/ CFWSSP-Budhabare/ WSSMO_BRT | Entire Construction of Budhabare Co-Finance Water Supply and Sanitation Project, Buddhashanti-1, 2 and 3, Jhapa | 20,000.00 | 15,00,41,000.00 | 20,00,54,000.00 | 15,00,41,000.00 | 62,50,000.00 | 29 October, 2026 17:00 Hours |
| 2 | 02/83-84/ CRLWSP-Pathari II/ WSSMO_BRT | Entire Construction Works of Pathari II Phase Water Supply Project, Pathari Shanishchare Municipality-1,2,3,5,6,7,9,10 Morang | 20,000.00 | 15,01,70,000.00 | 20,02,20,000.00 | 15,01,70,000.00 | 62,60,000.00 | 29 October, 2026 17:00 Hours |
| 3 | 03/83-84/ CFWSP-Chandragadhi/ WSSMO_BRT | Entire Construction Works of Chandragadhi Co-Financing Water Supply Project, Bhadrapur Municipality- 7,8,9,10 Jhapa | 10,000.00 | 7,83,00,000.00 | 10,44,00,000.00 | 7,83,00,000.00 | 32,70,000.00 | 29 October, 2026 17:00 Hours |

2. The detail notice can be assessed from Water Supply and Sewerage Management Office, Biratnagar during office hour.
(Tel:-०२१-५७०८७४, Email:fwssmp.biratnagar04@gmail.com, fwssmpbiratnagar@gmail.com, Website:fwssmpbiratnagar.koshi.gov.np)

**Information to deposit the cost of bidding document:**

**Name of the Bank** : Agricultural Development Bank Ltd.
**Name of Office** : Water Supply and Sewerage Management Office, Biratnagar
**Office Code no.** : 337051301
**Account no.** : 0100201277009016 **Rajaswa (revenue) Shirshak no.:** 14229 **Office Chief**

# मधेसको सार्वजनिक वित्त व्यवस्थापन कमजोर : पहिलो पेफा मूल्यांकनमा ‘डी प्लस’




■ सौर्य समाचार

जनकपुरधाम। मधेस प्रदेशको सार्वजनिक वित्त व्यवस्थापन प्रणाली कमजोर देखिएको छ। प्रदेशको पहिलो सार्वजनिक वित्त व्यवस्थापन (पेफा) मूल्यांकनमा ३२ कार्यसम्पादन सूचकमा मधेसले समग्रमा ‘डी प्लस’ अंक पाएको छ भने ९८ आयाममध्ये सबैभन्दा धेरैमा ‘डी’ अंक प्राप्त गरेको छ।

प्रदेश सरकार, एसियाली विकास बैंक (एडिबी) र नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले सोमबार जनकपुरधाममा सार्वजनिक गरेको प्रतिवेदनले बजेट कार्यान्वयनदेखि सार्वजनिक लगानी, खरिद, राजस्व व्यवस्थापन र वित्तीय अनुगमनसम्मका क्षेत्रमा सुधारको ठुलो आवश्यकता औँल्याएको हो।

अन्तर्राष्ट्रिय मान्यताप्राप्त मापदण्डका आधारमा गरिएको मूल्यांकनले आर्थिक वर्ष २०७८/०७९ देखि २०८०/०८१ सम्मको सार्वजनिक वित्त व्यवस्थापनको अवस्था समेटेको छ। मूल्यांकनका क्रममा प्रदेशसभामा पेस गरिएको पछिल्लो बजेट आर्थिक वर्ष २०८१/०८२ को रहेको थियो।

प्रतिवेदन सार्वजनिक गर्दै मुख्यमन्त्री कृष्णप्रसाद यादवले मूल्यांकनले प्रदेशको वित्तीय व्यवस्थापनको वस्तुनिष्ठ र प्रमाणमा आधारित चित्र प्रस्तुत गरेको बताए। उनले बजेटको विश्वसनीयता, सार्वजनिक लगानी व्यवस्थापन, बजेट निर्माणमा नागरिक सहभागिता तथा राजस्व र खर्च व्यवस्थापनलाई सुधारका प्रमुख क्षेत्रका रूपमा औँल्याए।

‘प्रतिवेदनले आगामी दिनमा वित्तीय व्यवस्थापनमा सुधार गर्नुपर्ने केही संवेदनशील क्षेत्र स्पष्ट रूपमा पहिचान गरेको छ,’ उनले भने, ‘यसले सुधारका क्षेत्र पहिचान मात्र होइन, कार्यान्वयनका लागि मार्गचित्रसमेत दिएको छ।’

### बजेटदेखि सार्वजनिक खरिदसम्म कमजोरी

प्रतिवेदनअनुसार मधेस प्रदेशमा राजस्व तथा खर्चको वास्तविक उपलब्धि अपेक्षाकृत न्यून छ। बजेट निर्माण र सार्वजनिक लगानी योजनामा सार्वजनिक परामर्श सीमित रहेको, बजेटबाहिरका निकायको वित्तीय अनुगमन पर्याप्त नभएको तथा सेवा प्रवाहसम्बन्धी सूचना सीमित रहेको पाइएको छ।

त्यस्तै, सार्वजनिक लगानी व्यवस्थापन कमजोर, कर जोखिम व्यवस्थापन र पारिश्रमिक नियन्त्रणमा कमजोरी, सार्वजनिक खरिदको अनुगमन खण्डीकृत तथा लेखापरीक्षण प्रतिवेदनमाथि प्रदेशसभाबाट समीक्षा हुन ढिलाइ हुने गरेको प्रतिवेदनमा उल्लेख छ।

अर्थमन्त्री युवराज भट्टराईले मूल्यांकनले प्रदेशले हासिल गरेका उपलब्धिसँगै सुधार गर्नुपर्ने क्षेत्रसमेत स्पष्ट पारेको बताए। उनले बजेट कार्यान्वयन, सार्वजनिक खरिद, आन्तरिक नियन्त्रण, वित्तीय प्रतिवेदन तथा अनुगमन प्रणालीलाई थप प्रभावकारी बनाउनुपर्ने बताए।

बजेट प्रणाली र वित्तीय प्रतिवेदन सकारात्मक

कमजोरीसँगै प्रतिवेदनले मधेस प्रदेशका केही वित्तीय अभ्यासलाई सबल पक्षका रूपमा समेत औँल्याएको छ। प्रदेशको बजेट तथा लेखा वर्गीकरण प्रणाली अन्तर्राष्ट्रिय मापदण्डअनुकूल रहेको, वार्षिक बजेट दस्तावेजमा पर्याप्त सूचना समावेश हुने गरेको तथा बजेट क्यालेन्डरको व्यवस्था रहेको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै, बजेट समयमै स्वीकृत हुने, चालु आर्थिक वर्षमा बजेट समायोजनका लागि स्पष्ट नियम रहेको, करदातासम्बन्धी सूचना सहज रूपमा उपलब्ध हुने र खर्च बक्यौता न्यून रहेको पाइएको छ।

त्रैमासिक बजेट कार्यान्वयन प्रतिवेदन तयार हुने तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार वार्षिक एकीकृत वित्तीय विवरण तयार हुने अभ्यासलाई पनि प्रदेशको सकारात्मक पक्षका रूपमा प्रतिवेदनले समेटेको छ।

एडिबी नेपालका कन्ट्री डाइरेक्टर अर्नो काउश्वाले मूल्यांकन सम्पन्न हुनु सुधारको नयाँ चरणको सुरुआत भएको बताए। उनले प्रतिवेदनका निष्कर्षलाई संस्थागत क्षमता सुदृढीकरण र नागरिकका लागि परिणाम सुधार गर्ने ठोस कार्यमा रूपान्तरण गर्नुपर्नेमा जोड दिए।

उनका अनुसार करदाताको रकम प्रभावकारी रूपमा उपयोग गर्दै गुणस्तरीय सार्वजनिक सेवा, आर्थिक अवसर र नागरिकको जीवनस्तर सुधार गर्न बलियो सार्वजनिक वित्त व्यवस्थापन आवश्यक छ।

प्रदेश सरकारले प्रतिवेदनलाई वित्तीय सुधारको आधारभूत दस्तावेजका रूपमा प्रयोग गर्ने जनाएको छ। वित्तीय अनुशासन सुदृढ गर्ने, बजेटको विश्वसनीयता बढाउने, सार्वजनिक सेवा सुधार गर्ने र सार्वजनिक खर्चबाट अधिकतम प्रतिफल (भ्यालु फर मनी) सुनिश्चित गर्ने लक्ष्यसहित सुधार कार्यक्रम अघि बढाउने प्रदेशको तयारी छ।

मूल्यांकन प्रक्रियामा एडिबीको सहयोग तथा नेपाल सरकारको अर्थ मन्त्रालयअन्तर्गतको वित्तीय संघीयता समन्वय महाशाखासँग समन्वय गरिएको थियो। अमेरिकी अन्तर्राष्ट्रिय विकास नियोग (युएसएआइडी)ले पनि सन् २०२५ जनवरीसम्म मूल्यांकन प्रक्रियामा सहयोग गरेको थियो।

# ४ महिनापछि सुकेटार विमानस्थलमा हवाई उडान पुनः सुरु

■ सौर्य समाचार

ताप्लेजुङ। प्रतिकूल मौसमका कारण करिब ४ महिनादेखि अवरुद्ध ताप्लेजुङको सुकेटार विमानस्थलमा सोमबारदेखि हवाई सेवा पुनः सञ्चालन भएको छ। नेपाल वायु सेवा निगमले काठमाडौं-ताप्लेजुङ-काठमाडौं नियमित उडान सुरु गरेको हो।

वर्षायाम सुरु भएसँगै विमानस्थल क्षेत्रमा हुस्सु तथा कुहिरोका कारण भिजिबिलिटी कम भएपछि गत २२ जेठदेखि उडान हुन सकेको थिएन। सुकेटार विमानस्थलका एयर ट्राफिक कन्ट्रोलर दिलीप राजवंशीका अनुसार प्रतिकूल मौसमका कारण लामो समयसम्म उडान प्रभावित भएको हो।

उडान अवरुद्ध हुँदा ताप्लेजुङबाट काठमाडौं जाने र काठमाडौंबाट ताप्लेजुङ आउने यात्रु प्रभावित भएका थिए। मौसममा क्रमशः सुधार आएपछि सोमबारदेखि उडान पुनः सञ्चालन गरिएको नेपाल वायु सेवा निगम ताप्लेजुङ स्टेसन इन्चार्ज नारायणकुमार कार्कीले जानकारी दिए।

सोमबार ताप्लेजुङबाट ५ जना यात्रु काठमाडौं प्रस्थान गरेका थिए भने काठमाडौंबाट १३ जना यात्रु ताप्लेजुङ आएका थिए।

दसैं-तिहार नजिकिँदै गर्दा हवाई सेवा सञ्चालनमा आएपछि पर्व मनाउन घर फर्कने तथा आवश्यक कामका लागि जिल्ला बाहिरिने यात्रुलाई सहज हुने अपेक्षा गरिएको छ। पर्यटकीय मौसमसमेत सुरु भएका बेला उडान पुनः सञ्चालन हुँदा ताप्लेजुङका यातायात तथा होटल व्यवसायी पनि उत्साहित भएका छन्।

यसअघि साताको सोमबार, बुधबार र शुक्रबार उडान हुँदै आएकोमा अब सोमबार, बिहीबार र शनिबार उडान हुने भएको छ। निगमका अनुसार ताप्लेजुङबाट काठमाडौं जाने यात्रुका लागि १२ हजार ७० तथा काठमाडौंबाट ताप्लेजुङ आउने यात्रुका लागि १२ हजार २७० रुपैयाँ भाडादर निर्धारण गरिएको छ।

# लिट्मसद्वारा ‘पावर पार्टनर्स मिट’ आयोजना




काठमाडौं। लिट्मस इन्डस्ट्रिज लिमिटेडले नेपालको ऊर्जा क्षेत्रका सरोकारवालाहरूलाई समेटेर काठमाडौंमा पहिलोपटक ‘लिट्मस पावर पार्टनर्स मिट २०२६’ आयोजना गरेको छ। कार्यक्रममा जलविद्युत्, सौर्य ऊर्जा, इन्जिनियरिङ, खरिद तथा निर्माण (ईपीसी) र परामर्श क्षेत्रका प्रतिनिधिहरूको सहभागिता रहेको थियो।

‘साथ, सम्बन्ध र विश्वास’भन्ने मूल नाराका साथ आयोजना गरिएको कार्यक्रममा नेपालको ऊर्जा क्षेत्रका पछिल्ला विकासक्रम, चुनौती तथा उदीयमान अवसरबारे छलफल गरिएको थियो। कार्यक्रममा सहकार्य, प्रविधिको विकास, उत्पादनको गुणस्तर तथा भरपर्दो र दिगो ऊर्जा पूर्वाधार निर्माणका विषयलाई प्राथमिकताका साथ उठाइएको थियो।

कार्यक्रममा स्थापित तथा नयाँ जलविद्युत् कम्पनी, सौर्य ऊर्जा विकासकर्ता, ईपीसी कम्पनी, परामर्शदाता तथा उद्योगसँग सम्बन्धित इपान लगायतका संस्थाका प्रतिनिधिहरू सहभागी थिए।

उक्तकार्यक्रममा लिट्मस इन्डस्ट्रिजले आफ्ना उत्पादनहरूको विस्तृत श्रृंखला प्रस्तुत गर्नुका साथै नेपाली बजारमा दुई नयाँ कन्डक्टर प्रविधि पनि सार्वजनिक गरेको छ। कम्पनीले एचटीएलएस, कन्डक्टर र एल-५९कन्डक्टर नेपालीबजारमा प्रस्तुत गरेको हो। यी उत्कृष्ट कन्डक्टर प्रविधिको सुरुवातले लिट्मस इन्डस्ट्रिजको उत्पादन पोर्टफोलियोलाई थपविस्तार गर्नुका साथै नेपालको प्रसारण तथा वितरण क्षेत्रका आवश्यकतालाई सम्बोधन गर्न सहयोग पुग्ने कम्पनीले जनाएको छ।

लिट्मस इन्डस्ट्रिज लिमिटेडका प्रबन्धनिर्देशक रोहित गुप्ताले नेपालको ऊर्जा क्षेत्रका विभिन्न पक्ष बीच बलियो साझेदारी निर्माणको महत्वमा जोड दिएका थिए। नेपालको ऊर्जा क्षेत्र निरन्तर विकसित भइरहेका बेला भरपर्दो, प्रभावकारी र दिगो विद्युत् पूर्वाधार निर्माणका लागि सरोकारवाला बीचको सहकार्य आवश्यक रहेको उनले बताए। रमेश कर्प अन्तर्गत सन् १९७७ मा स्थापना भएको लिट्मस इन्डस्ट्रिज नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादनको क्षेत्रमा लामो समयदेखि सक्रिय रहँदै आएको छ। नेपालमा तार, केबल तथा कन्डक्टर उत्पादन गर्ने यो प्रमुख कम्पनीका उत्पादनहरू विद्युत् प्रसारण, वितरण तथा विभिन्न पूर्वाधारका क्षेत्रमा प्रयोग हुँदै आएका छन्।


**Sangurigadhi Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Bhedetar, Dhankuta**

**Invitation for Sealed Quotation for the procurement of Supply of Stationary and official Goods**

**Sealed Quotation No: SRM/Goods/01/083/084**

**Date of first Publication: 2083.06.13**

1. The Sangurigadhi Rural Municipality invites sealed quotations from registered Suppliers for the supply, delivery and installation of stationary and official goods.The Estimated Amount for supply of goods is NPR 1999537.00 with VAT.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta.
3. A complete set of Bidding Documents may be purchased from the office of Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta. by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2083.06.19 during office hours in the following account:

   Name of the Bank: Nabil Bank Ltd. | Name of Office: Sangurigadhi Rural Municipality
   Office Code no. : 801010607 | Office Account no.: 21101017500058
   Rajaswa (revenue) Shirshak no. : 14229
4. Sealed bids must be submitted to the office of Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta by hand on or before 12:00 on 2083.06.20. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 1:00pm on 2083.06.20 at the office of Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 45000.00 which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Deposit Account No. 21101017500037 at Nabil Bank, Bhedetar and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

**Chief Administrative Officer**



## सवारी साधन बिक्रीमा

**प्रथम पटक प्रकाशित मिति २०८३/०६/१३**

यस बैंकको नाममा रहेका तपसिलमा उल्लेखित दुई पाङ्गे सवारी साधनहरु जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्रद्वारा बिक्री गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। बैंकको नाममा रहेका सवारी साधन लिन इच्छुक महानुभावहरुलाई यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकको केन्द्रीय प्रशासन विभाग बानेश्वर (देवी टावर, बानेश्वर, काठमाण्डौं) तथा सम्बन्धित शाखा कार्यालयमा कार्यालय समय भित्र आई पुग्ने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन सूचित गरिन्छ। बैंकको शाखा कार्यालयमा प्राप्त बोलपत्रहरु बैंकको बानेश्वर (देवी टावर) काठमाण्डौं स्थित कार्यालयमा ल्याई पुऱ्याउनको लागि केही समय लाग्न सक्ने भएकोले प्राप्त बोलपत्रहरु खोल्ने समयको बारेमा बोलपत्रदाताहरुलाई पछि छुट्टै जानकारी गराईने छ। उक्त समयमा बोलपत्रकर्ता स्वयं वा निजको आधिकारिक प्रतिनिधिहरुलाई तोकिएको मिति, समय र स्थानमा उपस्थित हुन समेत सूचित गरिएको छ। बोलपत्र खोल्ने दिन बिदा पर्न गएमा लगतै कार्यालय खुलेको अर्को दिन बोलपत्र खोलिने व्यहोरा सूचित गरिन्छ। बोलपत्र सम्बन्धी सम्पूर्ण विवरणहरु तथा शर्तहरु बोलपत्र फारममा उल्लेख भए बमोजिम हुनेछ। बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालयको खाता नं. **००९०१३७१३००११४ (BID DOCUMENT PURCHASE PARKING ACCOUNT)** मा रू.५००/- प्रति फारम जम्मा गरी बानेश्वर (देबी टावर) काठमाडौं तथा उल्लेखित शाखा कार्यालयहरुबाट खरिद गर्न सकिनेछ। प्राप्त प्रस्तावहरु बैंकले बिना कुनै कारण दर्शाई स्वीकार वा अस्विकार गर्न सक्नेछ।

**सवारी साधनको विवरण**

| क्र.सं. | सवारी साधनहरुको विवरण | | | सवारी साधन निरिक्षण गर्ने स्थान | कार्यलयको सम्पर्क नं. |
|---|---|---|---|---|---|
| | सवारी साधनहरुको विवरण | बनेको साल | सवारी साधनहरुको दर्ता नम्बर | | |
| 1 | HONDA UNICON BIKE GA 10 PA 2647 | 2015 | Ga 10 Pa 2647 | BANDIPUR BRANCH | 977-65-520180 |
| 2 | YAMAHA SZRR# | 2017 | Ma 2 Pa 603 | BAUNIYA BRANCH | 977-91-404149 |
| 3 | YAMAHASZRR#BLAK/RED | 2016 | Ma 2 Pa 3447 | BELAURI BRANCH | 977-99-580412 |
| 4 | HERO HONDA PBBL/002/VEC/02 | 2014 | Ko 19 Pa 4967 | BELBARI BRANCH | 977-21-434391 |
| 5 | YAMAHA SZRR#BLACK/GR | 2016 | Ma 2 Pa 4289 | BELDANDI BRANCH | 9801397754 |
| 6 | BIKE GA 12 PA 742 UNICORN | 2016 | Ga 12 Pa 742 | BHOTEWODAR BRANCH | 977-66-400025/6 |
| 7 | YAMAHA YBR-125 | 2012 | Ba 53 Pa 2908 | BIRGUNJ BRANCH | 977-051-528871/528820 |
| 8 | HONDA SHINE DSS- ME 6 PA 7545 BIKE | 2014 | Me 6 Pa 7545 | BIRTAMOD BRANCH | 977-23-535670/71/72 |
| 9 | SCOOTER GA 13 PA 4273 PLEASURE | 2017 | Ga 13 Pa 4273 | HEADOFFICE NMB | 015192054 |
| 10 | MOTORCYCLE | 2015 | Ma 2 Pa 1958 | DADELDHURA BRANCH | 977-96-420782/83 |
| 11 | YAMAHA YBR-125 | 2012 | Ma 2 Pa 501 | DHANGADI BRANCH | 977-91-417511/417637 |
| 12 | HONDA SHINE DSS VEH00127 | 2017 | Sa 9 Pa 2165 | GOLBAZAAR BRANCH | 977-033-540507 |
| 13 | YAMAHA MOTERCYCLE KDBL/GB/10040001 | 2017 | Ma 2 Pa 6380 | GULARIYA BRANCH | 977-99-412084 |
| 14 | Hero Honda Splendor BA 33 PA 9556 | 2007 | Ba 33 Pa 9556 | HEADOFFICE NMB | 015192054 |
| 15 | HONDA ISMART BIKE LU.18.PA.7975 | 2014 | Lu 18 Pa 7975 | JEETPUR BRANCH | 977-76-550156/157/187 |
| 16 | HONDA SHINE NA 29 PA 6970 | 2014 | Na 29 Pa 6970 | LIONS CHOWK NGT BRANCH | 920.0003357 |
| 17 | Motor Bike (Hero ) Super Splender | 2014 | Ko 18 Pa 8814 | MADHUMALLA BRANCH | 977-21-400052/400360 |
| 18 | GA 13 PA DISCOVER BIKE 150 CC | 2017 | Ga 13 Pa 2366 | MANAKAMANA BRANCH | 977-64-460247 |
| 19 | PULASR-180 GA 13 PA 2444 | 2017 | Ga 13 Pa 2444 | MANANG BRANCH | 977-66-440231 |
| 20 | LU 34 PA 4450 CB SHINE DSS (SE 5 PA 8853 NO. CHANGED) | 2017 | Se 5 Pa 8853 | MASURIYA BRANCH | 977-91-402128/129/130 |
| 21 | Shine Motercycle | 2010 | Lu 5 Pa 8033 | PAKADI BRANCH | 977-9857058897 |
| 22 | NEW BIKE#3020#YAHAMA | 2016 | Ma 2 Pa 3020 | PUNARBASH BRANCH | 977-99-560207 |
| 23 | OFFICE SCOOTER GA 8 PA 7468 | 2013 | Ga 8 Pa 7468 | GWARKO BRANCH | 977-1-5902315/314 |
| 24 | HONDA UNICORM GA 10 PA 8170 | 2015 | Ga 10 Pa 8170 | SAFA SADAK DAMAULI BRANCH | 977-65-565200/235/236 |
| 25 | YAMAHA SZRR# | 2017 | Ma 2 Pa 6037 | SUKHAD BRANCH | 977-91-403249 |
| 26 | HERO HONDA UNICORN BIKE | 2016 | Na 43 Pa 1983 | TANDI BRANCH | 977-56-560619/309 |
| 27 | HONDA UNICORN BA 83 PA 6929 VEH00131 | 2017 | Lu 38 Pa 6657 | TAMGAS BRANCH | 977-79-520806/520829 |
| 28 | HONDA UNICORN BA 90 PA 7944 VEH00138 | 2017 | Ba 90 Pa 7944 | GALCHI BRANCH | 977 010403165/66 |
| 29 | HONDA UNICORN ME 9 PA 6945 VEH00136 | 2017 | Me 9 Pa 6945 | MADHUMALLA BRANCH | 977-21-400052/400360 |
| 30 | HONDA BIKE | 2014 | Ga 10 Pa 1471 | ANBUKHAIRENI BRANCH | 977-65-540661/2 |
| 31 | BAJAJ DICOVER-150S + GA 14 PA 5955 | 2018 | Ga 14 Pa 5955 | ARUGHAT BRANCH | 977-64-410095/96 |
| 32 | HONDA UNICORN GA 10 PA 8172 | 2015 | Ga 10 Pa 8172 | BAGAR BRANCH | 977-61-581329/46 |
| 33 | BIKE HONDA UNICORN 9292 | 2015 | Ga 10 Pa 9292 | BANK ROAD GORKHA BRANCH | 977-64-421540/541 |
| 34 | HONDA SHINE 125CC VEH00128 GRN1159 | 2017 | Na . 49 Pa. 7263/ Ja- 10 Pa-7739 | BARDIBAS BRANCH | 977-44-550114 |
| 35 | MOTORCYCLE BAJAJ DISCOVER 150S VEH00106 | 2017 | Dha 1 Pa 6773 | BENI BRANCH | 977-69-521282 |
| 36 | NA50PA 2293- HONDA UNICORN | 2018 | Na 50 Pa 2293 | BHAIRAHAWA BRANCH | 977-71-572287/ 288 |
| 37 | UNICORN BIKE NA 44 PA 6616 | 2017 | Na 44 Pa 6616 | BHARATPUR BRANCH | 977-56-527257/287 |
| 38 | HONDA SHINE GA 11 PA 8832 FROM 001 | 2016 | Ga 11 Pa 8832 | BHIMAD BRANCH | 977-65-572200/572201 |
| 39 | BAJAJ PULSAR KO 33 PA 3335 VEH00145 | 2018 | Ko 33 Pa 3335 | BHOJPUR BRANCH | 977-29-420780/781 |
| 40 | AVITAR SCOOTOR BA 82 PA 6003, HONDA | 2017 | Ba 82 Pa 6003 | BOUDDHA BRANCH | 977-1-4911803/804 |
| 41 | HONDA-CB SHINE VEH00124 125CC- LU 36 PA 3063 | 2017 | Dha 1 Pa 7102 | BURTIBANG BRANCH | 977-68-410170/171/172 |
| 42 | NA50PA2414-CB SHINE | 2018 | Na 50 Pa 2414 | CHANAULI BRANCH | 977-56-592601/2 |
| 43 | CB UNICORN 160CC LU 31 PA 5885 | 2016 | Lu 31 Pa 5885 | CHANDRAUTA BRANCH | 977-76-540395/540396 |
| 44 | UNICORN BIKE GA 12 PA 7977 | 2017 | Ga 12 Pa 7977 | GALYANG BRANCH | 977 063-461030 |
| 45 | HONDA UNICORN BA 86 PA 9949 VEH00132 (NO. CHANGED NA 52 PA 6750) | 2017 | Na 52 Pa 6750 | KAWASWOTI BRANCH | 977-78-540781/540791 |
| 46 | HONDA UNICORN KO 31 PA 9373 VEH00133 | 2017 | Ko 31 Pa 9373 | KERABARI BRANCH | 977- 21-403006 |
| 47 | HONDA UNICORN ME 9 PA 7293 VEH00134 | 2017 | Me 9 Pa 7293 | LETANG BRANCH | 977-21-560625/560635 |
| 48 | BAJAJ PULSAR KO 33 PA 7169-150CC VEH00147 | 2018 | Ko 33 Pa 7169 | SALLERI BRANCH | 977- 38-520457 |
| 49 | Office Motorbike Hero Super Splender | 2015 | Ko 19 Pa 2342 | TARAHARA BRANCH | 977-25-475154 |
| 50 | BIKE #SAKCHYAM ASSETS TRF | 2017 | Ma 2 Pa 6362 | TIKAPUR BRANCH | 977-91-560165 |

उपरोक्त सवारी साधन चेक(जाँच गर्न चाहनु हुने महानुभावहरुले माथि उल्लेखित शाखाहरुमा कार्यालय समय भित्र आई सम्पर्क राख्न हुन अनुरोध गर्दछौं।
यस बोलपत्र सम्बन्धी कुनै विवाद सृजना भएमा अन्तिम निर्णय गर्ने अधिकार बैंकमा निहित रहनेछ।

*पुनश्चः उपरोक्त सवारी साधनहरु नामसारी गर्दा लाग्ने कर दस्तुर, लगायत अन्य सम्पुर्ण खर्चहरु सम्बन्धित सवारी साधनको खरीदकर्ताले स्वंय व्यहोर्नु पर्ने छ।*

बोलपत्र खोल्ने मिति, स्थान र समय पछि छुट्टै जानकारी गराईने छ।

**एनएमबि बैंक लिमिटेड**
**केन्द्रीय प्रशासन विभाग**
**बानेश्वर (देवी टावर) काठमाडौं, नेपाल।**
**फोन नं. ०१–५१९२०४९ Ext.No. १३३ / १३४**

NMB BANK एनएमबि बैंक समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of Global Alliance for Banking on Values

२० औं एसियाड

# ८०० मिटरमा सोम कुमालले तोडे आफ्नै राष्ट्रिय कीर्तिमान

■ सौर्य समाचार

काठमाडौं । जापानमा जारी २०औं एसियाली खेलकुदअन्तर्गत एथलेटिक्सको पुरुष ८०० मिटर दौडमा नेपालका सोमबहादुर कुमालले आफ्नै नाममा रहेको राष्ट्रिय कीर्तिमान सुधार गरेका छन् ।

कुमालले ८०० मिटरको दुरी १ मिनेट ४८.९५ सेकेन्डमा पूरा गर्दै नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका हुन् । यसअघि ८०० मिटरमा उनको नाममा १ मिनेट ४९.५५ सेकेन्डको राष्ट्रिय कीर्तिमान थियो । नयाँ समयसँगै उनले आफ्नै पुरानो कीर्तिमानमा ०.६० सेकेन्ड सुधार गरेका छन् ।

एसियाली खेलकुदको एथलेटिक्सअन्तर्गत पुरुष ८०० मिटरको पहिलो चरणमा कुमाल पहिलो हिटमा सहभागी भएका थिए । उक्त हिटमा ७ खेलाडीले प्रतिस्पर्धा गरेका थिए । कुमाल १ मिनेट ४८.९५ सेकेन्डको समयसहित पाँचौं स्थानमा रहे ।

प्रतियोगितामा आफ्नो प्रदर्शन सुधार गर्दै राष्ट्रिय कीर्तिमान कायम गर्न सफल भए पनि कुमालको स्थान भने पहिलो चरण पार गर्न पर्याप्त हुन सकेन । यद्यपि, एसियाली खेलकुदजस्तो महादेशीय ठुलो प्रतियोगितामा उनले आफ्नै राष्ट्रिय कीर्तिमान सुधार गर्नु नेपाली एथलेटिक्सका लागि महत्त्वपूर्ण उपलब्धिका रूपमा रहेको छ ।

कुमालले यसअघि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा ८०० मिटरमा नेपालका लागि प्रतिस्पर्धा गर्दै आएका छन् । लामो समयदेखि ८०० मिटरमा नेपालको



प्रतिनिधित्व गर्दै आएका उनले यसअघि कायम गरेको आफ्नै कीर्तिमानलाई एसियाली खेलकुदको प्रतिस्पर्धामै सुधार गरेका हुन् ।

८०० मिटर दौडलाई छोटो दुरीको तीव्र गति र मध्यम दुरीको सहनशीलताको संयोजन आवश्यक पर्ने स्पर्धाका रूपमा लिइन्छ । यसमा सुरुआती गति कायम राख्दै अन्तिम चरणसम्म ऊर्जा व्यवस्थापन गर्न सक्ने क्षमता महत्त्वपूर्ण हुन्छ । कुमालले नयाँ राष्ट्रिय कीर्तिमान बनाउनु उनको तयारी र पछिल्लो प्रदर्शनमा आएको सुधारको संकेतसमेत हो ।

२०औं एसियाली खेलकुदमा नेपालले एथलेटिक्सतर्फ विभिन्न स्पर्धामा खेलाडी सहभागी गराएको छ । एथलेटिक्स नेपाली खेलकुदको नियमित सहभागिताको विधामध्ये एक हो । एसियाली स्तरमा बलिया खेलाडीहरूसँग प्रतिस्पर्धा गर्ने क्रममा राष्ट्रिय कीर्तिमान सुधार गर्नु नेपाली खेलाडीका लागि उल्लेखनीय उपलब्धि मानिन्छ ।

कुमालको नयाँ कीर्तिमानले नेपाली एथलेटिक्समा ८०० मिटरतर्फ थप सुधारको सम्भावना देखाएको छ । आफ्नो अघिल्लो कीर्तिमानलाई नै तोड्दै उनले अन्तर्राष्ट्रिय प्रतिस्पर्धामा व्यक्तिगत प्रदर्शन सुधार गर्न सफल भएका छन् ।

# प्रधानसेनापति ट्रफीमा १४ टोली, ८ खेल समावेश

■ सौर्य समाचार



काठमाडौं । नेपाली सेनाले आफ्ना प्रतिभावान् खेलाडी पहिचान तथा विकास गर्ने उद्देश्यले आयोजना गर्दै आएको प्रधानसेनापति ट्रफी-२०८३ प्रतियोगिता सुरु भएको छ । लगनखेलस्थित खेल मैदानमा आयोजित समारोहबीच प्रधानसेनापति महारथी अशोकराज सिग्देलले प्रतियोगिताको उद्घाटन गरेका हुन् ।

२०६५ सालदेखि सञ्चालन हुँदै आएको प्रतियोगितामा यस वर्ष नेपाली सेनाका पृतना तथा बाहिनीका १४ टोली सहभागी छन् । प्रतियोगितामा एथलेटिक्स, पौडी, बक्सिङ, तेक्वान्दो, भलिबल, बास्केटबल, फुटबल र जुडो गरी ८ खेल समावेश गरिएको छ ।

सेनाभित्र रहेका खेल प्रतिभाको पहिचान गरी उनीहरूको खेलकौशल विकास गर्ने तथा राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमा प्रतिस्पर्धा गर्न सक्ने खेलाडी उत्पादन गर्ने उद्देश्यले प्रधानसेनापति ट्रफी आयोजना हुँदै आएको नेपाली सेनाले जनाएको छ ।

प्रतियोगिताअन्तर्गत सोमबार भएको ५ किलोमिटर दौडमा महिलातर्फ मध्य पूर्वी पृतनाकी प्यूठ निर्मला केसी विजेता बनिन् । पुरुषतर्फ उत्तर पश्चिम पृतनाका सिपाही अर्जुन बुढाले पहिलो स्थान हासिल गरे ।

दौडका विजेता खेलाडीलाई प्रधानसेनापति महारथी सिग्देलले पुरस्कार वितरण गरे । उद्घाटन समारोहमा नेपाली सेनाका रथीवृन्द, अधिकृत, निर्णायक तथा विभिन्न खेल विधामा सहभागी खेलाडीको उपस्थिति थियो ।

# गीतकार संघको वार्षिकोत्सवमा नीर शाहसहित स्रष्टा सम्मानित



■ सौर्य समाचार

काठमाडौं । गीतकार संघ नेपालको १७औं वार्षिकोत्सवका अवसरमा वरिष्ठ गीतकार निर शाहसहित विभिन्न विधाका स्रष्टा तथा पत्रकार सम्मानित भएका छन् । काठमाडौंको भृकुटीमण्डपस्थित नेपाल पुलिस क्लबमा आइतबार आयोजित 'सम्मान तथा पुरस्कार समारोह एवं सांगीतिक कार्यक्रम'मा शाहलाई 'अमरभावना राष्ट्रिय स्रष्टा सम्मान' प्रदान गरिएको हो । उनलाई नगद १ लाख ५१ हजार रुपैयाँसहित सम्मानपत्र, माला र दोसल्ला प्रदान गरियो ।

५ दशकभन्दा लामो समयदेखि नेपाली कला क्षेत्रमा सक्रिय शाहका 'बादल बनाई देऊ', 'गहिराइमा डुब्दै नडुब', 'पर्खी बसेँ आउला भनी' र 'तिमीसँग डुंगामा घुम्दै फेवाताल' लगायत गीत चर्चित छन् ।

समारोहमा विदेशमा रहेर पनि नेपाली गीत लेखनमा सक्रिय नीलम आङ्बुहाङ राईलाई नगद १५ हजार रुपैयाँसहित 'डायस्पोरा गीतकार सम्मान' प्रदान गरियो । लोहोरुङ राई भाषामा गीत लेखन तथा सिर्जनामा योगदान पुऱ्याएका नइन्द्र लोहोरुङ राईलाई नगद २५ हजार २५२ रुपैयाँसहित 'विष्णु मन्सरा घले मातृभाषा गीतकार सम्मान' प्रदान गरिएको थियो ।

त्यस्तै, गीतकार सुशीला पौडेल र अरुण तिवारीलाई जनही १५ हजार रुपैयाँसहित 'हरिभक्त बुढाथोकी प्रतिभा गीतकार सम्मान-२०८२' प्रदान गरियो । हिमालय टाइम्सका उपसम्पादक तथा वरिष्ठ पत्रकार कृष्ण भुसाललाई नगद ५ हजार ५५५ रुपैयाँसहित 'गीतकार संघ नेपाल पत्रकारिता सम्मान-२०८२' प्रदान गरिएको थियो । पुरस्कारतर्फ 'जगतमर्दन थापा वर्ष गीति पुस्तक पुरस्कार-२०८२' कल्पना खरेलको 'नन्दिनी' र ज्ञानेन्द्र गदालको 'भोलिको आश उज्यालो प्रकाश' कृतिलाई संयुक्त रूपमा प्रदान गरियो । पुरस्कारको राशि ५७ हजार रुपैयाँ रहेको छ ।

'भैरवनाथ रिमाल (कदम) वर्ष गीत पुरस्कार' भने 'म तिम्रो नजरमा' गीतका लागि डम्बर याक्सो र 'भुल्न सकिनँ' गीतका लागि प्रबल विष्टलाई संयुक्त रूपमा प्रदान गरियो । उनीहरूले पनि ५७ हजार रुपैयाँ पुरस्कार प्राप्त गरे ।

समारोहको सांगीतिक सत्रमा अग्रज गीतकारका १० कालजयी गीत चर्चित गायक-गायिकाले प्रत्यक्ष प्रस्तुत गरे । वरिष्ठ संगीतकार अशोककुमार राईको संगीत संयोजनमा १५ जना वाद्यवादकको टोलीले लाइभ संगीत प्रस्तुत गरेको थियो ।

जगदीश समालले निर शाहको 'गहिराइमा डुब्दै नडुब', सञ्जय तुम्रोकले डा.भोला रिजालको 'मेरो पौवा पाटीलाई' तथा योगेन्द्रमणि दाहालले 'बादलहरू हो' प्रस्तुत गरे । अशोक मुकारुङले दिवंगत स्रष्टा गणेश रसिकप्रति श्रद्धाञ्जलीस्वरूप 'धेरै सम्झे धेरै हुन्छ' प्रस्तुत गरे भने रूपक चौधरी र बिनुषा राईले एसपी कोइरालाको 'धडकनभित्र लुकाइदेऊ न' गाए ।

निशा देसारले अमर बान्तुको 'आमा', माण्डवी त्रिपाठीले वसन्त चौधरीको 'मेरो प्यारो मान्छे', बालगायक प्रेम परियारले डा. कृष्णहरि बरालको 'मर्ने कसैलाई रहर हुँदैन', सुमित खड्काले चूडामणि देवकोटाको 'तिम्रो पनि रगत' तथा गणेश पराजुलीले शुभ मुकारुङको 'तिमीले मलाई छाडिगए' प्रस्तुत गरे ।

संघका अध्यक्ष वसन्त बित्यासी थापाले स्वागत मन्तव्यका क्रममा भदौ १० को विनाशकारी बाढीपहिरोका कारण वार्षिकोत्सव कार्यक्रम केही ढिलो आयोजना गर्नुपरेको बताए । उनले कार्यक्रमको बजेटबाट १ लाख १५ हजार रुपैयाँ प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा सहयोग गरिएको जानकारी दिए ।

# अम्बर गुरुङ स्मृति संगीत पुरस्कार शम्भुजीत बाँस्कोटालाई

काठमाडौं । संगीतकार, गायक तथा गीतकार अम्बर गुरुङको स्मृतिमा स्थापित 'अम्बर गुरुङ स्मृति संगीत पुरस्कार' यस वर्ष वरिष्ठ संगीतकार, गायक तथा गीतकार शम्भुजीत बाँस्कोटालाई प्रदान गरिएको छ ।

दार्जिलिङको मिरिकस्थित लभ एन्ड सपोर्ट फाउन्डेसन तथा अम्बर गुरुङ सालिक निर्माण संरक्षण समितिले बाँस्कोटालाई भारतीय रुपैयाँ ५१ हजार १११ नगद र ताम्रपत्रसहित पुरस्कार प्रदान गरेको हो ।

मिरिकमा आइतबार आयोजित कार्यक्रममा फाउन्डेसनका अध्यक्ष कैलाश राई, सचिव डी. के. गिरी, प्रमुखअतिथि गोविन्द सिंह क्षेत्री तथा संस्थापक अध्यक्ष मनोज राईलगायतले बाँस्कोटालाई सम्मान गरिएको संस्थाद्वारा जारी विज्ञप्तिमा जनाइएको छ ।

नयाँ पुस्तामाझ अम्बर गुरुङका कालजयी धुन तथा सिर्जनालाई स्मरण र संरक्षण गर्ने उद्देश्यले आयोजित सांगीतिक कार्यक्रममा बाँस्कोटालाई पुरस्कारसहित सम्मान गरिएको हो । विज्ञप्तिमा भनिएको छ, 'हाम्रा स्रष्टा-सर्जकलाई सम्मान गर्नु केवल एउटा कार्यक्रम होइन, उनहरूको सिर्जनायात्राप्रति हाम्रो कृतज्ञता र नेपाली कला संस्कृतिप्रतिको सम्मान पनि हो । यस्ता कार्यक्रम एवं मान-सम्मानले नेपाली कला र संस्कृतिलाई आगामी पुस्तामाझ पनि सुपरिचित गराउँदै लैजानेछ ।'

सन् १९७१ मा संगीत निर्देशक तथा गायकका रूपमा व्यावसायिक सांगीतिक यात्रा सुरु गरेका बाँस्कोटाले नेपाली संगीत, चलचित्र, टेलिभिजन तथा सांस्कृतिक क्षेत्रमा ५ दशकभन्दा लामो समयदेखि योगदान पुऱ्याउँदै आएका छन् ।

उनले ३६४ भन्दा बढी नेपाली चलचित्रमा संगीत निर्देशन गरेका छन् भने २ हजारभन्दा बढी गीतमा संगीत सिर्जना गरेका छन् ।


"कृषि, पर्यटन र पूर्वाधारः रामप्रसादराई गाउँपालिकाको समृद्धिको आधार"

**रामप्रसादराई गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**बैकुण्ठे, भोजपुर**
**कोशी प्रदेश, नेपाल**

**नदीजन्य पदार्थको बिक्री कर संकलन कार्यको लागि शिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी ७(सात) दिने सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१३**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ (च) र दफा ११ को (घ) को (६) को व्यवस्था बमोजिम तपसिलमा उल्लेखित खोलाहरुको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी रामप्रसादराई गाउँपालिकाले तोकेको दरमा बिक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईच्छुक फर्म वा कम्पनीहरुले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको प्रमाण र नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपीहरु साथै अन्य आवश्यक कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधिनमा रही शिलबन्दी दरभाउपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

**तपसिलः**

| सि. नं | सूचना नं. र शिलबन्दी दरभाउपत्र नं. | शिलबन्दी दरभाउपत्रको नाम | उत्खनन् परिमाण (घन मि.) | न्यूनतम शिलबन्दी दरभाउपत्र रकम (सेवाशुल्क र मू.अ. कर बाहेक) | धरौटी रकम | शिलबन्दी दरभाउपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | 01/REV/RPRRMUN/ 2083/084 | पिखुवा-बेहेरे दोभान उत्तर संक्षिप्त वातावरणीय प्रतिवेदनमा उल्लेखित पिखुवा खोलाको क्षेत्रबाट खोलाजन्य पदार्थ उत्खन्न,संकलन र बिक्रीको शूल्क असुली सम्बन्धी कार्य | ६५५१.७० | १६,१९,८४३/- | कबोल गरेको रकमको ५% | १,०००/- |

**ठेक्का सम्बन्धी शर्त तथा बन्देजहरु**

१. फर्म वा कम्पनीले नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.व. २०८२/०८३ को करचुक्ता प्रमाणपत्र वा म्याद थप गरिएको प्रमाण प्रमाणित प्रतिलिपी, शिलबन्दी दरभाउपत्र फाराम दस्तुर बापत यस कार्यालयमा नगदै तिरेको वा NIC ASIA Bank, शाखा कार्यालय बैकुण्ठेमा रहेको यस कार्यालयको आन्तरिक राजस्व खाता नं.: २१५२०५००२८९९०००२ (ग.१.१आन्तरिक राजश्व खाता-रामप्रसादराई गाउँपालिका) मा जम्मा गरेको नगद भौचर साथ निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशन भएको मितिले ७ (सात)औं दिनको कार्यालय समयभित्र शिलबन्दी दरभाउपत्रदाताले रामप्रसादराई गाउँ कार्यपालिकाको कार्यालयबाट शिलबन्दी दरभाउपत्र फाराम खरिद गर्नुपर्नेछ । तोकिएको शिलबन्दी दरभाउपत्र दस्तुर यस कार्यालयमा वा यस कार्यालयको बैंक खातामा माथि उल्लेखित खाता नं. मा जम्मा गरेको भौचरलाई शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ । शिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगतै पछिको कार्यालय खुल्ने दिन उल्लेखित कार्य हुनेछ ।

२. शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । माथि उल्लेखित धरौटी रकम यस कार्यालयको NIC ASIA BANK, शाखा कार्यालय बैकुण्ठेमा रहेको धरौटी खाता नं.: L५CA०५२५७०२५२४०१ (ग.३-धरौटी खाता-रामप्रसादराई गाउँपालिका) मा जम्मा गरी सोको सक्कल बैंक भौचर वा नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त कमर्सियल बैंक वा फाइनान्सियस इन्टिच्युटबाट यस कार्यालयको नाममा शिलबन्दी दरभाउपत्र नं. र नाम उल्लेख गरी कम्तिमा ९० दिनको म्याद सहित जारी गरिएको बिडबण्ड पेश गर्नु पर्नेछ ।

३. खरिद गरेको शिलबन्दी दरभाउपत्र फारामहरुमा उल्लेख भएका सबै विवरणहरु भरी शिलबन्दी दरभाउपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी प्रथम पटक सूचना प्रकाशित भएको मितिले ८ (आठ)औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयमा पेश गर्नु पर्नेछ ।

४. एक फर्म वा कम्पनीको नाममा खरिद गरिएको शिलबन्दी दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाइने छैन । रीत पूर्वक पर्न आएका शिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १४:०० बजेदेखि विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिनेछ । साथै शिलबन्दी दरभाउपत्रदाता वा निजको प्रतिनिधिहरु समयमा उपस्थित नभएमा शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्नेछैन । उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगतै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

५. शिलबन्दी दरभाउपत्र सम्बन्धी विस्तृत जानकारी शिलबन्दी दरभाउपत्र सम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ । म्याद नाघी, रीत नपुगी वा शर्त सहित पेश हुन आएका शिलबन्दी दरभाउपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. शिलबन्दी दरभाउपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ (पन्ध्र) दिनभित्र मू.अ.कर दर्ता प्रमाणपत्र समेत लिई कबोल अंकको प्रथम किस्ता बापत ५० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनु पर्नेछ । दोस्रो किस्ता बापत ५० प्रतिशतले हुन आउने रकम नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त वाणिज्य बैंक वा फाइनान्सियल इन्स्टिच्युटबाट यस कार्यालयको नाममा २०८४ साल जेठ मसान्तसम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोण्ड) समेत पेश गरी पट्टा उठाउनु पर्नेछ । साथै कबोल गरेको अंकको रकम एकमुष्ट गाउँपालिकालाई बुझाएमा १० प्रतिशत सम्म छुट दिइनेछ र शिलबन्दी दरभाउपत्र गर्ने फर्मले आफूले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थप १३% भ्याट रकम समेत यस कार्यालयमा बुझाउनु पर्नेछ । नियमानुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर शिलबन्दी दरभाउपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

७. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार शिलबन्दी दरभाउपत्र बन्दोबस्त गरिनेछ । यस गाउँपालिकाका नदी तथा नदीहरुको उत्खनन् क्षेत्र र उत्खनन् परिमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन, २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानुन, प्रदेश कानुन तथा प्रचलित कानुन वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट गरिएको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन यस शिलबन्दी दरभाउपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**


सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । अध्यक्ष तथा प्रधानसम्पादक : बोधराज त्रिपाठी । सम्पादक : खेम भण्डारी । कार्यालय, पानीपोखरी, काठमाडौं । फोनः ०१४५२०१९५ । पो.बनं.: १०३७८, इमेलः info@souryadaily.com । मुद्रणः एक्सप्रेस कलर प्रेस, बुद्धनगर